



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
# कान्तिपुर
ekantipur.com
वर्ष ३४ अंक १२४ काठमाडौं | ८ असार २०८३ सोमबार ज्येष्ठ शुक्लपक्ष अष्टमी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Monday, June 22, 2026 | पृष्ठ १० | १० रुपैयाँ

### रास्वपा महाधिवेशनमा रवि-वालेन्द्रको सन्देश

# गणतन्त्रमा प्रतिबद्ध, पार्टीमा एकढिक्का

**संविधान तथा लोकतान्त्रिक गणतन्त्र, शासन पद्धति, संघीयताका विषयमा सभापति लामिछाने र वरिष्ठ नेता शाह दुवैले सम्बोधन गरे, लामिछानेले प्रधानमन्त्रीमा पाँचै वर्ष शाह रहने प्रस्ट्याए, शाहले पार्टीमा कुनै पक्ष-विपक्ष नहुने उद्घोष गरे**

**गौरव पोखरेल** (चितवन)

चितवनको भरतपुरस्थित रास्वपाको महाधिवेशन स्थलमा आइतबार अपराह्न सवा ३ बजे प्रधानमन्त्री वालेन्द्र शाह गाडी हाँकेर आइपुगे । त्यही गाडीबाट सभापति रवि लामिछाने ओर्लिए । यस दृश्यले धेरैको ध्यान खिच्यो । गाडीको स्टेयरिङमा प्रधानमन्त्री शाह र छेवैको सिटमा पार्टी सभापति लामिछाने देखिएका थिए ।

चार वर्षअघि पार्टी दर्तापछि पहिलो सभा गरेको जिल्ला फर्किएर नीति र नेतृत्व चयनका लागि तोकिएको स्थल आइपुग्दा लामिछाने र शाहलाई झरीले स्वागत गर्‍यो । दुई नेता एकसाथ देखिनासाथ समर्थकले 'हुटिङ' गरे । छाता ओढेर लामिछाने र शाह महाधिवेशनस्थल प्रवेश गरे ।

पहिलो महाधिवेशन उद्घाटन समारोहमा रास्वपालाई शुभकामना दिन विभिन्न दलका नेता आइपुगेका थिए । उनीहरूले रास्वपाको विचार, सरकार सञ्चालन शैली, भूराजनीतिक सन्तुलन, गुटबन्दीदेखि दुई नेताबीच हुन सक्ने टकरावको प्रसंग निकाले, कतिपय विषयमा प्रश्न उठाए । गएको आमनिर्वाचनमा प्राप्त जनादेशलाई सदुपयोग गर्न पनि उनीहरूले सुझाव दिए । अन्य दलका नेताले राखेका चासोमा रास्वपा सभापति लामिछाने र प्रधानमन्त्री तथा पार्टीका वरिष्ठ नेता शाहले प्रस्ट पारे । खासगरी वर्तमान संविधान तथा लोकतान्त्रिक गणतन्त्र, शासन पद्धति, संघीयताका विषयमा दुवै नेताले आफ्नो योजना र नीतिबारे अभिव्यक्ति दिए । बाँकी पृष्ठ २

**रवि लामिछाने**
रास्वपा सभापति

- भटाभट गोल हान्ने जिम्मा प्रधानमन्त्री वालेन्द्र शाहजीको हुनेछ, उहाँले त्यसको निरन्तरता दिइरहनुभएको छ, झुक्किएर त्यो बल आएछ भने पनि त्यसलाई त्यही खुट्टामा पास गर्ने जिम्मा मेरो हो
- देश रास्वपाको हातमा छ, देश सुरक्षित छ, लोकतन्त्रका स्थायी मान्यता, शक्ति पृथकीकरणका मान्यता, संघीय लोकतान्त्रिक गणतन्त्र, नागरिक हक अधिकार, मानवअधिकारको प्रत्याभूति समतामूलक समाज, समावेशितालगायतका थुप्रै हामीलाई अघिल्लो पुस्ताले दिएका अमूल्य उपहार हुन्, हामी जगेर्ना गर्नेछौं
- राष्ट्रिय राजनीतिमा आफ्नो दल मात्र ठीक भएर हुँदैन, कांग्रेस र एमालेभित्र कहीं न कहीं केही अप्ठ्यारा देखिएका छन्, त्यो दलका अप्ठ्यारा सुल्झिएनन् भने समग्र देशलाई अप्ठ्यारो बन्न सक्छ

**एजेन्डा र प्रतिबद्धता**



चितवनमा भइरहेको रास्वपा पहिलो महाधिवेशनको उद्घाटन समारोहमा आइतबार पार्टी सभापति रवि लामिछाने र वरिष्ठ नेता एवं प्रधानमन्त्री वालेन्द्र शाह हात मिलाउँदै । तस्बिर : अंगद ढकाल/कान्तिपुर

**वालेन्द्र शाह**
प्रधानमन्त्री एवं रास्वपाका वरिष्ठ नेता

- जनताको मत हावा जस्तो हो, कहिले यताबाट चल्छ, कहिले उताबाट चल्छ भनेर भनिरहनुभएको छ, हामी हावाबाट चलेका छैनौं, हामीले त बाढी ल्याएर खोला फर्काएको हो, खोला एक पटक सिधा बाटोमा फर्किसकेपछि निरन्तर त्यही बाटो हिँड्छ, हावा जस्तो पूर्व, पश्चिम, उत्तर, दक्षिणतर्फ जाँदैन
- यो सरकार लोकल रुटमा हिँडेको गाडी होइन, 'एक्सप्रेस' रुटमा हिँडेको गाडी हो, गन्तव्यमा पुगेपछि मात्रै 'ब्रेक' लाग्छ
- पहिला ब्रिटिसले राज गर्दाखेरिको प्रमाण ल्याउनुपर्छ भने ल्याउँछौं भनेका हौं, हामीले ब्रिटिसलाई मध्यस्थकर्ता राख्न खोजेका हैनौं, हामी हाम्रो छिमेकीसँग आफैं कुरा गरेर मिलाउँछौं
- अख्तियारलाई ५ घण्टा मात्रै होइन, आवश्यक परे ५ वर्षसम्म पनि सोधपुछ गर्छौं

**2026 FOOTBALL WORLD CUP**
UNITED STATES - CANADA - MEXICO

**खेल तालिका**

- अर्जेन्टिनाविरुद्ध अस्ट्रिया — ८ असार, २२:४५ बजे
- फ्रान्सविरुद्ध इराक — ९ असार, ०२:४५ बजे
- नर्वेविरुद्ध सेनेगल — ९ असार, ०५:४५ बजे
- जोर्डनविरुद्ध अल्जेरिया — ९ असार, ०८:४५ बजे

XTREME ENERGY DRINK

**भित्र**

- 'कमेडी दरबार' मा सेन्सरसिप विवाद
- इरान मामिलामा ट्रम्पको निर्णयप्रति अधिकांश अमेरिकी असन्तुष्ट
- बैंकको ब्याज घट्दा बिमा कारोबार बढ्यो

# रास्वपाको प्रायः पदमा प्रतिस्पर्धाकै सम्भावना

**सभापतिमा रवि लामिछाने र वरिष्ठ नेतामा वालेन्द्र शाह सर्वसम्मत हुने निश्चित**

**जयसिंह महरा** (चितवन)

रास्वपामा सभापति र वरिष्ठ नेता सर्वसम्मत चयन हुने निश्चित भए पनि बाँकी पदाधिकारी र ९९ केन्द्रीय सदस्य पदमा भने प्रतिस्पर्धा हुने देखिएको छ । प्रतिस्पर्धा हुने निश्चित भए पनि स्वस्थ र स्वच्छ होस् भन्ने कामना पार्टी सभापति रवि लामिछाने र वरिष्ठ नेता तथा प्रधानमन्त्री वालेन्द्र शाहले गरेका छन् ।

आइतबार महाधिवेशनको उद्घाटन सत्रमा लामिछाने र शाहले पार्टीभित्र गुटबन्दी गरेर नेतृत्वमा पुग्ने, अस्वस्थ प्रतिस्पर्धा गर्ने काम भए पुराना दलहरूकै हविगत हुने चेतावनी दिएका छन् । त्यो प्रवृत्ति स्वीकार्य नहुने भनी तल्लो तहका नेताहरूलाई सचेत गराएका छन् । रास्वपामा तीन उपसभापति एक खुला, एक महिला र एक मनोनीत हुनेछन् । खुला उपसभापतिमा स्वर्णिम वाग्ले प्रबल दाबेदार रहेको रास्वपाका नेताहरू बताउँछन् ।

अर्थमन्त्री र पार्टीमा तेस्रो वरीयतामा रहेका उनीविरुद्ध कसैले उम्मेदवारी नदिने सम्भावना देखिएको नेताहरूको अनुमान छ । 'सभापतिमा रवि लामिछाने, वरिष्ठ नेतामा वालेन्द्र शाह सर्वसम्मत हुने निश्चित देखिन्छ । खुला उपसभापतिमा स्वर्णिम वाग्लेसँग प्रतिस्पर्धा गर्ने हालसम्म कोही पनि देखिएका छैनन् । उहाँ पनि सर्वसम्मत हुने सम्भावना प्रबल छ,' पार्टीका एक नेताले भने, 'यस्तो अवस्थामा पदाधिकारीमध्ये महिला उपसभापति, महामन्त्री र सहमहामन्त्रीमा चुनाव हुने सम्भावना छ ।'

पार्टी सभापति लामिछाने र वरिष्ठ नेता शाहले पदाधिकारी सर्वसम्मत चयन गर्ने गृहकार्य थालिसकेका छन् । 'महिला उपसभापति, महामन्त्री र सहमहामन्त्री पदमा सहमतिको प्रयास भइरहेको छ,' छलफलमा सहभागी एक नेताले भने, 'सहमति जुट्ने र निर्वाचन हुने दुवै सम्भावना बराबरी छ ।'

महिला उपसभापतिमा चुनाव भए कानुनमन्त्री सोविता गौतम, कोषाध्यक्ष लिमा अधिकारी, सामान्य प्रशासनमन्त्री प्रतिभा रावल सम्भावित उम्मेदवार रहेको नेताहरू बताउँछन् । उपसभापति वा महामन्त्रीमध्ये एक पदमा डा. तोसिमा कार्की सम्भावित उम्मेदवार रहेको बताइएको छ । बाँकी पृष्ठ २

**भूराजनीतिक सन्तुलन र फरक विचारलाई सम्मान गर्न विपक्षीको सुझाव**
पृष्ठ २

# १३ वर्षदेखि पत्रिका बेचेर आत्मसम्मान कमाइरहेका कृष्ण

**जन्मजात बोल्न र सुन्न नसक्ने उनको मिहिनेत र संघर्ष पोखरामा धेरैका लागि उदाहरणीय बनेको छ**

**आरती पौडेल** (काठमाडौं)

अधिकांश मानिस दिनको सुरुवात गर्ने तयारीमा लाग्दै गर्दा कृष्ण थापा पत्रिकाको थाक बोकेर पोखराका सडक चहार्न थालिसकेका हुन्छन् । नयाँबजार, न्युरोड, चिप्लेढुंगा, पृथ्वीचोक, सिर्जनाचोक, लेकसाइड, रत्नचोक हुँदै राष्ट्र बैंक चोक, बिरौटा र पुरानो एयरपोर्ट उनको दैनिक रुट हो । जहाँका चोक र गल्लीमा १३ वर्षदेखि उनी पत्रिका बेचिरहेका छन् ।

उनी जन्मजात बोल्न र सुन्न नसक्ने शारीरिक अपांगता हुन् । उनको मिहिनेत र दृढ इच्छाशक्ति धेरैका लागि उदाहरणीय कर्म बनेको छ । संघर्ष, आत्मविश्वास र आत्मनिर्भरताले भरिएको उनको कथा धेरैका लागि विशेष पनि छ ।


पोखराको बगाले टोलमा सामान्य परिवारमा जन्मिएका कृष्ण जन्मजात नै बोल्न र सुन्न सक्दैनथे । उनले सानैदेखि कसैसँग संवाद गर्न सकेनन् । सात वर्षको उमेरसम्म त राम्रोसँग खाना खानसमेत नसकेको उनले आफ्नै माध्यमबाट सुनाए ।



उनी २० वर्षका थिए । घरमा यत्तिकै बस्नुभन्दा केही काम गर्छु भन्ने विश्वासका साथ पत्रिका बेच्ने सोच बनाए । त्यसपछि पोखराका विभिन्न स्थानमा पत्रिका लिएर पुग्न थाले । सुरुवाती दिनमा पत्रिका सबै बिक्दैनथ्यो । दिउँसोभरि घामपानी नभनी दौडँदा उनलाई घाटा पनि लाग्थ्यो । तर परिवारका सदस्यले नै पैसा थपेर प्रोत्साहन गर्थे ।

बिस्तारै कृष्णको संघर्षप्रति सबैको सहानुभूति र साथ बढ्न थाल्यो । किराना पसल, रेस्टुराँदेखि लिएर विभिन्न व्यवसाय गर्नेले नियमित रूपमा उनका पत्रिका किन्न थाले । 'सबैले त्यसरी नै काम गर्नुपर्छ है भनेर हौसला दिनुभयो, हातको इसारामा बोलाई-बोलाई पत्रिका किन्न थाल्नुभयो, त्यसपछि मलाई आफ्नो काममा अझ खुसी लाग्न थाल्यो,' ३३ वर्षका कृष्णले भने ।

सुरुमा २५ वटा बेच्न पनि निकै गाह्रो हुन्थ्यो उनलाई । अहिले २ सयभन्दा बढी पत्रिका बेच्ने गरेको सुनाउँछन् । पोखराको बगाले टोलस्थित बहिरा स्कुलमा सामान्य लेखपढ गरेका उनी सामाजिक सञ्जाल चलाउन, हिसाब गर्न सक्षम छन् । बाँकी पृष्ठ ९



रास्वपाको पहिलो महाधिवेशन

# भूराजनीतिक सन्तुलन र फरक विचारलाई सम्मान गर्न विपक्षी दलहरूको सुझाव

## लोकतन्त्र, संघीय गणतन्त्र र विधिको शासनमा अडिग रहनुपर्नेमा नेताहरूको जोड, आन्तरिक एकता बलियो बनाउन पनि रास्वपालाई सुझाव

**कान्तिपुर संवाददाता** (काठमाडौं)

पहिलो महाधिवेशन गरिरहेको सत्तारूढ रास्वपालाई अन्य राजनीतिक दलले भूराजनीतिक सन्तुलन कायम गर्ने र फरक विचारलाई सम्मान गर्ने नीति तय गर्न सुझाव दिएका छन्। महाधिवेशन उद्घाटन समारोहमा आइतबार शुभकामना दिँदै विभिन्न दलका नेताहरूले लोकतन्त्र, संघीय गणतन्त्र र विधिको शासनमा अडिग रहन पनि आग्रह गरेका छन्।

रास्वपाका महाधिवेशनमा कांग्रेस, एमाले, नेकपा, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टीका नेताले शुभकामना दिएका थिए। उनीहरूले विगतका विभिन्न आन्दोलनबाट प्राप्त उपलब्धिलाई रक्षा गर्नुपर्नेमा जोड दिए। विगतमा बलियो जनमत पाएका दलहरू आन्तरिक समस्याका कारण अप्ठेरोमा परेको उदाहरण दिँदै रास्वपालाई आन्तरिक एकता बलियो बनाउन पनि उनीहरूले सुझाव दिए।

कांग्रेस सभापति गगन थापाले लोकतन्त्र, कानुनी शासन, सामाजिक न्यायलाई नबिर्सन सुझाव दिए। 'लोकतन्त्र, कानुनी शासन, समावेशी, सामाजिक न्याय संविधानमा सजाउनका लागि मात्र होइनन्। नेपाली समाजको डीएनएमा यी विषय राम्रोसँग घोलिएका छन्। म विश्वास गर्छु, यो महाधिवेशनले समाजका यी आधारभूत मान्यतालाई स्पष्ट बनाउने मात्र होइन, मन, वचन र कर्मले यी मूल्यहरूलाई अगाडि बढाउन प्रण पनि गर्नेछ,' उनले भने।

विगतमा कांग्रेसलगायत दलले जनमतलाई सदुपयोग गर्न नसकेको इतिहासबाट शिक्षा लिन उनले रास्वपालाई सुझाव दिए। 'रास्वपाको यो जनमत असाधारण छ, लोभलाग्दो छ। विगतमा दलहरूले तीन-चार पटक यस्तै जनमत प्राप्त गरे। तर हरेक पटक दुर्घटनामा पर्‍यो। नेताहरूको अहंकारबीच टकराव भयो, व्यक्तिबीच टकराव भयो। जसको कारणले दुर्घटना भयो। अर्को कुरा, जनमतले शक्ति दियो तर शक्तिको सीमा हुन्छ भनेर बुझिएन। त्यसले सत्ताको उन्मादमा चढायो, जसका कारण हामीले अप्रजातान्त्रिक व्यवहार गर्न थाल्यौं। जसका कारण दुर्घटनामा पर्‍यो। म कामना गर्छु। यी दुवै अवस्थाको सामना (रास्वपाले) गर्नु नपरोस्।'


थापाले कांग्रेसले ०४८, ०५६, माओवादीले ०६४ र नेकपाले ०७४ को जनमत सम्हाल्न नसकेकोतर्फ संकेत गरेका थिए। 'जनमत प्राप्त गरेका पार्टीहरूले आफूलाई सम्हाल्न नसक्दा पहिलो सिकार पार्टी बन्यो। लोकतन्त्र बन्यो। त्यसको सिकार नागरिक बने। हाम्रो पुस्ता खेर गयो। यो असफलता अब नेपालले बेहोर्नु हुँदैन। त्यसैले रास्वपाले प्राप्त गरेको सफलता स्थिरताको बनोस्।'

कांग्रेस सभापति थापाले रास्वपा सरकारले गर्ने राम्रा कामको समर्थन र गलत कामप्रति प्रश्न गर्ने बताए। 'कांग्रेस रास्वपाको प्रतिस्पर्धी हो, दुश्मन होइन। हामी जहाँ प्रश्न गर्नुपर्ने हो, औंला ठड्याउनुपर्ने हो, त्यहाँ औंला ठड्याउँछौं। थपडी बजाउनुपर्नेमा बजाउँछौं,' उनले भने, 'देशले सीमा मिचियो भन्दै गर्दा औंला उठायौं। तर नेपालले कुनै देशको सीमा मिचेको छैन, मिच्न पनि दिन्न भनेर बोलेको दिन जोडदार ढंगले रास्वपाभन्दा पनि ठूलो स्वरले हामी थपडी बजाउँछौं।'



लोकतन्त्र, कानुनी शासन, समावेशी, सामाजिक न्याय नेपाली समाजको डीएनएमा घोलिएका छन्, म विश्वास गर्छु, यो महाधिवेशनले समाजका यी आधारभूत मान्यतालाई अगाडि बढाउन प्रण पनि गर्नेछ

● **गगन थापा**
सभापति, कांग्रेस



न्यायालय, राष्ट्रपति कार्यालय, संसद् र आलोचनाको स्वर कमजोर भयो, अपारदर्शिता भयो भने जनमत नरहन सक्छ, वाचासँग मेल नखाने कतिपय घटना भएका छन्, लोकतन्त्र सुरक्षित छ भन्ने अनुभूति होस्

● **प्रदीप ज्ञवाली**
एमाले नेता



तपाईंहरूले छोटो समयमा लोकप्रियता हासिल गर्न सफल हुनुभएको छ, बहुमतबाट विनम्रता र अल्पमतबाट धैर्य सिक्नुपर्छ, लोकतन्त्रमा संख्या अस्थायी हुन्छ तर लोकतान्त्रिक विधि र प्रणाली स्थायी हुनुपर्छ

● **वर्षमान पुन**
नेकपा नेता



परिवर्तनको चाहनालाई संस्थागत गर्ने जिम्मेवारी रास्वपामा आइपरेको छ, इतिहासले दिएको अवसर चुकाउनुभयो भने तपाईं, पार्टी र देशलाई धोका हुन्छ, जिम्मेवारी सफतापूर्वक पूरा गर्नुहोस्

● **राजेन्द्र लिङ्देन**
अध्यक्ष, राप्रपा

थापाले रास्वपा प्रतिनिधिहरूलाई आन्तरिक लोकतन्त्र बलियो बनाउनका लागि प्रश्न गर्न आग्रह गरे। कांग्रेसमा ढिलो गरी प्रश्न उठाएको उल्लेख गर्दै त्यस्तो गल्ती नगर्न उनको सुझाव थियो। 'आफ्नै दलभित्र प्रश्न गर्न छाड्नु हुँदैन। हामीले हाम्रा नेताहरूलाई भगवान् बनाएर गल्ती गरिसक्यौं, बा बनाएर गल्ती गरिसक्यौं। तपाईंले गल्ती नगर्नुहोला। गल्ती गरेका बेला आफ्नै नेतालाई प्रश्न गर्न साहस गर्नुहोला,' उनले थपे, हामीले हाम्रो पार्टी दास र लासको होइन भनेर केही अगाडि भन्न सक्नुपर्थ्यो, सकेनौं। त्यसबाट तपाईंले सिक्नुहोला।'

थापाले लोकतन्त्रलाई मन्त्र बनाएर सुशासन दिन पनि आग्रह गरे। 'गरिबी, विभेद हाम्रा दुश्मन हुन्। सबैका विरुद्ध रास्वपा लड्दै गर्दा कांग्रेसलाई साथमा पाउनु हुनेछ,' उनले थपे।

एमाले नेता प्रदीप ज्ञवालीले रास्वपालाई भूराजनीतिक सन्तुलन कायम राख्न तथा राष्ट्रिय हित संरक्षण गर्ने दिशामा अघि बढ्न सुझाव दिएका छन्। 'रास्वपा सभापति रवि लामिछाने र परराष्ट्रमन्त्री (शिशिर खनाल) भारत भ्रमण गरेर फर्कनुभएको छ। भूराजनीतिक जटिलता भएको नेपालजस्तो देशले अनिकालमा बीउ जोगाउनु, हुलमुलमा जीउ जोगाउनु भनेजस्तै भूराजनीतिभित्र राष्ट्रिय हितलाई संरक्षण गर्ने जटिलतालाई अवश्य पनि अनुभूत गर्नुभएको छ,' उनले भने, 'हाम्रा साना गल्ती, अभिव्यक्ति र जेस्चरले निम्त्याउने परिणामलाई नेपालजस्तो सानो देशले थेग्न गाह्रो हुनेछ।'

नेता ज्ञवालीले सरकारका कतिपय गतिविधि रास्वपाको वाचापत्रसँग मेल नखाएको पनि बताए। 'सरकारको प्रारम्भिक गतिविधिले प्रश्न खडा गरेको छ। महाधिवेशनबाट नेपाली जनतालाई प्रश्नको जवाफ दिनुपर्छ। लोकतन्त्र नियन्त्रण र सन्तुलनको व्यवस्था हो। न्यायालय, राष्ट्रपति कार्यालय, संसद् र आलोचनाको स्वर कमजोर भयो भने, अपारदर्शिता भयो भने स्वाभाविक छ, जनमत सधैंभरि नरहन सक्छ,' उनले भने, 'वाचासँग मेल नखाने कतिपय घटना भएका छन्। नेपालको लोकतन्त्र सुरक्षित छ भन्ने अनुभूति होस्। गाडीमा ब्रेक र एक्सिलेटर हुन्छ। एक्सिलेटर मात्र थिच्दा दुर्घटना पनि हुन सक्छ भन्ने ध्यानमा राखेर अघि बढ्नु हुनेछ भन्ने विश्वास छ।'

समारोहमा नेकपाका संयोजक पुष्पकमल दाहालको शुभकामना सन्देश नेता वर्षमान पुनले सुनाएका थिए। सुशासनको मुद्दामा आफ्नो दल र रास्वपाबीच समानता रहेको दाहालको धारणा उनले उल्लेख गरेका थिए। 'नेकपा र रास्वपाबीच कैयौं मुद्दामा समानता छ। हामीले निरन्तरतालाई क्रमभंगले राजनीतिक बाटो तय गरेका छौं। समाज रूपान्तरणका एजेन्डामा नजिक पाउँदै छौं,' दाहालको भनाइ थियो, 'हामीबीच सुशासनको एजेन्डामा समान छ। सुशासनमा नेकपा र रास्वपाजति सहकार्य अरूसँग भएको छैन।'

नेता पुनले संविधानभन्दा बाहिर नगएर विधिसम्मत रूपमा सुशासनको कदम चाल्न रास्वपा नेतृत्वको सरकारलाई आग्रह गरे। थिति बसाउने सरकारको अभियानमा पूर्ण समर्थन रहने पनि उनले उल्लेख गरे। जनमतबाट नमातिन आग्रह गर्दै उनले भने, 'त्यसैले बहुमतबाट विनम्रता र अल्पमतबाट धैर्य सिक्नुपर्छ। लोकतन्त्रमा संख्या अस्थायी हुन्छ तर लोकतान्त्रिक विधि र प्रणाली स्थायी हुनुपर्छ भन्न स्थापित लोकतान्त्रिक मान्यता हो।'

रास्वपाले छोटो राजनीतिक यात्राबाट ठूलो सफलता पाएको उल्लेख गर्दै नेता पुनले त्यसको सदुपयोग गर्न सुझाव दिए। 'तपाईंहरूले छोटो समयमा लोकप्रियता हासिल गर्न सफल हुनुभएको छ। युवाको सहभागिताले एक तहसम्म आशा जगाएको छ,' उनले भने।

पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले रास्वपा सभापति रवि लामिछाने र प्रधानमन्त्री वालेन्द्र शाहलाई मिलेर अघि बढ्न सुझाव दिए। 'आसेपासे र अन्य शक्तिले रवि ठूलो कि बालेन भनेर खेलिदिन सक्छन्। तपाईंको एकताले नै पाँच वर्ष सुनिश्चित छ। पटक-पटक कुरा गर्नुस्। मेरो पुस्ताका साथीहरूले षड्यन्त्रको आविष्कार गरेर अनेक थरी तानाबाना बुन्नुभएको छ,' उनले भने, 'जेन-जी विद्रोह र रास्वपाको उदय पचाउन नसकेर अनेक तानाबाना बुन्न थालिएको छ। त्यसमा केही सत्यता होला तर प्रमुख पाटो होइन।'

भट्टराईले रास्वपामा वैचारिक स्पष्टता जरुरी भएको बताए। 'वैचारिक रूपमा प्रस्टता चाहिन्छ। मूलभूत रूपमा ठीकै छ। केही अस्पष्टता छन्। संवैधानिक समाजवादको अलि व्याख्या गरे राम्रो हुन्छ,' उनले भने, '(सरकारको) नेतृत्व पाँच वर्ष कार्यकाल पूरा गर्नुपर्छ। १०-१५ वर्ष राजनीतिक स्थिरता होस्। रवि र वालेन्द्रले २५, ३० वर्ष नेतृत्व गर्नुपर्छ। बहुदलीय लोकतन्त्रमा भिन्न विचार हुन्छन्। समेटेर जानुहोस्।' उनले 'चुनावमा चुपचाप घण्टी छाप' भनेको रास्वपाले गठन गरेको सरकारले अब चुपचाप विकास गर्नुपर्ने बताए।

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले रास्वपाले अवसर गुमाए देशले धोका पाउने बताए। 'विगतमा सीमित राजनीतिक दल र तिनका नेताले लुटतन्त्र मच्याइरहेका थिए। निर्वाचनमार्फत परिवर्तनको चाहनालाई संस्थागत गर्ने जिम्मेवारी रास्वपामा आइपरेको छ,' उनले भने, 'इतिहासले दिएको अवसर चुकाउनुभयो भने तपाईं, पार्टी र देशलाई धोका हुन्छ। जिम्मेवारी सफतापूर्वक पूरा गर्नुहोस्।'

उनले राजा चाहिन्छ भन्नेहरूको मत पनि रास्वपाले पाएको जनाउँदै त्यसलाई सदुपयोग गर्न आग्रह गरे। 'नेपालमा राजा चाहिन्छ भन्नेहरूको पनि भोट छ। वालेन्द्रले राजा ल्याउँछन् भनेर भोट दिएका मान्छे पनि छन्,' उनले थपे, 'निषेधको होइन, सहमतिको राजनीति गरौं।'

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले संविधान संशोधन गर्ने जिम्मेवारी पूरा गर्न रास्वपालाई आग्रह गरे। 'संघीयता, गणतन्त्र, समावेशिता, धर्मनिरपेक्षताजस्ता महत्त्वपूर्ण विषय भए पनि अधुरो छ,' उनले भने, 'संविधान संशोधन गरी विकृति र विसंगति हटाएर संशोधन गर्ने ऐतिहासिक जिम्मेवारी आइपुगेको छ।'

जनमत पार्टीका अध्यक्ष सीके राउतले प्रधानमन्त्री शाहलाई समस्याभन्दा माथि उठेर समाधान खोज्न सुझाव दिए। 'प्रधानमन्त्रीले समस्याभन्दा माथि उठेर समाधान खोज्नुहुन्छ। प्रधानमन्त्री स्मार्ट, ड्यासिङ, स्टाइलिस देखिनुभएको छ,' उनले भने, 'कुनै दिन विपक्षीहरूले कालो ड्रेस लगाउन रोक्ने विधेयक ल्याउन माग गर्न सक्छन्।' उनले आफू सहयात्री र सहयोगीका रूपमा उपस्थित भएको उल्लेख गरे। 'यो महाधिवेशन मात्र होइन, क्रान्तिको महोत्सव हो,' उनले भने, 'देश विकासका लागि अघि बढ्नोस्। तपाईं जुन आन्दोलनबाट उदय हुनुभएको छ, सहिदको सपना कहिल्यै नबिर्सिनुहोला।'

### नागरिककेन्द्रित लोकतन्त्रमा जान चाहन्छौं : वाग्ले

रास्वपा उपसभापति स्वर्णिम वाग्लेले रास्वपा नागरिककेन्द्रित लोकतन्त्रमा जान चाहेको बताए। रास्वपा उदार लोकतान्त्रिक बाटोबाट अघि बढेर समग्र विकास गर्ने पक्षमा रहेको उनको भनाइ थियो। 'हामी कसैलाई हराउनभन्दा नेपाललाई जिताउन आएका हौं। हामी पुरानो पुस्तासँग लड्न होइन, नयाँ राजनीतिक संस्कार बसाल्न आएका छौं,' उनले भने, 'हामी यस्तो उदार लोकतन्त्र चाहन्छौं, जसले निर्वाचनबाट सरकार बनोस् तर कानुन र नागरिक सर्वोच्चताले सत्तालाई मर्यादित राखोस्। जहाँ बहुमतले शासन गरोस्, अल्पमत पनि सम्मानित होस्।'

संविधान बने पनि संस्था बलिया नहुँदा समस्या भएको वाग्लेले बताए। 'लोकतन्त्रको संस्थागत गुणस्तर माथि उठाउनुपर्नेछ। संविधान बन्यो, संस्था बलिया भएनन्। हामी विद्रोह मात्र होइन, निर्माण गर्छौं। हामी संस्थागत पार्टीमा रूपान्तरण गर्दै छौं,' उनले भने, 'युवा पुस्ताले प्रश्न मात्र होइन, उत्तर दिन चाहन्छ। युवा पुस्ताले विद्रोह मात्र गर्दैन, शासन पनि चलाउन सक्छ। सपना मात्र देख्न जान्दैन, परिणाम पनि दिन जान्दछ।'

# रास्वपाको प्रायः पदमा...

मनोनीत उपसभापतिमा भने भौतिक पूर्वाधार मन्त्रालय सम्हालिरहेका नेता सुनील लम्सालालाई जिम्मेवारी दिने तयारी छ। उनी शाहसँगै रास्वपामा समाहित भएका नेता हुन्।

खुला महामन्त्रीमा सहमति जुट्न नसके तीव्र प्रतिस्पर्धा हुने देखिएको छ। 'यो पदका लागि निवर्तमान महामन्त्री कबीन्द्र बुर्लाकोटी, विपिन आचार्य, शिशिर खनाल, मनीष झा, गणेश पराजुली, यज्ञमणि न्यौपाने उम्मेदवार बन्ने सम्भावना छ,' एक नेताले भने। महिला उपसभापतिमा उम्मेदवारी नदिए महामन्त्रीको दाबेदारमा डा. कार्कीलाई पनि हेरिएको छ। नेतृत्व चयन सहमतिमा नै हुने अवस्था रहेमा खनाल पछि हट्न तयार देखिएको उनीनिकट नेताहरूले बताएका छन्। न्यौपाने पनि सहमहामन्त्री पद पाएमा महामन्त्रीमा दाबी नगर्ने उनीनिकट स्रोतले जानकारी दियो। मनोनीत महामन्त्रीमा भने भूपदेव शाह लगभग निश्चित रहेका रास्वपा नेताहरू बताउँछन्।

खुला सहमहामन्त्रीमा को-को उम्मेदवार बन्ने भन्ने यकिन भइसकेको छैन। हालसम्म हरि ढकाल, प्रकाशचन्द्र परियारलगायत दाबेदार रहेको नेताहरूले बताएका छन्। सहमहामन्त्रीमा नेता असिम शाह पनि सम्भावित उम्मेदवार छन्। उनी पूर्वसांसद तथा प्रधानमन्त्री शाहका राजनीतिक सल्लाहकार पनि हुन्। महिला सहमहामन्त्रीमा निशा डांगीलगायत सम्भावित उम्मेदवार हुन्। रास्वपामा पदाधिकारीको संख्या १९ पुर्‍याइएको छ। यसअघि यो संख्या १२ थियो। यस पटक विधान संशोधन गरेर पदाधिकारीमा सभापति १, वरिष्ठ नेता १, उपसभापति ३ (१ महिला र १ मनोनीत), महामन्त्री २ (१ मनोनीत), सहमहामन्त्री ५ (१ महिला, २ मनोनीत), प्रवक्ता १, सहप्रवक्ता ३ (१ महिला), कोषाध्यक्ष १, सहकोषाध्यक्ष २ (१ महिला) छन्।

सभापति लामिछाने र वरिष्ठ नेता तथा प्रधानमन्त्री शाहले पार्टीलाई एकढिक्का बनाएर लैजानुपर्ने बताएका छन्। त्यसका लागि नेताहरूलाई एकताबद्ध भएर लाग्न र पद प्राप्तिका लागि कुनै पनि गुटबन्दी नगर्न दुवैले आग्रह गरेका छन्। सभापतिले उद्घाटन समारोहबाट २०८० मंसिरमा भएको जलेश्वर बैठकको स्मरण गर्दै नेताहरू नै गुटबन्दीमा लागे पार्टीलाई नोक्सानी हुने बताए। 'मैले जलेश्वर बैठकको बेलामा राजनीतिक प्रतिवेदनमा लेखेको एउटा कुरा स्मरण गराउन चाहन्छु- रास्वपा लड्यो भने आफ्नै गोडामा अल्झेर लड्छ, अरू कसैको तागत छैन रास्वपालाई लडाउने,' लामिछानेले आग्रह गरे, 'आज यसलाई अझ बढी सार्थक बनाउने बेला आएको छ।'

वरिष्ठ नेता शाहले गुट र उपगुट बनाउने कार्यमा नलाग्न आग्रह गरे। 'पार्टीको महाधिवेशनमा पहिलेदेखि नै हाम्रो संस्कार बिग्रिएको थियो, पहिला गुट बनाउने, उपगुट बनाउने। एउटा कुरा तपाईंहरू महाधिवेशन प्रतिनिधि हुनुहुन्छ होला, केन्द्रीय सदस्य उठ्छु भनेर बस्नुभएका व्यक्तिहरू हुनुहुन्छ होला। पदाधिकारी उठ्छु भनेर बस्नुभएका तपाईंहरूलाई स्पष्ट रूपमा के भन्न चाहन्छु भने राम्रो नेता बन्न, राम्रो राजनीतिज्ञ बन्नलाई जनताको आस्था, जनताको माया जित्नुपर्छ, कुनै समूहको मायाले हुँदैन। त्यही भएर समूह बनाउने पछाडि नलाग्नुहोला,' शाहले भने, 'त्यस्तो बिउ अहिले नै नरोप्नु कि त्यो बिउ भोलि रुख बनेर बीचबाट फाँड्नु परोस्। त्यही भएर यस्तो बिउ रोप्ने काम, रुख फलाउने काम हामीले नगरौं। हामीले पुरानाहरूबाट सिक्नुपर्छ।'

शाहपछि बोलेका सभापति लामिछानेले पनि यो उदाहरणलाई दोहोर्‍याए, 'जब धेरैको मन जित्न सकिँदैन त्यसपछि केहीको मन जितेर राजनीतिमा अगाडि बढ्ने प्रचलन चलेको छ। तर त्यो प्रचलनको बिउ हामीले रोप्न हुँदैन। त्यो बिउ हुर्कियो, बढ्यो, फुल्यो, फल्यो भने के हुन्छ भन्ने कुरा हामीले भर्खरै देखिसकेका छौं। त्यसकारणले गुट र उपगुट बनाएर हामीले त्यो बिउलाई रोप्यौं भने भोलि त्यसले दिने फल विषालु फल हुनेछ र पार्टीका वरिष्ठ नेताले भनेजस्तै त्यो फल फल्यो भने हामी त्यो वृक्ष नै काट्नुपर्ने अवस्थामा पुग्नेछौं,' उनले भने। लामिछानेले यतिखेर कुनै पनि राजनीतिक गुट र उपगुटमा नलागी विगतका राजनीतिक दलहरूलाई हेरेर अगाडि बढ्न आग्रह गरे।

सभापतिबाहेकका पदाधिकारीका लागि दोस्रो चरणमा निर्वाचन हुन्छ। रास्वपा विधानमा भएको व्यवस्थाअनुसार पहिलो चरणमा सभापति र ९९ केन्द्रीय सदस्यका लागि निर्वाचन हुने व्यवस्था छ। केन्द्रीय सदस्यमा निर्वाचितहरू मात्रै पदाधिकारीका उम्मेदवार हुन पाउने भएकाले सम्बन्धित नेताहरूले पनि प्रत्यक्ष रूपमा इच्छा व्यक्त गरिसकेका छैनन्। उपयुक्त समय आएपछि अर्थात् केन्द्रीय सदस्य निर्वाचित भएपछि पदाधिकारीमा प्रतिस्पर्धा गर्ने कि नगर्ने भन्ने निर्णय लिने ती नेताहरूले बताइरहेका छन्।

बन्दसत्रको कार्यक्रम सोमबार बिहान ८ बजेदेखि सुरु हुँदै छ। बन्दसत्र हलमा सभापतिको राजनीतिक प्रतिवेदन, संगठनात्मक प्रतिवेदन, विधान संशोधन प्रतिवेदन, आर्थिकलगायतका प्रतिवेदनहरू प्रस्तुत, छलफल भई पास भएपछि निर्वाचन प्रक्रिया अगाडि बढ्नेछ। सोमबार दिउँसो १ सभापति र केन्द्रीय सदस्यका लागि उम्मेदवारी मनोनयन दर्ता फाराम वितरणको कार्य सुरु हुने केन्द्रीय निर्वाचन आयोगका प्रमुख भुवन केसीले जानकारी दिएका छन्। पहिलो चरणको मतदान भने मंगलबार बिहान साढे ८ बजेदेखि सुरु हुने उल्लेख छ।

# गणतन्त्रमा प्रतिबद्ध, पार्टीमा एकढिक्का...

सभापति लामिछानेले प्रधानमन्त्रीमा पाँचै वर्ष शाह रहने प्रस्ट्याए भने प्रधानमन्त्री शाहले पार्टीमा कुनै पक्ष-विपक्ष नहुने उद्घोष गरे। दुवै नेताले पार्टीभित्र गुटगत राजनीति नगर्न नेता-कार्यकर्तालाई चेतावनीसमेत दिए।

पार्टी सभापति लामिछानेले आफूहरूलाई लडाउने, ढलाउने, फाटो ल्याउने प्रयास हुने बुझेको बताए। आफूहरूले नेपाली जनता र इतिहासलाई साक्षी राखेर गरेको सहमतिको एक-एक अक्षर इमानदारीसाथ पालना गर्ने उनको भनाइ थियो। 'यो हाम्रो निजी कुरो होइन, इतिहासलाई जवाफ दिनुपर्नेछ, व्यक्तिको इच्छा ठूलो कुरो होइन,' लामिछानेले भने।

सहमति कार्यान्वयनका लागि रास्वपाले चुनावअगावै वरिष्ठ नेताको खुट्टामा बल पुर्‍याएको लामिछानेले बताउँदा प्रधानमन्त्री शाह मुसुमुसु हाँसेका थिए। 'भटाभट गोल हान्ने जिम्मा सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको हुनेछ। उहाँले त्यसको निरन्तरता दिइरहनुभएको छ। झुक्किएर त्यो बल आएछ भने पनि त्यसलाई त्यही खुट्टामा पास गर्ने जिम्मा मेरो हो। किनकि यहाँ मुख मिठ्याउनेहरू धेरै छन्, चुक्ली लगाइदिनेहरू पनि धेरै छन्,' उनले भने।

शुभकामना दिने क्रममा राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले 'वालेन्द्रले राजा ल्याउँछ भन्ने लागेरसमेत भोट हालेकाहरू छन्' भनेका थिए भने एमाले नेता प्रदीप ज्ञवालीले रास्वपाको हातमा लोकतन्त्र सुरक्षित होस् भनी जनता आश्वस्त हुन सक्ने परिस्थिति बनोस् भन्दै शुभकामना दिए। यस सन्दर्भमा सभापति लामिछानेले रास्वपाका विगतका दस्तावेज ध्यान दिएर अध्ययन नगरिएको जनाउँदै आगामी दिनमा दस्तावेज गहिरिएर अध्ययन गरिनेछ भन्ने लागेको बताए।

लामिछानेले देश रास्वपाको हातमा सुरक्षित रहेको र संघीय लोकतान्त्रिक गणतन्त्रकै पक्षमा आफूहरू सधैं रहँदै आएको सन्देश दिए। 'मञ्चमा उपस्थित तमाम राजनीतिक दलका शीर्षस्थ महानुभावहरूलाई साक्षी राखेर भन्न चाहन्छु। यहाँहरू निर्धक्क हुनुहोला, देश रास्वपाको हातमा छ। देश सुरक्षित छ,' उनले भने, 'लोकतन्त्रका स्थायी मान्यताहरू, शक्ति पृथकीकरणका मान्यताहरू, संघीय लोकतान्त्रिक गणतन्त्र, नागरिक हक अधिकार, मानवअधिकारको प्रत्याभूति, समतामूलक समाज, समावेशितालगायतका थुप्रै उपहार हामीलाई अघिल्लो पुस्ताले र तपाईंहरूजस्ता मूर्धन्य नेतृत्वले दिएका अमूल्य उपहार हुन्। हामी तिनको जगेर्ना गर्नेछौं।'



तस्बिर : अंगद ढकाल/कान्तिपुर

प्रधानमन्त्री शाहले संसद्मा १७ जेठमा सीमाका विषयमा बोल्दा सिर्जना भएको विवादको जवाफ महाधिवेशन उद्घाटन समारोहबाटै दिएका छन्। संसद्मा उनले कालापानी, लिपुलेक र लिम्पियाधुराका विषयमा बेलायतसँग कुरा भइसकेको बताउँदा भारतले समेत प्रतिक्रिया जनाएको थियो।

'नबोलूँ भन्छु, बोल्ने दिन आइहाल्छ' भन्दै आइतबार भाषण थालेका शाहले भारतसँगको सीमा विवाद दुई देश मिलेर समाधान गर्ने र यसमा अन्य मध्यस्थकर्ता नखोज्ने प्रस्टीकरण दिए। 'सीमाको विषयमा चिन्ता लिनुभएको थियो। हामीले सीमाको विषयमा बोल्दाखेरि आपत्ति जनाउनुभयो, मलाई अचम्म लाग्यो। ठीक छ, अब तपाईंसँग प्रमाण छ भने ल्याउनुस्, हामीसँग त प्रमाण छ,' उनले भने, 'हामीसँग कालापानी, लिपुलेकको प्रमाण छ।'

ब्रिटिसले राज गर्दादेखिको प्रमाण भएकाले ल्याउनुपर्ने भए ल्याउँछौं भन्न खोजिएको उनको भनाइ थियो। 'हामीले ब्रिटिसलाई मध्यस्थकर्ता राख्न खोजेका होइनौं। हाम्रो छिमेकीसँग आफैं कुरा गरेर मिलाउँछौं,' उनले भने, 'हामीसँग प्रमाण छ, हामी ल्याउँछौं। त्यो कुरा गरिएको हो, यसमा आशंका गर्नु पर्दैन।' प्रधानमन्त्री शाहले आफ्नो राष्ट्रियतामाथि आशंका नगर्न पनि आग्रह गरे।

उनले रास्वपाको चिन्तन 'लेफ्ट', 'राइट' र 'सेन्टर' के हो भन्ने विषयमा चिन्ता लिइने गरेको जनाउँदै आफूहरूको पार्टी विकासवादी भएको बताए। 'विकास गर्ने, काम गर्ने पार्टी हो, अगाडि बढ्ने पार्टी हो,' उनले भने, 'प्रतिशोध साध्ने, पुराना कुरा लिएर निहुँ खोज्दै बस्ने होइनौं। निहुँ खोज्नुपर्‍यो भने पनि त्यो विगतमा सरकारी सम्पत्तिको दोहन भएको छ, सरकारी रकमको दुरुपयोग भएको छ भने मात्रै खोजिन्छ।' त्यही क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग ५ घण्टा सोधपुछ गर्नुपर्ने, सरसल्लाह लिनुपर्ने हुन सक्ने जनाउँदै शाहले थपे, 'हामी पाँच घण्टा मात्र होइन, पाँच वर्ष पनि गर्छौं। पाँच वर्ष अख्तियारसँग बसेर सरसल्लाह गरिन्छ। त्यसमा चिन्ता लिइराख्नु पर्दैन।' आफूहरूले नियम, कानुन नमिच्ने पनि उनको भनाइ थियो।

अख्तियारका पदाधिकारीलाई गत सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बोलाएर राहदानी खरिद प्रकरणमा अनुसन्धान नगरेको भन्दै केरकार गरिएको विषयमा प्रश्न उठ्दै आएको छ। राहदानी खरिद प्रकरणका विषयमा अख्तियारका पदाधिकारीसँग प्रधानमन्त्री कार्यालयमा छलफल भएकै दिनबाट राहदानी विभागका कर्मचारी पक्राउ पर्न थालेका थिए।

प्रधानमन्त्री शाहले सामाजिक सञ्जाल, मिडिया हेर्दा अलिकति अनियन्त्रित देखिन सक्ने भन्दै थपे, 'तर, त्यो देखिएको मात्रै हो। सबै कुरा नियन्त्रणमै छ। कुनै पनि कुरा नियन्त्रणबाहिर गएको छैन। कुनै विषयमा चिन्ता लिनु पर्दैन।'

केहीबेर अघि बोलेका एमाले नेता प्रदीप ज्ञवालीले 'एक्सिलेटर' र 'ब्रेक' बीच उचित सन्तुलन भएन भने दुर्घटना हुने भन्दै निर्णय प्रक्रियामा संयम अपनाउन सुझाव दिएका थिए। शाहले त्यस्तो चिन्ता 'लोकल' सडकमा मात्र हुने जनाउँदै भने, 'हाम्रो गाडी एक्सप्रेस-वेमा हिँडेको हो। गन्तव्यमा पुगेपछि मात्रै ब्रेक लाग्छ। गन्तव्यमा पुग्नुभन्दा अगाडि ब्रेक लगाउन जरुरी हुँदैन। र, हाम्रो गाडी अनियन्त्रित पनि छैन। वातावरण पनि मिलेर गएको छ।'

रास्वपाका केन्द्रीय सदस्य गणेश कार्की भरतपुर आएर लामिछाने र शाहले दुई वटा विषयमा प्रस्ट सन्देश दिएको बताउँछन्। 'बाहिर अनेक किसिमका टीकाटिप्पणी हुने गरे पनि सभापति र वरिष्ठ नेताले हामी एकै ठाउँमा छौं भन्ने स्पष्ट सन्देश दिनुभएको छ,' उनले कान्तिपुरसँग भने, 'सम्बन्धमा केही असर छैन र हामी जुन ठाउँमा छौं, त्यही ठाउँमा रहन्छौं भनेर सबैलाई ढुक्क हुने परिस्थिति बनाउनुभएको छ।'

पार्टीको विचारका सन्दर्भमा विगतका दस्ताबेज, जलेश्वर बैठकको निर्णयलगायतले स्पष्टता दिएको भए पनि समाजमा अझ आशंका गरिँदै आएकाले त्यसलाई चिर्ने कामसमेत नेताद्वयको मन्तव्यले गरेको कार्की बताउँछन्। 'विचारका विषयमा हामी पहिल्यैदेखि स्पष्ट हो, महाधिवेशनबाट झन् दुवै नेताले लोकतन्त्रसहितका विषयहरूमा ढुक्क हुन सबैलाई भन्नुभएको छ,' उनले भने।

नयाँ पुस्ताका राजनीतिक विश्लेषक नवीन तिवारी रास्वपा सभापति लामिछानेले सन्तुलित विचार राखेको जनाउँदै विगतका कमजोरीलाई सच्याउँदै जाने उनको भनाइको प्रशंसा गर्नुपर्ने बताउँछन्। 'प्रधानमन्त्री शाहको हकमा चाहिँ अख्तियार दुरुपयोग अनुसन्धान आयोगबारे दिएको अभिव्यक्तिले शक्ति पृथकीकरणको सिद्धान्त र मर्मलाई बोक्छ जस्तो लाग्दैन,' उनले कान्तिपुरसँग भने, 'अरू नेताले आलोचनात्मक टिप्पणीसहित सुझाव दिँदा कतिपय कुरा स्वीकार्न सकिए, केही अभिव्यक्तिचाहिँ आफू जे छु, ठीक छु भन्ने खालको आयो।'

# ‘कमेडी दरबार’ मा सेन्सरसिप विवाद

**दया दुदराज** (काठमाडौं)

टेलिभिजन कार्यक्रम ‘कमेडी दरबार’ को पछिल्लो शृंखलामा ‘सेन्सरसिपको विवाद’ देखिएको छ। रास्वपा सांसदहरू राजुनाथ पाण्डे, जगदीश खरेल र रुकेश रञ्जित अतिथि रहेको उक्त एपिसोडमा प्रसारण गरिएका कतिपय संवादमा ‘बिप’ लगाइएपछि यो विषयले सामाजिक सञ्जाल गर्माएको छ।

गत शुक्रबार ‘ओएसआर रियालिटी’ नामक युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको उक्त शृंखलाको ३१ मिनेट २२ सेकेन्डमा कलाकारद्वय सरोज भण्डारी र सुजन जिम्बा स्टेजमा प्रवेश गर्छन्। भण्डारीले ‘सभामुख’ र जिम्बाले ‘मर्यादा पालक’ को भूमिका निर्वाह गरेका थिए। कुल ४ मिनेट ५३ सेकेन्ड लामो उनीहरूको खण्डमा मात्रै ११ पटक संवाद छोप्न ‘बिप साउन्ड’ राखिएको छ।

वरिष्ठ हास्यव्यंग्य कलाकार तथा सोही कार्यक्रमका निर्णायक मनोज गजुरेलका अनुसार उक्त प्रस्तुतिमा प्रयोग गरिएको ‘सभामुख’ भन्ने शब्दमाथि मुख्य रूपमा तारन्तार ‘बिप’ लगाएर सेन्सर गरिएको हो। कान्तिपुरसँगको कुराकानीमा गजुरेलले आश्चर्य व्यक्त गर्दै भने, ‘हामीले त्यहाँ टुट् नै लगाउनुपर्ने तहको कुनै पनि अमर्यादित, अश्लील वा गैरकानुनी शब्द बोलेका थिएनौं। टेलिभिजनको पर्दामा प्रस्तुत हुने सामग्रीको आफ्नै मर्यादा हुन्छ र हामी त्यसमा सचेत छौं। तर, अचम्मलाग्दो गरी जहाँ-जहाँ सभामुख भनिएको छ, त्यहाँ-त्यहाँ टुट् आवाज राखिएको छ।’

कार्यक्रमका निर्देशक तथा होस्ट विक्की अग्रवालले सिर्जनामाथि हस्तक्षेप भएको भन्दै दुःख व्यक्त गरेका छन्। उनले फेसबुकमा लेखेका छन्, ‘हामीले हरेक साताको निरन्तरको अभ्यास, गहन लेखन र कलाकारहरूको कठोर मिहिनेतबाट तयार गरेको सामग्रीमा कसैले यति सजिलै कैंची चलाइदिँदा निकै चित्त दुख्दो रहेछ। के नेपालमा चलचित्रजस्तै टेलिभिजन कार्यक्रम पनि मान्छेलाई रुवाउने मात्रै बनाउँदा पो ठीक हुने हो कि ?’

कार्यक्रमको ट्रेलर रिलिज भएपछि प्रेस काउन्सिल नेपालमा उजुरी परेको र त्यसैका आधारमा सचेत गराइएको प्राइम टेलिभिजनका प्रमुख कार्यकारी अधिकृत सोम धितालले बताए। ‘सामाजिक सञ्जालमा ट्रेलर बाहिरिएपछि हाम्रो टीभीको लोगो देखेर प्रेस काउन्सिलले हामीलाई मौखिक रूपमा सचेत गराएको थियो। आधिकारिक रूपमै पत्र आउला वा थप झमेला होला भन्ने डरले मैले निर्देशक विक्कीजी र श्रद्धा प्रसाईंलाई कल गरें। उहाँहरूकै सल्लाहबमोजिम विवादबाट बच्न ती शब्दमा टुट् राखेर प्रसारण गरिएको हो,’ उनले भने।

प्रेस काउन्सिलका मुख्य अधिकृत झवीन्द्र भुसालले संघीय संसद् सचिवालयका एक अधिकृतबाट उजुरी परेपछि प्राइम टीभीलाई सचेत मात्र गराइएको बताए। भुसालका अनुसार ट्रेलरमा प्राइम टीभीको लोगो देखिएको र भोलि कुनै कानुनी जटिलता वा संसद्को मानहानिसम्बन्धी थप समस्या नआओस् भनेर काउन्सिलले पूर्वसावधानी स्वरूप सचेत गराएको थियो। कार्यक्रममा गरिएको अभिनय र क्यारिकेचरमा प्रयोग गरिएका शब्दहरूप्रति गम्भीर आपत्ति जनाउँदै अधिवक्ता खगेन्द्र चापागाईंले गत शुक्रबार काउन्सिलमा उजुरी दर्ता गराएका थिए।


काउन्सिलले टेलिभिजनलाई सचेत गराएको भए पनि कुनै पनि सामग्रीमा ‘प्रि सेन्सर’ नगरेको भुसालले दाबी गरे। ‘हामीले कुनै सामग्री काट्नु वा हटाउनु भनेर निर्देशन दिएका छैनौं, केवल उजुरीका विषयमा जानकारी गराएका हौं,’ भुसालले कान्तिपुरसँग भने, ‘टेलिभिजन वा निर्माण पक्षले केही भाग म्युट गर्ने वा लोगो सच्याउने जुन कार्य गरे, त्यो उहाँहरू आफैं सजग भएर वा सम्भावित झमेलाबाट बच्न गर्नुभएको हो, त्यसमा प्रेस काउन्सिलको प्रत्यक्ष संलग्नता वा दबाब छैन।’

यद्यपि, काउन्सिलले कन्टेन्टमा ‘बिप’ प्रयोग गर्न कुनै निर्देशन नदिएको बताए पनि कार्यक्रमका निर्देशक विक्कीलाई कार्यालयमै बोलाएर सोधपुछ गरेको प्राइम टेलिभिजन स्रोतको दाबी छ। तर, मुख्य अधिकृत भुसाल भने काउन्सिलले टेलिभिजनलाई सचेत गराउनुबाहेक कसैलाई पनि बोलाएर सोधपुछ नगरेको जिकिर गर्छन्।

यो घटनापछि कला र सिर्जनामाथि राज्यस्तरबाटै अदृश्य रूपमा ‘कैंची’ चलाइएको भन्दै कलाकार, अधिकारकर्मी तथा आमदर्शकले असन्तुष्टि जनाइरहेका छन्। कलाकार गजुरेल यसलाई लोकतन्त्रको सुन्दर पक्ष मान्न तयार छैनन्। ‘हामी वाक् स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको लामो लडाइँ लडेर यहाँसम्म आएका हौं। यस्तो अवस्थामा कला र सिर्जनाहरूलाई नियन्त्रण गर्न खोज्नु राम्रो संकेत होइन,’ गजुरेलले भने।







सम्पादकीय

# रास्वपा महाधिवेशनले तय गर्नुपर्ने बाटो

राष्ट्रिय राजनीतिमा रास्वपाको चारवर्षे यात्रा निकै तीव्र रह्यो। टेलिभिजन कार्यक्रम प्रस्तोताका रूपमा लोकप्रियता हासिल गरेका रवि लामिछानेको नेतृत्वमा ७ असार २०७९ मा पार्टी घोषणा हुँदा उनका साथमा राजनीतिक रूपमा परिचित अनुहार खासै थिएनन्। तर, त्यही समूहको नेतृत्वमा मंसिर २०७९ र फागुन २०८२ मा भएको आमनिर्वाचनबाट पार्टीले सफलताको उचाइ प्राप्त गरिसकेको छ। प्रतिनिधिसभाको पछिल्लो निर्वाचनमा उसले २ सय ७५ मध्ये १ सय ८२ सिट प्राप्त गर्दै सरकारको नेतृत्व गरिरहेको छ। स्थापनाको चार वर्ष मात्रै पुगेको पार्टीले जुन आकार ग्रहण गरेको छ, नेपालको इतिहासमै नौलो घटना हो। यतिबेला यही पार्टी पहिलो महाधिवेशनमा होमिएको छ। यसक्रममा उसले हालसम्म प्राप्त सफलताबाट ऊर्जा ग्रहण र आगामी जिम्मेवारीको चुनौती महसुस गर्नुपर्ने छ। मुख्यतः जनताको असाधारण विश्वासलाई संस्थागत गर्ने र उपलब्धिमा रूपान्तरण गर्ने मार्ग पहिल्याउन सक्नुपर्नेछ। त्यसका लागि महाधिवेशन निर्धारण गर्ने वैचारिक तथा सांगठनिक ढाँचाको प्रतीक्षा गरिएको छ।

रास्वपाको उदयलाई सहज बनाउनका लागि नेपाली राजनीतिमा बलियोसँग स्थापित भएका केही विकृति र बेथितिले भूमिका खेलेका थिए। खासगरी भ्रष्टाचार र कुशासन बढेको थियो। त्यतिबेलाका ठूला भनिने पार्टीका उपल्ला तहका नेताहरू नै गम्भीर अनियमितताका काण्डमा परेका थिए। तर, उनीहरूमाथि अनुसन्धान र कारबाही हुनेछ भन्ने विश्वास जनमानसमा कमै हुन्थ्यो। नेताका परिवार वा आफन्तको जीवनशैली उकासिएको देखिन्थ्यो, तर त्यसलाई सघाउने आर्थिक स्रोतबारे मानिसमा आशंका थियो। राज्यमा महत्त्वपूर्ण संस्था तथा निकायमा परिवार हाबीसँगै दलीयकरण उच्च थियो। तिनले निष्पक्ष काम गर्न सक्छन् वा गरिरहेका छन् भन्ने विश्वास स्थापित नै गर्न सकेका थिएनन्। यस्तै स्थितिले सिर्जना गरेको निराशाले भदौ २०८२ मा जेन-जी आन्दोलन नै भएको थियो। रास्वपाले स्थापनाको दिनदेखि नै विकृति र विसंगतिका विरुद्ध आवाज उठाएको थियो। त्यसविरुद्ध लड्ने शक्ति आफू नै भएको सन्देश दिएको थियो। यतिबेला यही पार्टीले सरकारको नेतृत्व गरिरहेको छ। सरकारको मेरुदण्डका रूपमा बलियो रास्वपा छ। महाधिवेशनले नागरिकमा रहेका निराशालाई चिर्ने र आफू स्वयंको वाचामा सफलता पाउने गरी ठोस प्रतिबद्धता र कार्यसम्पादनको प्रस्ट खाका तय गर्नुपर्ने हुन्छ।

रास्वपाभित्रको लोकतान्त्रिक अभ्यासलाई पनि अर्थपूर्ण रूपमा हेरिएको छ। महाधिवेशनबिना नै चार वर्ष बिताइसकेको र फरकफरक व्यक्ति तथा पार्टीसँग एकता गर्दै आएकाले यतिञ्जेल तदर्थवादमै चलिआएको थियो। अब भने नेतृत्व चयनका विधि र प्रक्रियालाई लोकतान्त्रिक बनाउनुपर्ने हुन्छ। यो सम्बन्धित पार्टीको मात्रै विषय होइन, किनकि पार्टीहरू सार्वजनिक संस्था तथा सम्पत्ति हुन्। त्यहाँभित्रका विधि र प्रक्रियाले मानक स्थापित गर्छ। आम चासो सिर्जना गर्छ। त्यसकारण पार्टीका जिम्मेवार पदाधिकारीले सहमति र लोकतान्त्रिक अभ्यास (निर्वाचन) दुवै बाटो रोज्न सकिन्छ, तर लोकतान्त्रिक अभ्यास अनुरूप प्रतिस्पर्धाको बाटो वञ्चित भने गर्नु हुँदैन। मुख्य विषय, दुवै प्रक्रियाले पार्टीभित्र असहज अवस्था नल्याओस् भन्ने नै हो। अर्थात्, महाधिवेशनले रास्वपामा गुटबन्दी, तिक्तता र निराशा सिर्जना नगरोस्। बलियो पार्टी सम्हालिएर अघि बढ्दा, लक्ष्यप्रति प्रतिबद्ध हुँदा नै सम्बन्धित पार्टीदेखि आमजनता लाभान्वित हुन सक्छन्।

स्थापनायता रास्वपाको प्रायः दिन उतारचढावपूर्ण रह्यो। त्यसैले पार्टीका सन्दर्भमा चर्चा हुँदा मूलतः नेतृत्वकै विषयमा बढी चर्चा भयो। यसका वैचारिक विषय प्रायः ओझेलमा परेका थिए। राजनीतिक विश्लेषकहरूले पार्टीको विचारमा सन्देह प्रकट गरे, प्रस्ट नभएको भन्दै टिप्पणी गरेका थिए। रास्वपाको नेतृत्वपंक्तिले आफ्ना दस्तावेजलाई उद्धृत गर्दै बचाउ गर्न खोजे पनि आमजनतामा नेतृत्वको छवि नै बढी गढेको देखिन्छ। त्यसको केही कारण छन्। पहिलो, रास्वपाले जति प्रस्टसँग र बलियो गरी अन्य विषयमा बोल्ने गरेको छ, त्यही दृढताका साथ सैद्धान्तिक र वैचारिक विषयमा बोलेन। संविधानका मूलभूत खम्बाहरू खासगरी संघीयता तथा धर्म निरपेक्षता जस्ता विषयमा समाजले खोजेको प्रस्टता उसका शब्दमा अभिव्यक्त भएका छैनन्। जटिल भाषा र सर्तसहितका शब्दावलीले मानिसमा अन्योल सिर्जना गरेको छ। त्यसैले संविधानप्रति उसका स्वीकारोक्ति, अस्वीकारोक्ति र बदल्न चाहेको प्रावधानबारे उसले प्रस्टसँग भन्नुपर्छ। उसले स्थापना गर्न खोजेको आर्थिकदेखि समाजको सरोकार रहने विविध नीतिसम्मका विषयमा पनि प्रस्टसँग भन्नुपर्छ। यसको उपयुक्त मञ्च नै पहिलो महाधिवेशन हो। आइतबार महाधिवेशन उद्घाटन समारोहमा सभापति लामिछानेले यस्ता पक्षलाई प्रस्ट्याउन र प्रतिबद्धता देखाउन खोजेका छन्, तर आगामी दिनमा पनि जनतासँग पर्याप्त संवाद गर्दै विश्वास आर्जन गर्न सक्नुपर्छ।

अर्को महत्त्वपूर्ण पक्ष रास्वपाको सरकार हो। पार्टी सञ्चालन र राज्य सञ्चालन अलग विषय हुन्। तर पार्टीलाई सरकारको समीक्षक र सहयोगी बनाउन सकियो भने सरकारले सफलता पाउने सम्भावना बढी रहन्छ। विगतमा अन्य पार्टी र सरकारबीच समन्वय नहुँदा दुवैमा समस्या देखिएका प्रशस्तै उदाहरण छन्। यतिबेला प्रतिनिधिसभामा रास्वपाको बलियो उपस्थिति छ तर सांसदहरूले सरकारलाई जुन ढंगले दिशा निर्देश गर्नुपर्ने हो, त्यसो गर्न सकिरहेका छैनन्। परिणामतः सार्वभौम संसद् नै सरकारको सहयोगी जस्तो देखिन पुगेको छ। तसर्थ, रास्वपा महाधिवेशनमा सरकार र संसद्मा पार्टीको भूमिकाप्रति समीक्षा गरिनुपर्छ। यो विषय किन महत्त्वपूर्ण छ भने निर्वाचनमा रास्वपाले घोषणापत्र देखाउँदै मत मागेको थियो। त्यसप्रति पार्टीको दायित्व रहन्छ। र, घोषणापत्रका वाचा पूरा गर्ने जिम्मेवारी भने मूलतः सरकारको हो। यसर्थ रास्वपाले घोषणापत्रमा प्रस्तुत वाचा पूरा गर्ने दिशातिर सरकारको गतिलाई समीक्षा गर्दै उचित बाटो देखाउनुपर्छ।

महाधिवेशनमा प्रतिनिधिहरूबीच लोकतान्त्रिक वातावरणमा कति गहिरोसँग खुला ढंगले छलफल हुनेछ र साझा मार्ग तय हुनेछ, त्यसले नै पार्टीको यात्रालाई परिपक्व बनाउनेछ। ठूलो अपेक्षाका साथ रास्वपालाई जनताले बलियो पार्टी बनाएका छन्। सोही पार्टीले सरकार बनाएको छ। मुलुकको मुहार फेर्ने दायित्व उसकै हो। त्यसैले उसले सफलता पाउँदा मात्रै जनतामा यसअघि छाएको निराशा सकारात्मक उपलब्धिमा परिणत हुन सक्छ। यदि रास्वपा पनि प्रभावकारी भएन र सरकार पनि अलमलियो भने नागरिक अर्को निराशाको खाडलमा पर्नेछन्। तसर्थ, रास्वपाले महाधिवेशनका क्रममा परिस्थितिको वस्तुनिष्ठ समीक्षा गर्न, वैचारिक दृष्टिकोणमा प्रस्टता, नेतृत्वमा लोकतान्त्रिक विधिको अवलम्बनसँगै सावधानीपूर्वक अगाडिका पाइला चाल्न आवश्यक छ।

# प्रविधि आधिपत्यको युगमा विज्ञान कूटनीति



सञ्जिब हुमागाईं

(हुमागाईं राजनीतिशास्त्र र अन्तर्राष्ट्रिय सम्बन्धका सिद्धान्तका अध्येता हुन्)


हामी 'प्याक्स टेक्निका' अर्थात् प्रविधि आधिपत्यको युगको प्रवेशको संघारमा छौं। धेरैले भन्छन्- हामी प्रवेश गरिसकेका छौं। 'प्याक्स' शब्दले सामान्यतः कुनै शक्तिशाली राष्ट्रको नेतृत्वमा स्थापित अन्तर्राष्ट्रिय व्यवस्था तथा त्यसबाट सिर्जित तुलनात्मक शान्ति वा स्थिरतालाई जनाउँछ। अन्तर्राष्ट्रिय सम्बन्धको इतिहासमा यस्ता कालखण्डहरू प्रायः कुनै विशिष्ट राष्ट्रको नामसँग जोडिएर व्याख्या गरिएका छन्। जस्तै, प्याक्स ब्रिटानिका वा प्याक्स अमेरिकाना। तर आज कुनै देशको नाम होइन, सूचना प्रविधिको नै आधिपत्यताको प्रमुख आधार बन्न पुगेको छ। फेरि, यसमा जित्नेको नाममा अर्को प्याक्स युगको उदय होला।

कुनै पनि देशको अर्थतन्त्र, समाज, राजनीति, सैन्य शक्ति आदि सबै क्षेत्रमा सूचना प्रविधिको ज्ञान, क्षमता र जनशक्तिको अवस्थाले निर्णायक भूमिका खेल्ने नितान्त नयाँ युगको उदय भएको छ। देशहरू यस्ता रणनीतिक प्रविधिहरू (जस्तै, मेमोरी चिप्स, कृत्रिम बुद्धिमत्ता, क्वान्टम कम्प्युटिङ आदि) एवं जनशक्तिको पर्याप्तता, सुनिश्चितता र परिचालनमा अग्रस्थानमा उक्लिन र शीर्ष स्थानमा रहिरहन होडबाजी गरिरहेका छन्। त्यसका लागि अपरिहार्य विज्ञान कूटनीतिले पुराना सबै प्रकारका कूटनीतिलाई उछिन्दै प्रमुख स्थान हासिल गर्नु वा उच्च प्राथमिकता पाउनु राष्ट्रिय स्वाधीनताका लागि निश्चय नै अनिवार्य सर्त बनेको छ।

अब विस्तृत रूपमा यसको सैद्धान्तिक एवं व्यावहारिक पक्षहरूलाई हेरौं। आधिपत्य अर्थात् 'हेजेमनी' परराष्ट्र मामिला र सिंगो अन्तर्राष्ट्रिय सम्बन्धमा धेरै प्रयोग हुने शब्दमध्ये एक हो। तर धेरै स्थानमा कुनै विस्तृत परिभाषाबिना अमूर्त रूपमा प्रयोग भएको पाइन्छ। सन् १९५० को दशकदेखि छुट्टै अध्ययन विधाका रूपमा स्थापित अन्तर्राष्ट्रिय सम्बन्धमा आधिपत्यको प्रयोग तीन प्रमुख उपसमूहमा केन्द्रित भएर प्रयोग भएको पाइन्छ। पहिलो र निश्चय नै सैन्य शक्तिलाई राज्यहरूको सम्बन्धमा निर्णायक मुद्रा अर्थात् करेन्सी मान्ने यथार्थवाद रहेको छ। अन्तर्राष्ट्रिय राजनीति भनेको नै आफ्नो अस्तित्व र सुरक्षाको सुनिश्चितताका लागि शक्ति आर्जन गर्न प्रयत्नरत राष्ट्रहरूबीचको निरन्तर शक्ति संघर्ष र प्रतिस्पर्धाका रूपमा बुझ्ने यस दृष्टिकोणमा पनि आधिपत्यको आधार के हो भन्नेमा लामो बहस चलेको थियो। अमेरिकी प्राध्यापक जोन मियरसाइमरको सन् २००१ मा प्रकाशित पुस्तक 'द ट्राजेडी अफ ग्रेट पावर पोलिटिक्स' ले यो लामो बहसलाई एउटा तार्किक निष्कर्षमा पुर्‍याएका थिए। उनका अनुसार, स्थलशक्ति नै सैन्य शक्तिको निर्णायक स्वरूप हो। अर्थात्, सबैभन्दा शक्तिशाली राज्य त्यही मानिन्छ, जोसँग सबैभन्दा सक्षम र बलियो (स्थल) सेना हुन्छ।

दोस्रो, सन् १९७० को दशकदेखि शीतयुद्धको दुई ध्रुवको नेतृत्व गरिरहेका संयुक्त राज्य अमेरिका र सोभियत संघको आन्तरिक अर्थतन्त्र र समाजमा देखिएको शिथिलता, अन्तर्राष्ट्रिय एवं क्षेत्रीय संयन्त्र र संस्थाहरूको सफल अभ्यास तथा बढ्दो आकर्षणको जगमा उदाएको अन्तर्राष्ट्रिय सम्बन्धको नवउदारवादी दृष्टिकोणमा भने कुनै एक देशको आधिपत्यबिनाको विश्व व्यवस्थाका बारेमा धेरै चर्चा गर्न थालियो। नवउदारवादी प्राध्यापक रोबर्ट किओहेनको सन् १९८४ मा प्रकाशित पुस्तक 'आफ्टर हेजेमनी : कोअपरेसन एन्ड डिस्कोर्ड इन वर्ड पोलिटिकल इकोनमी' त्यसको ज्वलन्त उदाहरण हो। उनका अनुसार, कुनै देशको प्रभुत्वको अन्त्यपश्चात् पनि सो देशले नेतृत्व गरेर निर्माण गरेका संस्थाहरू जीवन्त रहन्छन् र त्यसले विश्व व्यवस्थामा निर्णायक भूमिका खेल्छ। अर्थात्, देशहरूको प्रतिस्पर्धाका बाबजुद उदारवादी विश्व व्यवस्था लामो समयसम्म टिक्ने दाबी गरिएको थियो।

तेस्रो, आलोचनात्मक चिन्तन रहेको छ। अन्तर्राष्ट्रिय सम्बन्धका सिद्धान्तलाई समस्या समाधान र आलोचनात्मक गरी दुई भागमा वर्गीकरण गरेर अध्ययन गर्नुपर्ने तर्क गर्ने नवमार्क्सवादी प्राध्यापक रोबर्ट कोक्सका अनुसार भौतिक क्षमता, विचार र संस्थाहरूको सम्मिश्रणले एक ऐतिहासिक संरचना खडा गरेको हुन्छ र त्यसले नै कुन देशको आधिपत्य हुन्छ भन्ने विषयलाई निर्धारण गर्दछ। झन्डै सात दशकसम्म परराष्ट्र मामिलामा प्रभुत्वको बहसमा राष्ट्रकेन्द्रित माथिका तीन सैद्धान्तिक दृष्टिकोणहरूको आधिपत्य थियो। 'प्याक्स टेक्निका' युगको उदयले उनीहरूका आधारभूत प्रस्तावनाहरूको जरा नै खल्बल्याउने काम गरेको छ। उही पुरानै ढर्रा, तथ्य, तथ्यांक र भाष्यको सन् १९९० अगाडिको परराष्ट्र सम्बन्धको छलफल अब औचित्यहीन भएको छ। देश र विश्व फेरियो, त्यसैले हाम्रा परराष्ट्र मामिलाका छलफललाई पनि परिष्करण गरौं।



तस्बिर : एआई

> सूचना प्रविधि आधिपत्य र विज्ञान कूटनीति आजको विश्व व्यवस्थामा अब विकल्पका विषय रहेनन्। यी हामीले सतर्कतापूर्वक आत्मसात् गर्नुपर्ने, प्रतिस्पर्धा गर्नुपर्ने र सफलता हासिल गर्नुपर्ने अनिवार्य क्षेत्रका रूपमा स्थापित भइसकेका छन्।

## प्रविधि आधिपत्य

नवीनतम प्रविधिको विकास गरेका देशहरूले ठूलो आर्थिक वृद्धि हासिल गर्ने र त्यसैको आडमा अन्तर्राष्ट्रिय राजनीतिमा पनि अग्रस्थानमा रहनु स्वाभाविक पनि होला। औद्योगीकरणमा सफलता प्राप्त गरेको बेलायत सूर्य नअस्ताउने देश बनेसँगै प्रविधिको विकास गर्दै नयाँ क्षेत्रको उद्योग र त्यसको आपूर्ति शृंखलामा आधिपत्य स्थापित गर्ने देशहरूको अन्तर्राष्ट्रिय राजनीतिमा हैसियत वा भूमिका वृद्धि हुनु एउटा सूत्र नै बनेको छ। प्रविधि आधिपत्यको प्रतिस्पर्धा पनि सारमा सोही विश्व राजनीतिको नियमित शृंखला हो। तर यसका केही विशिष्ट आयामहरू छन्, जसको गहन छलफलबिना 'प्याक्स टेक्निका' ले निर्धारण गर्ने विश्व व्यवस्थाको चित्र कोर्न र आकलन गर्न कठिन छ।

पहिलो, निश्चय नै नयाँ प्रविधिको विकासमा विश्वव्यापी रूपमा अहिलेसम्मकै उच्च प्रतिस्पर्धा हो। जस्तै, अहिले पनि कृत्रिम बौद्धिकता, सैन्य प्रविधि, स्मार्टफोन तथा आधुनिक सवारीसाधनहरूको सञ्चालन र नियन्त्रणको मुख्य 'मस्तिष्क' का रूपमा काम गर्ने सेमिकन्डक्टर चिप निर्माणमा कसले सूक्ष्म प्रविधि (३ एनएम र २ एनएमभन्दा तल), अल्ट्राभायोलेट उपकरणको प्रयोगमा सफलता हासिल गर्ने भन्ने विश्वव्यापी होडबाजी नै चलेको छ। प्रतिस्पर्धी देशको संख्या र प्रतिस्पर्धाको रणनीति विश्वयुद्ध जस्तै जतातते र व्यापक रहेको छ।

कारणहरू प्रस्ट छन्। एकातर्फ, रणनीतिक सूचना प्रविधि क्षेत्रको विकासमा सफलता प्राप्त गर्दा प्रमुख औद्योगिक क्षेत्र, सिंगो राष्ट्रिय अर्थतन्त्र र सैन्य प्रविधिसम्ममा एकै पटक आमूल परिवर्तन ल्याउन सकिने हुँदा प्रविधिको विकास राष्ट्रिय पहिचान र स्वाधीनतासँग प्रत्यक्ष रूपमा जोडिएको विषय बन्न पुगेको छ। अर्कोतर्फ, प्रतिस्पर्धी देश यस्ता प्रविधिमा एक पटक अगाडि लागेपश्चात् जस्तोसुकै शक्तिशाली देशलाई पनि अगाडि लागेको देशलाई भेट्टाउन वा उछिन्न लामो समय लाग्ने हुँदा रणनीतिक प्रविधिको विकासमा पछाडि पर्दाको बहुआयामिक जोखिम धेरै हुने भएका कारण पनि प्रतिस्पर्धा तीव्र बनेको हो।

दोस्रो र सबैभन्दा महत्त्वपूर्ण विषय भनेको नवीनतम प्रविधि विकासमा सफल देश वा समूहले आफूले विकसित गरेको प्रविधिलाई आधार बनाएर विश्वव्यापी मानक अर्थात् 'ग्लोबल स्ट्यान्डर्ड' बनाउने र अन्य सबै देशलाई सोही प्रविधि प्रयोग गर्न वा सोसरहको प्रविधि विकासमा बाध्य पार्न सक्ने भएकाले पनि यो विश्व राजनीतिमा आधिपत्य जमाउने प्रमुख औजार बनेको छ। सन् २०२५ को जुलाईमा अमेरिकाले कृत्रिम बुद्धिमत्ताको एकीकृत प्रणालीका रूपमा 'फुल-स्ट्याक एआई प्याकेज' घोषणा गर्‍यो। यो एआई विकास गर्दा आवश्यक हार्डवेयर, सफ्टवेयर, प्लाटफर्मदेखि सेवासम्मको एकीकृत सोलुसन मोडेल हो। आफ्ना मित्रराष्ट्रहरूमा अमेरिकी मोडेलको विस्तारबाट डिजिटल विश्व व्यवस्थामा आफ्नो आधिपत्य स्थापना गर्ने प्रस्ट उद्देश्य झल्किन्छ। यस्तो अवस्थाबाट आफ्नो विशेष भूमिका निर्माण गर्न सन् २०२५ को जुलाईमा नै चिनियाँ प्रधानमन्त्री ली छ्याङ कृत्रिम बुद्धिमत्ताको विकास मानवजातिको साझा हितका लागि हुनुपर्ने तर्क गर्दै विश्वका सबै देशहरूको साझा एआईको संयुक्त राष्ट्रसंघ जस्तै 'वर्ल्ड आर्टिफिसियल इन्टेलिजेन्स कोअपरेसन अर्गनाइजेसन' (डब्लूएआईसीओ) को स्थापनाको प्रस्ताव गरेका थिए। चिनियाँ अधिकारीहरूले यसमा धेरै प्रगति भएको विषय बेलाबखतमा बताउँदै आएका छन्। खासमा अहिले विश्वमा सूचना प्रविधिमा कसको मापक सही भन्ने नदेखिने प्रतिस्पर्धा व्यापक छ।

तेस्रो, प्रविधि विकासको सहकार्य, कच्चा पदार्थको कारोबार र रणनीतिक प्रविधिको वितरणको आपूर्ति शृंखला आधारित नयाँ 'टेक्नो-ब्लक' हरू निर्माण हुँदै छन्। हिजोको विश्व राजनीतिमा जसरी सैन्य गठबन्धनका आधारमा राजनीतिक 'ब्लक' हरू निर्माण हुन्थे, अहिले रणनीतिक सूचना प्रविधिको आपूर्ति शृंखलाले त्यसलाई निर्धारण गर्दै छ। विश्व व्यवस्थाको रूपान्तरणको चर्चा गर्दा यो एक प्रमुख आधार बनेको छ। त्यसैले 'एनभिडिया'का संस्थापक तथा सीईओ जेन्सन ह्वाङ कुन देशमा जान्छन् र कोसँग वार्ता गर्छन् भन्ने विषय विश्वका कुनै पनि राष्ट्रप्रमुखको भ्रमणले भन्दा धेरै महत्त्व पाउँछ। किनकि, उनी कृत्रिम बुद्धिमत्ताको विकासको आपूर्ति शृंखलाको केन्द्रबिन्दुमा छन्।

चौथो, हरू एक-अर्काको देशमा प्रभाव वृद्धि गर्न सक्ने 'प्लाटफर्म' हरूको विकासमा पनि जोडबल गरिरहेका छन्। अमेरिका र चीनबीच टिकटकको खरिद-बिक्रीको विषयलाई लिएर भएको लामो रस्साकस्सी त्यसको ज्वलन्त उदाहरण हो।

पाँचौं, प्रविधिको विकास गर्न आवश्यक जनशक्ति सुनिश्चितताको प्रतिस्पर्धा पनि प्रविधि आधिपत्यको एक महत्त्वपूर्ण पाटो रहेको छ। रणनीतिक प्रविधि विकास क्षेत्रमा उच्चस्तरको जनशक्ति विकास गर्ने र दिगो रूपमा टिकाउने रणनीतिको विश्वव्यापी प्रतिस्पर्धा नै चलेको छ। नेपालका लागि चौथो र पाँचौं आयाम दुवै अवसर र चुनौती रहेको धेरै चर्चा भइसकेको छ।

## विज्ञान कूटनीति

सूचना प्रविधिको विषय राष्ट्रिय अर्थतन्त्र, सुरक्षासँग मात्रै होइन, अहिले विश्वभर चर्चामा रहेको तीव्र जलवायु परिवर्तन खासगरी हरित रूपान्तरणसँग पनि उत्तिकै जोडेर चर्चा गर्ने गरिन्छ। यस अर्थमा हरेक देशहरूले अन्य देशसँग राख्ने औपचारिकदेखि अनौपचारिक सम्बन्धमा सूचना प्रविधि क्षेत्रको सहकार्य (र, प्रतिस्पर्धा) को मुद्दा अब छुट्याउन कठिन विषय बनेको छ। त्यसैको नतिजास्वरूप विज्ञान कूटनीतिको महत्त्व अतुलनीय रूपमा वृद्धि भएको छ।

सन् २०१० देखि व्यापक प्रयोगमा रहेको विज्ञान कूटनीतिका बारेमा एक मात्र प्रचलित परिभाषा छैन। सामान्यतया विज्ञान कूटनीतिको प्रयोग देशहरूबीचको सहकार्यबाट विज्ञान तथा प्रविधिको संयुक्त विकास, जनशक्ति आदानप्रदान र विज्ञान प्रविधिसम्बन्धी सन्धि-सम्झौता केन्द्रित अन्तर्राष्ट्रिय गतिविधिका रूपमा बुझिन्छ। विज्ञान प्रविधिको क्षेत्रमा सहकार्यमार्फत कूटनीतिक सम्बन्धलाई राम्रो पार्नु वा कूटनीतिक सम्बन्धलाई परिचालन गरेर विज्ञान प्रविधि क्षेत्रको विकास गर्ने गतिविधिलाई विज्ञान कूटनीति भन्ने गरिन्छ।

तर माथि उल्लेख गरिएझैं, विज्ञान एवं प्रविधिको विकासको अवस्था राष्ट्रिय स्वाधीनतासँग प्रत्यक्ष जोडिने मुद्दा बनिसकेको अवस्थामा हरेक देशले विज्ञान कूटनीतिको परिभाषा वा अभ्यासलाई फराकिलो बनाउँदै र थप महत्त्व दिँदै लगेका छन्। आज, विज्ञान कूटनीति हरूबीच निरन्तर सूचना प्रविधि आधिपत्यको खेलको मारबाट आफ्नो देशलाई कसरी जोगाउने र त्यो होडबाजीका बीच प्रमुख रणनीतिक प्रविधिको निर्माण प्रक्रियादेखि उपयोगसम्म देशलाई अग्रणी स्थानमा राख्ने भन्ने बृहत् रणनीति बन्न पुगेको छ। त्यसका लागि देशहरूले विज्ञान कूटनीतिलाई हेर्ने मन्त्रालय वा कार्यालयलाई राष्ट्रिय राजनीतिमा विशेष स्थान दिने, आफ्नो देशको प्रतिस्पर्धी क्षमता भएको क्षेत्रको विकासमा अधिकतम शक्ति खर्च गर्ने, आवश्यक कानुन निर्माण गर्ने, सहकार्य आवश्यक देशहरूमा विज्ञान सहचारी वा संयोजक राख्ने, आफ्ना देशका वैज्ञानिकहरूलाई क्षेत्रीय एवं विश्वव्यापी सहकार्यको 'प्लाटफर्म' तयार/परिचालन गर्नेसम्मका गतिविधिलाई विज्ञान कूटनीतिको एकै डालोमा राखेर व्याख्या गर्ने गरेको देखिन्छ।

## हामीले गर्नुपर्ने अनुभूति

माथि उल्लेख गरिएझैं, सूचना प्रविधि आधिपत्य र विज्ञान कूटनीति आजको विश्व व्यवस्थामा अब विकल्पका विषय रहेनन्। यी हामीले सतर्कतापूर्वक आत्मसात् गर्नुपर्ने, प्रतिस्पर्धा गर्नुपर्ने र सफलता हासिल गर्नुपर्ने अनिवार्य क्षेत्रका रूपमा स्थापित भइसकेका छन्। हामी यो विश्वव्यापी रूपान्तरणको दर्शक मात्रै बन्ने अवस्था आयो, रणनीतिक क्षेत्रका सूचना प्रविधिको विकास र उपयोगमा हाम्रो स्थान रहेन भने त्यसले लामो समयदेखि सानो तर प्राकृतिक, सांस्कृतिक एवं ऐतिहासिक रूपमा मध्यम शक्तिराष्ट्रका रूपमा रहेको हाम्रो पहिचान नै जोखिममा पर्ने खतरा छन्। साथै, विश्व राजनीतिको प्रवाह र प्रतिस्पर्धालाई ख्याल नगरी 'जो अगाडि आउँछ, उसैसँग सहकार्य' गर्न सुरु गर्दा पनि शक्तिराष्ट्रहरू बीचको प्रतिस्पर्धाको थप मारमा नेपाल पर्न सक्छ।

नेपालले क्षेत्रीय टेक-हब बन्ने, विश्वव्यापी सूचना प्रविधिको विकासको फाइदा लिने औपचारिक घोषणा गरिसकेको अवस्थामा हाम्रो परिकल्पनालाई वास्तविकतामा रूपान्तरण गर्न 'राष्ट्रिय विज्ञान कूटनीति' को रणनीति र कार्ययोजना आवश्यक छ। अत्यन्तै संवेदनशील विषयमा पनि सरोकारवाला निकायहरूबीच रहेकाको पर्खालका कारण सहकार्यको अभाव छ। जसले गर्दा, हामीले असफलताको तीतो अनुभव भोगेका छौं। तर अहिलेको ऐतिहासिक अवसरलाई सदुपयोग गर्दै देशको मुहार फेर्ने राष्ट्रिय संकल्प गर्ने बेला आएको छ। देशभित्र अधिकारसम्पन्न कानुनी निकायको तर्जुमा, स्रोत सुनिश्चितता, प्रमुख शक्तिराष्ट्रमा रहेका हाम्रा दूतावासहरूमा विज्ञान सहचारी वा संयोजक नियुक्ति, विज्ञान कूटनीति केन्द्रित शैक्षिक कार्यक्रम एवं जनशक्ति विकास र देशबाहिर विश्वका कुना-कुनामा विज्ञान र प्रविधिको क्षेत्रमा अपरिकल्पनीय सफलताहरू हासिल गरिरहेका नेपालीमार्फत 'नेपाल विज्ञान सौम्य शक्ति पब्लिक डिप्लोम्यासी परियोजना' सञ्चालनको एक नयाँ अध्यायको सुरुवातमा सिंगो देश व्यग्र प्रतीक्षारत छ।

# भ्रष्टाचारविरुद्धको अभियान कि प्रदर्शन मात्रै ?



प्रवीनकुमार यादव

(यादव कानुनका विद्यार्थी हुन्)

भ्रष्टाचारविरुद्धको अभियान राजनीतिक बहस, सार्वजनिक चासो र कानुनी विमर्शको केन्द्रमा छ। राज्यका निकायहरूले भ्रष्टाचार नियन्त्रणलाई सुशासन स्थापनाको प्रमुख आधारका रूपमा प्रस्तुत गरिरहेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियमित रूपमा अनुसन्धान, पक्राउ, मुद्दा दायर तथा सार्वजनिक प्रतिवेदनमार्फत आफ्नो सक्रियता देखाइरहेको छ। तर यति हुँदाहुँदै पनि आम नागरिकको मनमा एउटा गम्भीर प्रश्न यथावत् छ– के भ्रष्टाचारविरुद्धको अभियान वास्तवमै विधिको शासन र सार्वजनिक उत्तरदायित्व स्थापित गर्न सञ्चालन भइरहेको छ ? वा, यो राजनीतिक दबाब व्यवस्थापन, जनआक्रोश शमन तथा शक्ति सन्तुलनको साधन मात्र बनेको छ ?

भ्रष्टाचार निवारण ऐन, २०५९ ले घूस लिने र दिने दुवै कार्यलाई दण्डनीय अपराध मानेको छ। ऐनको दफा २(ख) ले 'रिसवत' लाई नगद, जिन्सी वा अन्य कुनै प्रकारको अनुचित लाभका रूपमा परिभाषित गरेको छ। वास्तवमा घुसखोरी भ्रष्टाचारको एउटा स्वरूप मात्र हो, सबै भ्रष्टाचार घुसखोरी हुँदैनन्। भ्रष्टाचारभित्र अवैध सम्पत्ति आर्जन, सार्वजनिक सम्पत्तिको हिनामिना, नक्कली कागजात प्रयोग, गैरकानुनी लाभ वा हानि पुर्‍याउने कार्य तथा अधिकारको दुरुपयोगजस्ता कार्यहरू पनि पर्छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो अधिकारको सीमा नाघेर काम गर्नु, कर्तव्य पूरा नगर्नु वा राष्ट्रहितविपरीत कार्य गर्नु अख्तियारको दुरुपयोग मानिन्छ।

अख्तियारको वार्षिक प्रतिवेदनले पछिल्ला तीन आर्थिक वर्षमा भ्रष्टाचारसम्बन्धी उजुरी उल्लेखनीय रूपमा बढेको देखाउँछ। आर्थिक वर्ष २०७९/८० मा आयोगमा २८,०६७ उजुरी दर्ता भएका थिए। सो अवधिमा १ सय ६२ भ्रष्टाचार मुद्दा विशेष अदालतमा दायर गरिएका थिए। आर्थिक वर्ष २०८०/८१ मा उजुरी संख्या बढेर ३६,१८६ पुग्यो। त्यही अवधिमा विशेष अदालतमा दायर हुने मुद्दा संख्या २ सय १ पुगेको थियो। तर आर्थिक वर्ष २०८१/८२ मा उजुरी संख्या पुनः बढेर ३७,०२६ पुगे पनि मुद्दा दायर संख्या १ सय ३७ मा झरेको देखिन्छ। यसले एउटा रोचक विरोधाभास प्रस्तुत गर्छ। उजुरी बढिरहेको छ, नागरिकको सहभागिता बढिरहेको छ, तर अभियोजन घटिरहेको छ। यदि भ्रष्टाचार नियन्त्रण प्रभावकारी भइरहेको हो भने उजुरी घट्नुपर्ने हो, यदि भ्रष्टाचार बढिरहेको हो भने अभियोजन पनि समानुपातिक रूपमा बढ्नुपर्ने हो। यही असन्तुलनले भ्रष्टाचारविरुद्धको अभियानको वास्तविक प्रभावकारितामाथि प्रश्न उठाउने आधार बनाएको छ।



तस्बिर : कान्तिपुर

आर्थिक वर्ष २०८०/८१ मा अख्तियारले २ सय १ मुद्दा दायर गर्दै १,५४५ भन्दा बढी व्यक्तिलाई प्रतिवादी बनाएको थियो र करिब ८.३५ अर्ब रुपैयाँ बिगो दाबी गरेको थियो। तर आर्थिक वर्ष २०८१/८२ मा प्रतिवादी संख्या घटेर ७ सय ५३ मा सीमित रह्यो र बिगो दाबी रकम पनि ५.९७ अर्ब रुपैयाँमा झर्‍यो। त्यस वर्ष दायर भएका १ सय ३७ मुद्दामध्ये ३७ घुसखोरी, ३६ गैरकानुनी लाभ वा हानि, २७ नक्कली शैक्षिक प्रमाणपत्र, २३ सार्वजनिक सम्पत्तिमा हानि, ८ अवैध सम्पत्ति आर्जन, २ सम्पत्ति शुद्धीकरण र ४ अन्य प्रकृतिका थिए। यसले भ्रष्टाचारको स्वरूप विविध र जटिल बन्दै गएको संकेत गर्छ। विशेष गरी नक्कली शैक्षिक प्रमाणपत्र र अवैध सम्पत्ति आर्जनसम्बन्धी मुद्दाको उपस्थिति प्रशासनिक नैतिकताको संकटतर्फ संकेत गर्ने विषय हो। यदि अभियान केवल तथ्यांक प्रदर्शनमा सीमित हुने हो भने मुद्दाको संख्या बढ्नु उपलब्धि देखिन सक्छ तर वास्तविक उपलब्धि भनेको भ्रष्टाचारको मात्रा घट्नु, सार्वजनिक संस्थामाथिको विश्वास बढ्नु र दोषीलाई अन्तिम सजाय सुनिश्चित हुनु हो।

केवल मुद्दा दायर गर्नु पर्याप्त हुँदैन, दोषी ठहर हुनु र सजाय कार्यान्वयन हुनु आवश्यक हुन्छ। अख्तियारको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ मा विशेष अदालतबाट भएका निर्णयमध्ये करिब ६५.६७ प्रतिशतमा अभियोजन सफल भएको थियो। तर २०८१/८२ मा यो दर घटेर ५२.६७ प्रतिशतमा झरेको देखिन्छ। यद्यपि, नयाँ फैसला भएका मुद्दामध्ये दोषसिद्ध हुने दर ६७.२३ प्रतिशत रहेको उल्लेख गरिएको छ। यी तथ्यांकहरूले अभियोजन र न्यायिक निष्कर्षबीचको दूरी देखाउँछन्। यदि अनुसन्धान कमजोर भयो भने अदालतमा मुद्दा टिक्दैन। यदि प्रमाण संकलनमा त्रुटि भयो भने दोषी उम्कन सक्छ। यही कारणले अख्तियारले सर्वोच्च अदालतमा सयौं पुनरावेदन दायर गर्नुपरेको अवस्था देखिन्छ। भ्रष्टाचार नियन्त्रणको सफलता केवल छापामार शैलीको कारबाहीमा होइन, अन्तिम न्यायिक परिणाममा मापन गरिनुपर्छ।

नेपालको न्यायिक इतिहासमा भ्रष्टाचारसम्बन्धी केही महत्त्वपूर्ण नजिरहरूले कानुनी सिद्धान्त विकास गरेका छन्। 'चिरञ्जीवी वाग्लेविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेत' प्रकरणले वैध आयस्रोत पुष्टि गर्न नसकिने सम्पत्तिलाई भ्रष्टाचारजन्य सम्पत्तिका रूपमा हेर्ने सिद्धान्तलाई बलियो बनायो। 'नेपाल सरकारविरुद्ध खुमबहादुर खड्का' मुद्दाले अस्वाभाविक सम्पत्ति आर्जनको विषयमा राज्यलाई अनुसन्धान र अभियोजनको अधिकार स्पष्ट गर्‍यो। 'रामजीप्रसाद रौनियारविरुद्ध नेपाल सरकार' मा झूटा बिलिङमार्फत सार्वजनिक रकम दुरुपयोगलाई भ्रष्टाचार मानिएको थियो। 'नेपाल सरकारविरुद्ध केदारचन्द्र खनाल' प्रकरणले अख्तियार दुरुपयोगको अवधारणालाई विस्तृत व्याख्या गरेको थियो। यी नजिरहरूले भ्रष्टाचारविरुद्धको कानुनी संरचनालाई बलियो बनाएका छन्। तर प्रश्न यथावत् छ– कानुनी सिद्धान्त बलियो हुँदा पनि किन भ्रष्टाचार नियन्त्रणमा अपेक्षित सफलता हासिल हुन सकेको छैन ?

यसको उत्तर नेपालको राजनीतिक अर्थशास्त्रमा खोज्नुपर्छ। भ्रष्टाचार केवल व्यक्तिगत लोभको परिणाम होइन, शक्ति, संरक्षण, पहुँच र दण्डहीनताको संरचनासँग जोडिएको विषय हो। नेपालमा भ्रष्टाचारविरुद्धको अभियान प्रायः चर्चित घटनापछि तीव्र हुने र समय बित्दै जाँदा सुस्त हुने प्रवृत्ति देखिन्छ। कतिपय अवस्थामा उच्च पदस्थ व्यक्तिमाथि अनुसन्धान सुरु भए पनि अन्तिम निष्कर्षसम्म पुग्न कठिनाइ देखिन्छ। यसले चयनात्मक न्यायको आरोपलाई बल दिन्छ। अख्तियारले सबै तहका व्यक्तिविरुद्ध अनुसन्धान भइरहेको दाबी गरे पनि सार्वजनिक धारणा भने अझै सन्तुष्ट छैन। विशेष गरी नीतिगत भ्रष्टाचार, ठूला सार्वजनिक खरिद, पूर्वाधार आयोजना, सहकारी, राजस्व र प्राकृतिक स्रोतसँग सम्बन्धित प्रकरणमा अपेक्षित कठोरता देखिएको छैन भन्ने आलोचना निरन्तर सुनिन्छ। भ्रष्टाचारविरुद्धको अभियान निष्पक्ष देखिनका लागि राजनीतिक शक्ति, प्रशासनिक पहुँच र आर्थिक प्रभावभन्दा माथि उठेर कानुनको समान प्रयोग हुन आवश्यक छ।

भ्रष्टाचारविरुद्धको अभियान केवल मुद्दा दायर गर्ने प्रशासनिक प्रक्रिया होइन। यो लोकतन्त्र, विधिको शासन र सार्वजनिक विश्वाससँग प्रत्यक्ष सम्बन्धित राष्ट्रिय अभियान हो। आर्थिक वर्ष २०७९/८०, २०८०/८१ र २०८१/८२ का तथ्यांकले उजुरी वृद्धि, अभियोजनको उतारचढाव, दोषसिद्ध हुने दरमा परिवर्तन तथा भ्रष्टाचारका बदलिँदा स्वरूपलाई स्पष्ट देखाएका छन्। यसले नेपालमा भ्रष्टाचार नियन्त्रणको चुनौती अझै गम्भीर रहेको पुष्टि गर्छ। यदि अभियानको उद्देश्य केवल तथ्यांक प्रस्तुत गर्नु, केही चर्चित गिरफ्तारी देखाउनु र राजनीतिक सन्देश प्रवाह गर्नु मात्र हो भने यसलाई सफल भन्न सकिँदैन। सफलता तब मात्र प्रमाणित हुन्छ जब भ्रष्टाचारको वास्तविक दर घट्छ, सार्वजनिक संस्थामाथिको विश्वास बढ्छ, अवैध सम्पत्ति जफत हुन्छ, दोषीलाई अन्तिम सजाय सुनिश्चित हुन्छ र कानुन सबैका लागि समान रूपमा लागू हुन्छ।

रास्वपा महाधिवेशन

रास्वपाको महाधिवेशन चितवनमा जारी छ । महाधिवेशनबाट पार्टीले नयाँ नीति र नयाँ नेतृत्व चयन गर्नेछ । मुलुकको सबैभन्दा ठूलो पार्टीको पहिलो महाधिवेशनले निर्वाचित गर्ने नेतृत्व र लिने नीतिका विषयमा सर्वत्र चासो छ । यही सन्दर्भमा रास्वपाको स्थापना कालदेखि नै जोडिएकी नेता तथा कानुन न्याय तथा संसदीय मामिलामन्त्री **सोविता गौतम र महामन्त्री भूपदेव शाह**सँग कान्तिपुरका लागि डीपी उपाध्याय, जयसिंह महरा र गौरव पोखरेलले गरेको कुराकानी :

# महाधिवेशनबाट पार्टीले स्थायी र परिपक्व संरचना पाउँछ



**● सोविता गौतम**
केन्द्रीय सदस्य, रास्वपा तथा मन्त्री

**कुनै पनि राजनीतिक दलको पहिलो महाधिवेशनले त्यसको भविष्य निर्धारण गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । पार्टीले कस्तो नीति लिन्छ, कस्तो नेतृत्व चयन गर्छ र नेतृत्व तहमा कस्ता व्यक्तिहरू आउँछन् भन्ने विषयले पार्टीको विचार र चरित्र निर्धारण गर्छ । यस्ता सन्दर्भमा महाधिवेशनबाट तपाईंको अपेक्षा के छ ?**

हामीले ७ असार २०७९ मा वैकल्पिक राजनीतिको अभियानबाट यात्रा सुरु गरेका थियौं । वैकल्पिक राजनीतिबाट अघि बढ्दै आज हामी मूलधारको राजनीतिमा आइपुगेका छौं । यात्रा छोटो भए पनि यो अवधिमा धेरै अनुभूति गर्ने अवसर पायौं । संसदीय अभ्यासको अनुभव भयो, सडकको पनि अनुभव भयो । हामी मूलतः सडक आन्दोलनबाट आएका मानिस होइनौं । हाम्रो विश्वास वैचारिक बहसमा थियो, फरक विचारका साथ जनतामाझ जाने उद्देश्यले हामी राजनीतिमा आएका हौं ।

संस्थापक केन्द्रीय सदस्यको हिसाबले पार्टी यति छोटो समयमा यो स्थानमा पुग्नु मेरा लागि गर्व र सौभाग्य दुवै विषय हो । नयाँ पार्टी सुरु गर्दा सबैको चाहना हुन्छ- एक दिन मूलधारको राजनीतिमा पुग्ने । तर त्यो यात्रा कति लामो हुन्छ भन्ने सुरुवात गर्नेहरूलाई थाहा हुँदैन । लक्ष्य स्पष्ट हुन्छ तर त्यो लक्ष्यमा कहिले पुगिन्छ भन्ने निश्चित हुँदैन । त्यसैले निरन्तर मिहिनेत गर्दै अघि बढ्ने संकल्पका साथ हामी हिँडेका थियौं । यति छिट्टै यो स्थानमा पुग्नु हामी सबैका लागि गर्वको विषय हो । अहिले फर्केर हेर्दा, छोटो समयमै हामीले जुन धरातलबाट यात्रा सुरु गरेका थियौं, सांगठनिक रूपमा त्यो आधार धेरै फराकिलो भएको छ । तर वैचारिक दृष्टिकोणले भने अझै धेरै काम गर्न बाँकी छ । पार्टीको स्कुलिङदेखि लिएर वैचारिक प्रशिक्षणसम्मका धेरै क्षेत्रमा हामीले थप मिहिनेत गर्नुपर्ने अवस्था छ ।

अब प्रथम महाधिवेशन हुँदै छ । मेरो अपेक्षा के छ भने यो महाधिवेशनले रास्वपालाई एउटा परिपक्व राजनीतिक दलका रूपमा स्थापित गर्नेछ । नेतृत्व पनि त्यहीअनुरूप चयन हुनेछ भन्ने विश्वास छ । देशभर देखिएको उत्साह र प्रतिनिधिहरूको सहभागिता हेर्दा पार्टीले सक्षम नेतृत्व चयन गर्नेछ भन्ने लाग्छ । सभापतिका रूपमा त हाम्रो नेतृत्व रवि लामिछानेले नै गर्नु हुनेछ । त्यसबाहेक पनि अन्य सक्षम नेतृत्व चयन भएर पार्टीलाई अझ सुदृढ र प्रभावकारी बनाउन योगदान गर्नु हुनेछ भन्ने अपेक्षा गरेको छु ।

**रास्वपा आफूलाई नयाँ राजनीतिक शक्ति भन्छ तर संगठनभित्र महिला, दलित र सीमान्तकृत समुदायको प्रतिनिधित्व अझै न्यून छ । जिल्ला सभापतिमा महिला दुई जना र दलित एक जना मात्रै निर्वाचित हुनुभएको छ । पहिलो महाधिवेशनले यो तस्बिर बदल्छ, कि समावेशिता तपाईंहरूको नारामै सीमित रहने हो कि ?**

विशेष वर्ग, समुदाय वा लिंगको मात्रै प्रतिनिधित्व हुने पदाधिकारी बनाउने कि समानुपातिक कोटामार्फत समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने भन्ने विषयमा हाम्रो धारणा स्पष्ट छ । रास्वपाले सुरुदेखि नै समावेशी सोचलाई आफ्नो वैचारिक आधार बनाएको हो । हाम्रो पार्टीको मूल चरित्र नै सबै वर्ग, समुदाय र सीमान्तकृत समूहलाई मूलधारमा समेट्ने हो । जहाँ-जहाँ सम्भव भएको छ, त्यहाँ-त्यहाँ हामीले समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने प्रयास गरेका छौं । तर भुइँ तहसम्म पुग्दा अझै धेरै काम गर्न बाँकी छ । मैले अघि पनि भनें, स्कुलिङमा हामी कमजोर छौं ।

पार्टी त तीव्र रूपमा विस्तार भयो, सदस्य पनि धेरै भए । तर राजनीतिलाई सुझबुझ, चेतनासहित आउने साथीहरूलाई व्यवस्थित रूपमा प्रशिक्षण दिन सकेनौं भने केही पक्ष छुट्ने सम्भावना रहन्छ । त्यसैले अहिले चुनौती तल्लो तहको संगठन, स्कुलिङ र क्षमता विकासमै छ । पार्टी निर्माणसँगै अब त्यसतर्फ थप ध्यान दिन्छौं । माथिल्लो तहमा भने हामीले सकेसम्म समावेशी अभ्यास गरेका छौं । मन्त्रिमण्डलदेखि पार्टीभित्रका विभिन्न जिम्मेवारीसम्म दलित, बादी समुदाय, महिला, फरक यौनिक तथा लैंगिक अल्पसंख्यकलगायत सबै समुदायलाई समेट्ने प्रयास गरेका छौं ।

**प्रश्न सरकारको मात्र होइन, पार्टीको पनि हो । पहिलो महाधिवेशनपछि नेतृत्व संरचनाले देशको सामाजिक विविधता प्रतिबिम्बित गर्छ, कि समावेशिता फेरि कोटामै सीमित रहन्छ ?**

बनाउनुपर्छ, हामी त्यसमा प्रयत्नशील छौं । हाम्रो प्रयास भनेको दलको संरचनालाई सकेसम्म समावेशी बनाउने हो । अहिले नै अन्तिम संरचना कस्तो हुन्छ भनेर भन्न सकिँदैन । तर नेतृत्व चयन हुने समयमा सबै समुदायलाई समेट्ने गरी खुला र समावेशी अभ्यास गर्ने हाम्रो प्रतिबद्धता छ । यस विषयमा हामी संवेदनशील पनि छौं ।

**महाधिवेशनले त आगामी नीति र नेतृत्व मात्रै होइन, विधान पनि पारित गर्छ । महिलालाई नेतृत्वमा समेट्नका लागि 'उप/सह' पदमा मात्रै जिम्मेवारी दिन लागेको देखिन्छ । त्यसैले कार्यकारी पदमा समावेशी नेतृत्व सुनिश्चित गर्ने व्यवस्था विधानमै राख्नुहुन्छ कि राख्नुहुन्न ?**

यो विषय हामीले केन्द्रीय समितिको बैठकमै उठाएका थियौं । महिलाको प्रतिनिधित्व 'उप' मा मात्रै सीमित हुने होइन । अन्य सबै पद खुला छन् । तर आरक्षणमार्फत महिलाको सहभागिता सुनिश्चित हुनुपर्छ भन्ने हाम्रो धारणा हो । त्यो व्यवस्था विधानमै समेटिनुपर्छ भन्ने विषयमा विस्तृत छलफल भएको छ । सभापतिले पनि यस विषयमा आफू प्रतिबद्ध रहेको स्पष्ट रूपमा भन्नुभएको छ । सबै साथीहरू यसमा सहमत हुनुहुन्छ ।

महिलाको हकमा संविधानले सुनिश्चित गरेको कम्तीमा ३३ प्रतिशत प्रतिनिधित्व त हुनैपर्छ । तर हाम्रो पार्टीभित्र त किन ३३ प्रतिशत मात्रै ५०-५० वा ५१-४९ को प्रतिनिधित्वतर्फ जानुपर्छ भन्ने बहससमेत भएको छ । जनसंख्याको अनुपातअनुसार अझ बढी प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ भन्ने धारणा पनि आएको छ । त्यसमा अधिकांश साथीहरूको समर्थन रहेको छ ।

> पार्टीको स्कुलिङदेखि लिएर वैचारिक प्रशिक्षणसम्मका धेरै क्षेत्रमा हामीले थप मिहिनेत गर्नुपर्ने अवस्था छ
>
> समावेशिता, महिला नेतृत्व र सीमान्तकृत समुदायको प्रतिनिधित्वलाई संस्थागत गरी परिपक्व र समावेशी नेतृत्व बनाउने हाम्रो प्रतिबद्धता छ
>
> सहमतिको परिस्थिति निर्माण भएन भने निर्वाचनमा जानुपर्ने हुन्छ, रास्वपा त्यसका लागि पनि खुला छ, यस्तै हुनुपर्छ भन्ने होइन तर नेतृत्व चयनमा सहमति गर्दा राम्रो हो

**रास्वपाले करिब ५२ लाख मत पाएको छ । जनमत हेर्दा मधेश, महिला र नयाँ पुस्ताको ठूलो साथ देखिन्छ । तर नेतृत्व र पद बाँडफाँटको विषय आउँदा ती समुदायलाई अघि सार्न भने पार्टी किन हिचकिचाइरहेको देखिन्छ ?**

त्यस्तो होइन । हामी २१ जनाबाट पार्टी सुरु गरेर छोटो समयमै यहाँसम्म आइपुगेका हौं । यति ठूलो जनमत हाम्रो अपेक्षाभन्दा बाहिरको जनविश्वास थियो, यो जनताको हामीमाथि ठूलो विश्वास र भरोसा हो । त्यसकारण सुरुका वर्षहरूमा हाम्रो ध्यान राज्य सञ्चालनको दृष्टिकोण र वैकल्पिक राजनीतिको एजेन्डामा बढी केन्द्रित भयो । संगठन निर्माणमा केही कमजोरी रहे, त्यो हामी स्वीकार गर्छौं । समय पनि छोटो थियो ।

अहिले पनि हामी तदर्थ संरचनाबाटै आएका हौं । यो प्रथम महाधिवेशनपछि मात्रै पार्टीले स्थायी र परिपक्व संरचना पाउँछ । त्यसपछि समावेशिता, महिला नेतृत्व र सीमान्तकृत समुदायको प्रतिनिधित्वलाई संस्थागत गरी परिपक्व र समावेशी नेतृत्व बनाउने हाम्रो स्पष्ट प्रतिबद्धता छ । यसमा नेतृत्व तह पनि स्पष्ट छ ।

**महाधिवेशनको संघारमा तपाईंको आफ्नै उम्मेदवारीबारे पनि धेरै चासो छ । तपाईं कुन पदमा उम्मेदवारी दिँदै हुनुहुन्छ ?**

अहिले त्यसबारे बोल्ने बेला भएको छैन । अहिले हामी महाधिवेशन प्रतिनिधि मात्र हौं । त्यसपछि केन्द्रीय सदस्यको उम्मेदवारी हुन्छ र त्यसपछि मात्रै पदाधिकारी चयनको प्रक्रिया अघि बढ्छ । आन्तरिक तयारी सबैले गरिरहनुभएको होला । तर जिम्मेवार नेतृत्वले उचित समयमा मात्रै आफ्नो धारणा सार्वजनिक गर्नुपर्छ भन्ने मेरो विश्वास हो । अहिले मेरो प्राथमिकता पार्टीलाई सही दिशामा अघि बढाउने हो । पदाधिकारीमा उम्मेदवारी दिन्छु, पार्टीलाई सही ठाउँमा पुर्‍याउनका लागि काम गर्नुपर्छ । सुरुवातदेखि यहाँसम्म आइपुग्दा नेतृत्व दिँदै आएको हुँदा उचित समयमा घोषणा गर्छु ।

**रास्वपाले महाधिवेशनबाट नेतृत्व चयन सहमतिबाट गर्छ कि लोकतान्त्रिक विधि अपनाउँछ ?**

नेतृत्व चयनको लोकतान्त्रिक विधिमा निर्वाचन र सहमति दुवै पर्छन् । कसैको इच्छा नभईकन त सहमति पनि जुट्दैन । सहमति जुट्ने विधि पनि लोकतान्त्रिक नै हो । निर्वाचन हुनु पनि लोकतान्त्रिक विधि नै हो । हामी सबै जना के कुरामा स्पष्ट छौं भने सकेसम्म सहमतिमा नेतृत्व चयन गर्दा राम्रो किनभने यो पहिलो महाधिवेशन हो । पहिलो महाधिवेशनमा निर्वाचन हुनेबित्तिकै एउटा पक्षले जित्छ, एउटा त हार्छ । हारजित गर्नुभन्दा पनि पहिलो महाधिवेशन भएकाले सबैलाई सहमतिमा समेट्न र सबैले सबैलाई चित्त बुझाएर सबैले सबैको स्वीकार्यता हुँदाखेरि राम्रो हुन्छ भन्ने मेरो मत हो । त्यसमा अरू नेताहरूको पनि राय यस्तै प्रकारको छ । सहमतिको परिस्थिति निर्माण भएन भने निर्वाचनमा जानुपर्ने हुन्छ, रास्वपा त्यसका लागि पनि खुला छ । यस्तै हुनुपर्छ भन्ने होइन तर नेतृत्व चयनमा सहमति गर्दा राम्रो हो ।

**उम्मेदवारी शुल्क २१ हजार रुपैयाँबाट सुरु हुने व्यवस्था छ, आलोचकहरूले यो शुल्कलाई हेरेर रास्वपा धनीहरूको पार्टी भन्ने टिप्पणी पनि गर्छन् । तपाईंहरू यसलाई कसरी हेर्नुहुन्छ ?**

हाम्रो उद्देश्य व्यापारीसँग चन्दा उठाएर पार्टी चलाउने पुरानो अभ्यास तोड्नु हो । पार्टी आफ्नै स्रोतबाट चल्नुपर्छ भन्ने हाम्रो नीति हो । महाधिवेशनदेखि पार्टीका सबै गतिविधि पारदर्शी छन् । सबै विवरण वेबसाइटमा सार्वजनिक गरेका छौं । उम्मेदवारी शुल्क पनि त्यसैको एउटा हिस्सा हो । कसैले आर्थिक रूपमा असमर्थता देखाएमा त्यसको व्यवस्थापन गर्ने व्यवस्था पनि पार्टीले राखेको छ ।

**पार्टी दर्तापछि पहिलो आमसभा पनि चितवनमै भयो, अहिले पहिलो महाधिवेशन पनि यहीँ हुँदै छ । चितवनबाट निर्वाचित सांसदका रूपमा तपाईंका लागि यसको अर्थ के हो ?**

पार्टीका लागि एक हिसाबले चितवन जन्मस्थलभन्दा कम छैन । सभापतिज्यूले यहीँबाट पार्टी बनाउनुपर्छ भन्ने सोच अघि बढाउनुभएको थियो भन्ने लाग्छ । पार्टी निर्माणको समग्र प्रक्रियामा पनि चितवनको भूमिका अलि बढी नै छ । हामीले पार्टीको घोषणा काठमाडौंमा गर्‍यौं, तर त्यसपछिको पहिलो सभा चितवनमा भयो । त्यसयता पनि प्रायः पहिलो सभा चितवनमै गर्ने गरेका छौं । पहिलो महाधिवेशन पनि यहीँ हुन पाउँदा मलाई निकै गर्व लागेको छ । मेरो निर्वाचन क्षेत्र पनि यहीसँग जोडिएको छ । देशभरका नेता, मन्त्री र प्रतिनिधिहरू यहीँ आउँदा अझ गर्वको अनुभूति हुन्छ । सधैं राजनीतिको केन्द्र काठमाडौं हुन्थ्यो तर अहिले चितवन नै राजनीतिको केन्द्र बनेको छ । यसले मलाई निकै खुसी बनाएको छ ।

**तपाईंहरू आफूलाई वैकल्पिक राजनीतिको शक्ति भन्नुहुन्छ । त्यसैले यो महाधिवेशन पनि परम्परागत दलभन्दा फरक हुनुपर्छ भन्ने अपेक्षा छ । नयाँ के देख्न पाइन्छ ?**

आइतबार उद्घाटन भएपछि सबै कार्यक्रमहरू अघि बढ्छन् । हामीले धेरै नयाँ अभ्यास गर्ने प्रयास गरेका छौं । तर के साँच्चै फरक भयो भन्ने मूल्यांकन महाधिवेशन सकिएपछि गर्नु उपयुक्त हुन्छ ।

**अन्त्यमा, चितवन तपाईंको निर्वाचन क्षेत्र पनि हो, पार्टीको महाधिवेशन यहाँ नै भइरहेको छ, यसमा सहभागी प्रतिनिधि, कार्यकर्ता र शुभेच्छुकलाई तपाईंको सन्देश के हुन्छ ?**

चितवनमा सबैलाई स्वागत छ । महाधिवेशन स्वच्छ, स्वस्थ र स्वस्थ प्रतिस्पर्धायुक्त बनाऔं । पार्टीले स्पष्ट वैचारिक दिशा लिन सकोस् र दूरगामी सोच भएका, राजनीतिमा योगदान दिन सक्ने साथीहरूले अवसर पाऊन् । पार्टी केवल पद प्राप्त गर्ने माध्यम होइन, जनतालाई भविष्यप्रति आशा दिने संस्था हो । त्यसैले 'मै मात्र हुनुपर्छ' भन्ने अहंकारबाट माथि उठेर देश बनाउन पार्टीमा कस्ता मानिस आवश्यक छन् भन्ने सोचका साथ निर्णय गरौं । त्यागको संस्कृतिलाई पनि स्थापित गर्न आवश्यक छ । सभापतिले प्रधानमन्त्री पद छोड्दा समाजले त्यसको प्रशंसा गरेको थियो । अरूले त्याग गर्दा वाहवाही गर्ने तर आफ्नो पालोमा पद नछोड्ने प्रवृत्ति राम्रो होइन । त्यसैले उदारता, सहकार्य र जिम्मेवारीका साथ यो महाधिवेशनमा सहभागी बनौं भन्ने मेरो आग्रह छ ।

# रास्वपामा कुनै पनि प्यानल वा गुट छैन



**● भूपदेव शाह**
महामन्त्री, रास्वपा

**संघीयता, संघ र प्रदेशको सम्बन्ध अनि गणतन्त्र र समावेशिताका विषयमा रास्वपाले आफ्नो दृष्टिकोणसहित कुनै राजनीतिक प्रतिवेदन पेस गर्छ ?**

राजनीतिक दस्तावेजबारे महाधिवेशनमा प्रस्तुत हुने पार्टीका सभापतिको प्रतिवेदनले रास्वपाको विचार स्पष्ट बनाउनेछ । पार्टी किन सुरु गरियो ? देशको नेतृत्वमा पुग्दा सुरुवातका उद्देश्य कति सान्दर्भिक छन् ? भविष्यमा पार्टीलाई कस्तो बनाउने ? भन्ने दिशाबारे प्रकाश पार्नेछ । पार्टीको विचारधारा र जनसमुदायप्रति यसको भूमिकालाई पनि यसले व्याख्या गर्नेछ । तर, संविधानका आधारभूत संरचना जस्तै संघीयता, गणतन्त्र र अन्य विषयमा भने यो प्रतिवेदनले विस्तृत बहस गर्ने छैन । यी विषयलाई पार्टीले अलग रूपमा हेरेको छ । महाधिवेशन सकिएपछि केही समयभित्रै विधान महाधिवेशन आयोजना गर्ने तयारी छ, जहाँ यी संवेदनशील र संरचनात्मक विषयबारे गहिरो छलफल गरिनेछ । त्यहाँ सबै विषयमा खुला, विस्तृत र घनीभूत बहस गरी पार्टीको दीर्घकालीन दृष्टिकोण तय गर्ने योजना छ । पार्टीको जीवनमा सधैं उकालो मात्रै भन्ने हुँदैन, ओरालो यात्रा पनि हुन्छ, उतारचढाव हुन्छ । त्यसैले समावेशिताको विषयचाहिँ हामीले विभिन्न चरणमा पूरा गर्न नसकेका हौं । यद्यपि हामीले त्यो बाटो बन्द गरेका थिएनौं । संघीयता र मधेशको विषयमा क्लियर छौं, संघीयतामा संशोधन खोजेका छैनौं- संघीयता र यही व्यवस्थाप्रति स्पष्ट छौं । सही नेतृत्व र सक्षम पार्टीले प्रदेश सरकार चलायो भने यही प्रणालीभित्र पनि देश र प्रदेश दुवै फस्टाउन सक्छन् । अहिले समस्या संरचनामा होइन, कार्यान्वयन र नेतृत्वमा हो । त्यसैले राष्ट्रिय स्वतन्त्र पार्टीले प्रदेश सभाबाट नेतृत्व गर्ने अवसर पाए प्रदेश सञ्चालनको प्रभावकारी मोडेल प्रस्तुत गर्ने लक्ष्य राखेको छ ।

**रास्वपा समावेशी चरित्रको पार्टी हो भनिन्छ । नेपाल बहुभाषिक र बहुसांस्कृतिक देश हो, त्यसैअनुसार पहिलो महाधिवेशनबाट बन्ने केन्द्रीय समिति र पदाधिकारी तहमा पनि त्यो समावेशी झलक देख्न पाइन्छ ?**

आजको केन्द्रीय समिति बैठकमा समावेशिता, अल्पसंख्यक अधिकार र विविध विषयमा गहिरो छलफल भयो । सरकारमा पनि महिला तथा पछाडि परेका समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने प्रयास भइरहेको छ । पार्टी नेतृत्व संरचना पनि समावेशी बनाउने दिशामा अघि बढ्ने निर्णय भएको छ । आउने दिनमा स्पष्ट रूपमा केन्द्रीय समितिको सचिवालयमा सबैतिर समावेशिता हुनेछ । देशको जे जस्तो चित्र छ, पार्टीको लिडरसिपमा पनि त्यो झल्किनेछ ।

**कतिपयले सुधारिएको संघीयता पनि भनेका छन् । प्रदेश संरचनाको हकमा तपाईंको पार्टीका नेताहरूको मत के छ ? अहिलेकै ठीक छ भन्ने हो कि यसलाई संशोधनसहित फरक केही गरेर जाउँ भन्ने हो ?**

आजको अवस्थामा हाम्रो विचारअनुसार अहिलेकै व्यवस्था ठीक छ । तर, लोकतान्त्रिक प्रक्रियाअनुसार भविष्यमा सुधारका लागि बहस र छलफल आवश्यक हुन्छ । यसका लागि हामी बहसका फोरम बनाउँछौं, जहाँ भूगोल, जनसंख्या र अन्य पक्षका आधारमा सुझाव आउन सक्छन् । ती सुझावले प्रदेश संरचना अझ सशक्त बनाउन मद्दत गर्न सक्छ । तर, अहिले हामी संविधानलाई स्पष्ट रूपमा स्वीकार गर्छौं र तत्काल परिवर्तनको पक्षमा छैनौं ।

**तपाईंले भन्नुभयो- पार्टी समावेशी हुन्छ । तर, यो महाधिवेशन पदाधिकारीमा महिलालाई सीमित समावेश गरिएको देखिन्छ- जस्तै उपाध्यक्ष वा सहमहामन्त्री पदमा मात्रै । प्रमुख कार्यकारी पदमा महिलालाई किन समेट्न नसकिएको ?**

हामीले कुनचाहिँ पदमा रोक्यौं ? शतप्रतिशत पदमा उहाँहरू आउने बाटो खुला छ । चुनाव लड्न पाउनुहुन्छ ।

**त्यसो भए पदाधिकारीमा पनि यो पटक प्रतिस्पर्धा हुँदै छ, चुनाव नै हुँदै छ ?**

पहिलो चरणमा सभापति र केन्द्रीय सदस्यको निर्वाचन हुँदै छ । अहिले धेरै आकांक्षी देखिएका छन्- लामो समयदेखि पार्टीमा योगदान दिएका, हालका सांसददेखि नयाँ बौद्धिक तथा प्रबुद्ध व्यक्तिसम्म । त्यसैले यो पटक ठूलो संख्यामा उम्मेदवारी पर्ने देखिन्छ । १८२ जना हाम्रा सांसद त संसद्मै हुनुहुन्छ । पार्टीले अपेक्षा गरेभन्दा करिब छ-सात गुणा बढी उम्मेदवारी पर्ने अवस्था देखिएको छ । यस्तो ठूलो संख्यामा आकांक्षी भएकाले अब महाधिवेशन लोकतान्त्रिक प्रक्रियाबाटै अर्थात् चुनावमार्फत नै अघि बढ्ने सम्भावना प्रबल छ । त्योभन्दा अघि आकांक्षीलाई आपसमा छलफल गरेर, भूगोल वा क्षेत्रका आधारमा कसरी अघि बढ्ने भन्ने विषयमा सहमति गर्न सुझाव दिइएको छ । सभापतिले पनि मिलेर आउन सके सहज हुने र एकताको सन्देश दिन सकिने बताउनुभएको छ । तर, धेरै आकांक्षी भएकाले पार्टीसँग त्यो व्यवस्थापन गर्ने छुट्टै संयन्त्र छैन । त्यसैले अन्ततः लोकतान्त्रिक प्रक्रियाबाटै प्रतिस्पर्धा गरिनेछ भन्नेमा सबै सहमत छन् ।

**रास्वपा विभिन्न समूह र व्यक्ति मिलेर बनेको पार्टी हो । चुनावअघि नै विभिन्न राजनीतिक व्यक्ति जोडिए- विवेकशील, साझालगायतका समूह पनि समाहित भएर पहिलो महाधिवेशनमा जाँदै छन् । यस्तो अवस्थामा सबैलाई समेट्न 'सहमतिमै अघि बढ्नुपर्छ' भन्ने विषय कति आइरहेको छ ?**

एकताको कुरा धेरै उठिरहेको छ । तर, पार्टीको दृष्टिकोणमा मुख्य कुरा व्यक्ति वा समूह समेट्ने होइन, उद्देश्य हो । जनताको अपेक्षा पूरा गर्ने लक्ष्यमा सबै एकै ठाउँ आउनुपर्छ भन्ने भावना छ । पहिलेका राजनीतिक दलहरू प्रायः भागबन्डा वा स्वार्थका आधारमा एक हुने गरेको आरोप पनि छ तर अहिलेको वातावरण फरक बनेको छ । जनताको भरोसा र अपेक्षाका कारण विभिन्न समूह र व्यक्ति पार्टीमा जोडिँदै आएका छन् । अब निर्वाचनबाट प्राप्त अवसरपछि सरकार र संसद्मा भूमिका पाएजस्तै संगठन पनि बलियो बनाउने चरणमा पार्टी प्रवेश गरेको छ । त्यसका लागि सक्षम, योग्य र समय व्यवस्थापन गर्न सक्ने नेतृत्व आवश्यक छ । त्यसैले मुख्य बहस को समेटिन्छ भन्ने होइन, पार्टीले आफ्नो उद्देश्य पूरा गर्न सक्छ कि सक्दैन भन्ने हो ।

> संघीयतामा संशोधन खोजेका छैनौं- संघीयता र यही व्यवस्थाप्रति स्पष्ट छौं, सही नेतृत्व र सक्षम पार्टीले प्रदेश सरकार चलायो भने यही प्रणालीभित्र पनि देश र प्रदेश दुवै फस्टाउन सक्छन्
>
> आउने दिनमा स्पष्ट रूपमा केन्द्रीय समितिको सचिवालयमा सबैतिर समावेशिता हुनेछ, देशको जे जस्तो चित्र छ, पार्टीको लिडरसिपमा पनि त्यो झल्किनेछ
>
> ठूलो संख्यामा आकांक्षी भएकाले अब महाधिवेशन लोकतान्त्रिक प्रक्रियाबाटै अर्थात् चुनावमार्फत नै अघि बढ्ने सम्भावना प्रबल छ

**तर, लोकतान्त्रिक प्रक्रियामा अघि बढ्दा सभापतिको पनि चासो देखिन्छ । शनिबारको केन्द्रीय समितिमा सभापतिले 'सहमतिमै जान सके राम्रो' भने होलान् । किनकि कोही चार महिनाअघि मात्रै पार्टीमा जोडिएका छन्, कोही चार वर्षदेखि । त्यसैले सबैलाई एउटै प्रतिस्पर्धामा राख्दा न्याय नहुन सक्छ भन्ने कुरा सभापतिले गरेका छन् । यस्तो अवस्थामा सबैलाई कसरी समेट्ने योजना छ ?**

यो विषयमा शनिबारको बैठकमा निकै छलफल भयो । सभापतिज्यू आफैंले पनि भन्नुभयो- चार महिना मात्रै पार्टीमा काम गरेको र चार वर्षदेखि काम गरिरहेको व्यक्तिलाई एउटै रेसमा दौडाउनु न्यायसंगत नहुन सक्छ । त्यसैलाई ध्यानमा राख्दै हामीले मनोनीतको ५१ प्रतिशत व्यवस्था गरेका छौं, जसबाट विभिन्न चरणमा आएका र योगदान दिएका सबैलाई समेट्ने प्रयास गरिन्छ । यसरी सबै पक्ष समावेश गरेरै पार्टीले अहिलेको नतिजा हासिल गर्न सफल भएको हो ।

**भनेको यो पटक चुनावै भयो भने पनि प्यानल बनाएर चुनाव हुँदैन ?**

हाम्रो पार्टीमा प्यानल वा गुट भन्ने छैन, न हिजो थियो, न आज छ । नेपालका पुराना राजनीतिक दलमा जस्तो समूह-समूह बनाएर शक्ति बाँड्ने अभ्यासले नै धेरै समस्या ल्याएको हो भन्ने हाम्रो बुझाइ छ । त्यसैले हामी त्यो बाटोमा जाँदैनौं । पार्टीको स्थापना नै पुरानो गुटबन्दी, भागबन्डा र समूहगत राजनीतिका विकल्पका रूपमा भएको हो । त्यसैले यहाँ प्यानल बनाउने, समूह बनाएर प्रतिस्पर्धा गर्ने वा आन्तरिक शक्ति संघर्ष गर्ने परम्परा स्वीकार गरिएको छैन । यहाँ व्यक्ति आफ्नो क्षमता, योगदान र योग्यताका आधारमा अघि बढ्छ । जिम्मेवारी पनि त्यही आधारमा दिइन्छ, कुनै समूह वा प्यानलको भागबन्डाबाट होइन । अहिले बाहिरबाट हेर्दा वा पुराना राजनीतिक अनुभवका आधारमा केहीले प्यानलको दृष्टिकोणले हेर्न सक्छन् तर पार्टीभित्र यस्तो संरचना वा अभ्यास छैन । महाधिवेशनपछि पनि यो अभ्यास नदोहोरिने स्पष्ट संकेत छ । किनकि हाम्रो लक्ष्य पार्टीलाई एकताबद्ध, सक्षम र उद्देश्यकेन्द्रित बनाउने हो, न कि गुटगत राजनीति विकास गर्ने ।

**तर, मनोनीत ५१ प्रतिशतको व्यवस्था सहमतिमा आएका समूह, चुनावअघि जोडिएका वालेन्द्र शाह नेतृत्वको टिम, विवेकशील-साझालगायत समाजका प्रतिष्ठित व्यक्ति समेट्न गरिएको हो भन्ने चर्चा छ । सभापतिलाई यति अधिकार दिइएको तिनलाई पार्टीमा जोगाइराख्न हो ?**

त्यो पक्कै होइन । स्पष्ट रूपमा केन्द्रीय समिति सचिवालय र हामी जिम्मेवार पदाधिकारीले सभापतिसँग गरेको छलफलको निष्कर्ष के हो भने मान्छे सक्षम छ, पार्टीलाई चाहिने छ र पार्टीले जिम्मेवारी दिएको खण्डमा पूरा गर्न सक्छ भने उसलाई तुरुन्तै ल्याइहाल्ने- जो कोही पनि हुन सक्छ । हिजो समायोजनबाट नआएको पनि हुन सक्छ, समायोजनबाट आएको पनि । हामी स्पष्ट छौं- गुट छैन ।

**महाधिवेशनपछि पनि पार्टीको यही नीति र दृष्टिकोण रहन्छ ?**

एकदमै यही नै रहन्छ ।

**मधेशका केही जिल्लामा मात्रै जिल्ला अधिवेशन हुन सकेको छ, अरू ठाउँमा छैन । अधिवेशनमा कुटपिट वा असन्तुलन देखिन थालेको भन्ने आलोचना पनि छ । जिल्ला-जिल्लामा अधिवेशन नहुनु वा केही स्थानमा गुटगत आरोप-प्रत्यारोप देखिनुलाई पार्टीले गम्भीर समीक्षा गर्नेछ ?**

त्यसमा एकदमै गम्भीर समीक्षा गर्छौं । मधेशमा हाम्रो संगठन तुलनात्मक रूपमा कमजोर थियो तर त्यस बाबजुद चुनावमा राम्रो नतिजा आएको हो । त्यसपछि पार्टीमा धेरै नयाँ समर्थक, कार्यकर्ता र विभिन्न क्षेत्रका व्यक्ति जोडिनुभयो । तर, एकै समयमा सरकार सञ्चालन, संसद्को जिम्मेवारी र पार्टी संगठन विस्तार- तीनै काम गर्नुपरेकाले सबैलाई व्यवस्थित गर्न कठिनाइ भयो । त्यसको असर केही जिल्लामा अधिवेशन हुन नसक्नुमा पनि देखियो ।

अहिले देखिएका समस्या व्यवस्थापनकै चुनौती हुन् । र, त्यसलाई हामीले गम्भीर रूपमा समीक्षा गरिरहेका छौं । महाधिवेशनपछि सबै जिल्लामा संगठनात्मक संरचना मजबुत बनाउँदै व्यवस्थित रूपमा अधिवेशन अघि बढाइनेछ । त्यसैगरी, पार्टीले स्पष्ट रूपमा अवसरवादी प्रवृत्ति र गलत उद्देश्यले आउने व्यक्तिलाई नियन्त्रण गर्ने नीति लिएको छ । सुरुदेखि नै योगदान दिएका कार्यकर्ता र अहिले अवसर खोज्दै आउने- दुवैमा यदि गलत उद्देश्य छ भने स्वीकार्य हुँदैन । पहुँच वा व्यक्तिगत सम्बन्ध देखाएर पार्टीभित्र प्रभाव जमाउने प्रयासलाई पूर्ण रूपमा अस्वीकार गरिएको छ । पार्टीमा क्षमता, योगदान र उद्देश्यका आधारमा मात्रै जिम्मेवारी दिने स्पष्ट नीति छ । महाधिवेशनलाई हामीले उत्सवका रूपमा मात्रै होइन, संगठन सुधार र भविष्यको दिशा तय गर्ने अवसरका रूपमा पनि लिएका छौं ।

**नयाँ नेतृत्व चयन प्रक्रियामा जाँदै गर्दा तपाईंहरू सरकारमा पनि हुनुहुन्छ, संसद्मा पनि ठूलो संख्यामा प्रतिनिधित्व छ र पार्टीभित्र पनि जिम्मेवारी बाँडफाँट हुँदै छ । यस्तोमा सरकार र संसदीय जिम्मेवारीमा रहेका नेताले पार्टीभित्र पनि जिम्मेवारी लिन्छन् कि लिँदैनन् ? पार्टी 'एक व्यक्ति एक पद' को सिद्धान्तमा जान्छ वा सरकारमा पनि महत्त्वपूर्ण जिम्मेवारीमा भएकालाई पार्टीमा पनि जिम्मेवारीमा ल्याउनुहुन्छ ?**

पार्टीले 'एक व्यक्ति एक पद' को कडा व्यवस्था विधानमा राखेको छैन । सांसद वा मन्त्रीहरूको पार्टीभित्रको भूमिकाबारे निर्णय व्यक्तिगत क्षमता र स्वतन्त्रतामा निर्भर हुने बताइएको छ । तर, उनीहरूलाई समय व्यवस्थापन र क्षमताको उच्चतम प्रयोग गर्दै दुवै जिम्मेवारी सम्हाल्न सकिन्छ भने अघि बढ्न भनिएको छ । नसक्ने अवस्थामा अन्य सक्षमलाई अवसर दिनुपर्ने धारणा पनि राखिएको छ । सरकारको कामबारे अहिले नै गहिरो समीक्षा गर्ने चरणमा पार्टी पुगेको छैन किनकि सरकार बनेको छोटो समय मात्रै भएको छ । अहिले प्राथमिकता सरकार, संसद् र पार्टीबीच समन्वय कसरी राम्रो बनाउने भन्नेमै छ । त्यसका लागि आवश्यक संरचना, स्रोत र जनशक्ति व्यवस्थापनमा पार्टीले काम गरिरहेको छ । तर, यसको ठोस परिणाम देखिन केही समय लाग्ने बताइएको छ ।

**रवि लामिछाने नै सभापतिमा दोहोरिने लगभग निश्चित हो ?**

सभापतिमा आदरणीय सभापति रवि लामिछाने र वरिष्ठ नेतामा सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाह निर्विकल्प हुनुहुन्छ ।

**तपाईंको स्थानचाहिँ कहाँनेर हुनेछ ?**

पार्टीले जहाँनिर राख्छ, म त्यहीं हुन्छु । जुन विधि र प्रक्रियाबाट आउनुपर्ने हो, म आउँछु ।

# स्विट्जरल्यान्डमा इरान र अमेरिकाबीच वार्ता



जेनेभामा आयोजित इरान–अमेरिका वार्तामा सहभागी अमेरिका, पाकिस्तान र कतारका अधिकारी । तस्बिर : एपी/रासस

जेनेभा (एजेन्सी)- युद्ध अन्त्य गर्न १४ बुँदे सहमतिमा हस्ताक्षर गरेयता आइतबार पहिलो पटक इरान र अमेरिकाको प्रतिनिधिमण्डल वार्तामा जुटेको छ । स्विट्जरल्यान्डको जेनेभामा सुरु भएको वार्तामा कतारका प्रतिनिधिहरू पनि सहभागी छन् । पाकिस्तानको मध्यस्थतामा त्रिपक्षीय वार्ता सुरु भएको हो । वार्तामा लेबनानको युद्धविराम र इरानको रोक्का सम्पत्ति फुकुवाका विषयमा छलफल भएको इरानी सञ्चारमाध्यम आईआरआईबीले जनाएको छ ।

'इरान, अमेरिका र कतारबीचको त्रिपक्षीय वार्तामा लेबनानको युद्धविराम र इरानको रोक्का सम्पत्तिबारे छलफल भएको छ,' आईआरआईबीको समाचारमा उल्लेख छ । लेबनानमा युद्ध अन्त्य गर्ने विषय इरान र अमेरिकाबीच गत बुधबार हस्ताक्षर भएको सम्झौतामा स्पष्ट उल्लेख भए पनि त्यहाँबाट इजरायली सेना फर्केको छैन । शुक्रबार र शनिबार दक्षिणी लेबनानमा इजरायलले ठूलो आक्रमण गरेको थियो ।

इरान र अमेरिकाबीच गत बुधबार भएको सम्झौतामा ६० दिनको अवधिका लागि हर्मुज जलमार्गलाई शुल्करहित र खुला राख्ने उल्लेख थियो । तर इजरायलले लेबनानमा आक्रमण नरोकेको भन्दै इरानले हर्मुज बन्द गर्ने घोषणा गरेको छ । समझदारीमा लेबनानसहित सबै मोर्चामा युद्ध अन्त्य गर्ने, इरानलाई यस अवधिमा स्वतन्त्र रूपमा तेल बिक्री गर्न दिइने, ६० दिने अवधिमा हुने वार्तापछि इरानमाथिको प्रतिबन्ध पूर्ण रूपमा हटाइने, इरानले आणविक हतियार कार्यक्रम बन्द गर्ने प्रतिबद्धता व्यक्त गर्नेलगायत बुँदाहरू उल्लेख थिए ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।
इन्द्रै बिन्ति गरून झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो ॥

हार्दिक श्रद्धाञ्जली



जन्म: बि.सं. २००२ श्रावण २४ गते

स्वर्गारोहण: बि.सं. २०८३ ज्येष्ठ २४ गते

स्व. मंगल प्रसाद गुप्ता

हाम्रा अनन्य मित्र श्री विवेक गुप्ताका पूजनीय पिता पूर्व सांसद श्री मंगल प्रसाद गुप्ताको ८० वर्षको उमेरमा दिल्लीस्थित मेदान्त अस्पतालमा उपचारका क्रममा भएको दु:खद् निधनको खवरले हामी अत्यन्त मर्माहत भएका छौं । आज १३ औं दिनको पुण्यतिथिमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद् घडीमा शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्तिको लागि भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना अर्पण गर्दछौं ।

अनिल कस्पाल, भक्तपुर
सरोज भण्डारी, वानेश्वर
चैतन्य राम भट्टराई, चावहिल
सुजन प्रताप विवश, पशुपति
जनक खकुरेल, अमेरिका
गौरव गुरुङ, ओखलढुंगा,
ह्दयमान श्रेष्ठ, पशुपति
विनेश खरेल, बेलायत
किरण अर्याल, चावहिल
नविन पौडेल, हाँडिगाउँ
निर्मल काजी श्रेष्ठ, ओखलढुंगा
तारा प्रसाद पाण्डे, भक्तपुर
सुरेन्द्र शाक्य, चावहिल
ओमकृष्ण के.सी. अबुधाबि
राजु मुडभरी, जोरपाटी
किरण नेपाल, चप्पल कारखाना
कुमार खतिवडा, पशुपति
प्रवीण भट्टराई, अमेरिका
पवन कुमार शर्मा, गौरीघाट
सुधा शर्मा, बानेश्वर
राकेश कुमार शाह, महोत्तरी
लक्ष्मण श्रेष्ठ, इमाडोल
सुशिल नेपाल, महांकाल
त्रिविक्रम पाण्डे, भक्तपुर
रामकृष्ण कायस्थ, क्यानडा
बन्दना श्रेष्ठ, पिङ्गलास्थान
प्रवीण श्रेष्ठ ललितपुर
अमरनाथ बोकी, ललितपुर
सरल के.सी., जापान
भुवन नेपाल, सातदोबाटो

तथा

नेपाल कमर्स क्याम्पस, मीनभवनका सम्पूर्ण साथीहरू
(२०४५-२०४७ ब्याच)


# इरान मामिलामा ट्रम्पको निर्णयप्रति अधिकांश अमेरिकी असन्तुष्ट

## सर्वेक्षणमा सहभागी ६५ प्रतिशत वयस्क अमेरिकीहरूले इरान मामिलामा ट्रम्पले चालेका कदमप्रति असहमति प्रकट गरे

**एपी** (वासिङ्टन)

इरान मामिलामा राष्ट्रपति डोनल्ड ट्रम्पले चालेको कदमप्रति अधिकांश अमेरिकीहरूले असन्तुष्टि व्यक्त गरेको नयाँ सर्वेक्षणले देखाएको छ । एसोसिएट प्रेस (एपी) ले सेन्टर फर पब्लिक अफेयर्स रिसर्च (एनओआरसी) सँग मिलेर गरेको सर्वेक्षणमा सहभागी ६५ प्रतिशत वयस्क अमेरिकीहरूले इरान मामिलामा ट्रम्पले चालेका कदमप्रति असहमति प्रकट गरे ।

असन्तुष्ट हुनेमध्ये ठूलो संख्या डेमोक्रेटिक पार्टीका छन् । ट्रम्पको रिपब्लिक पार्टीका २८ प्रतिशतले पनि इरानमा उनको कदमले असन्तुष्ट बनाएको बताएका छन् । नयाँ सर्वेक्षण ११-१७ जुनमा गरिएको थियो । यही अवधिमा ट्रम्पले इरानसँगको सम्झौतामा सहमति जुटेको घोषणा गरेका थिए । त्यस्तै, हर्मुज जलमार्गमा अमेरिकी सैन्य नाकाबन्दी अन्त्य गर्न अनुमति दिइएको बताएका थिए ।

त्यसपछि गत बुधबार दुवै पक्षले शान्ति सम्झौतामा हस्ताक्षर गरे । विगत केही महिनामा इरानमा ट्रम्पको कार्यशैलीलाई लिएर अमेरिकीहरूले आपत्ति जनाउँदै आएका छन् । केही रिपब्लिकनले यस साता भएको सम्झौताको परिणामप्रति पनि असन्तुष्टि जनाइरहेका छन् । यस सम्झौताले इरानलाई पुन: स्वतन्त्र रूपमा आफ्नो तेल बिक्री गर्न अनुमति दिएको छ । त्यस्तै, दुई महिनाका लागि बिना कुनै शुल्क हर्मुज जलमार्गलाई खुला गरिने उल्लेख छ । सम्झौतामा तेहरानको आणविक कार्यक्रमका विषयमा अमेरिका र इरानबीच आगामी चरणमा वार्ताहरू हुने उल्लेख छन् ।

तेहरानले उच्चस्तरको संवर्धित युरेनियमको भण्डारण घटाउने प्रतिबद्धता व्यक्त गरेको छ । ट्रम्पको रिपब्लिकन पार्टीप्रति झुकाव राख्ने टेक्ससस्थित फोर्ट वर्थका ७९ वर्षीय अमेरिकी नागरिक डेभिड फेरिङ्टनले इरानको आणविक हतियार कार्यक्रमबारे ठोस विषय यस सम्झौतामा उल्लेख नहुनु दु:खद् रहेको बताए । 'हर्मुज जलमार्गसम्बन्धी कुनै पनि सम्झौतालाई म इरानका तर्फबाट भएको ठूलो वा उल्लेखनीय सम्झौता मान्न सक्दिनँ,' म यसलाई केवल एक देखावटी कुरा मान्छु,' फेरिङ्टनले भने, 'यो सम्झौता जति खराब छ । त्यसभन्दा कम खराब देखाउनका लागि यस्ता प्रावधान राखिएको छ ।'



तस्बिर : एपी

> केही रिपब्लिकनले यस साता भएको सम्झौताको परिणामप्रति पनि असन्तुष्टि जनाइरहेका छन् । सम्झौताले इरानलाई पुन: स्वतन्त्र रूपमा आफ्नो तेल बिक्री गर्न अनुमति दिएको छ । त्यस्तै, दुई महिनाका लागि बिना कुनै शुल्क हर्मुज जलमार्गलाई खुला गरिने उल्लेख छ ।

नयाँ सर्वेक्षणअनुसार केवल एकतिहाइ अमेरिकी वयस्कहरूले मात्र इरान मामिलामा ट्रम्पको कार्यशैलीलाई अनुमोदन गरेका छन् । मे महिनामा एपी-एनओआरसीले गरेको सर्वेक्षणमा पनि यस्तै देखिएको थियो । टेक्सासको प्लानोका २८ वर्षीय स्वतन्त्र नागरिक डोनल्ड म्याकब्राइडले अमेरिकालाई विदेशी युद्धहरूबाट टाढा राख्ने आफ्नो चुनावी प्रतिज्ञा पूरा गर्न ट्रम्प असफल भएको बताए । 'उनले युद्ध गर्दैनन् भन्ने लागेर मैले मत दिएको थिएँ,' म्याकब्राइडले भने, 'म यो युद्ध अन्त्य भएको चाहन्छु । युद्धको मूल उद्देश्य इरानी शासनलाई समाप्त गर्नु थियो, जुन सम्भव नै छैन । हामीले लडाइँ जारी राख्नुको औचित्य पनि थाहा छैन ।'

सर्वेक्षणमा सहभागी अधिकांश अमेरिकीले इरान युद्ध चाँडै टुंगिएको हेर्न चाहेको बताएका थिए । ५३ प्रतिशत अमेरिकी वयस्कहरूले इरान युद्धमा अमेरिकाले अति नै गरिसकेको बताए । तर, झन्डै ४० प्रतिशत रिपब्लिकनले इरानमा आक्रमण ठिकै रहेको बताए । त्यसमध्ये ३७ प्रतिशत रिपब्लिकनले आक्रमण अझै पर्याप्त नभएको दाबी गरे ।

उत्तर-पश्चिम फ्लोरिडाकी ६४ वर्षीया स्वतन्त्र नागरिक जोन जोन्सले इरानको खतरालाई सम्बोधन गर्न अमेरिकी कारबाही आवश्यक रहेको बताएकी थिइन् ।

'ती आक्रमणहरू अन्तत: हामीलाई आणविक आक्रमणबाट जोगाउनका लागि हुन्,' जोन्सले भनिन्, 'मलाई लाग्छ, हामीले यस प्रक्रियाबाट गुज्रिनैपर्छ र त्यो चिन्ता हटाउनुपर्छ ताकि हाम्रो टाउकोमाथि सधैं त्यो डर मडारिइरहने छैन ।'

सर्वेक्षणमा सहभागी करिब एकतिहाइ, अर्थात् ३४ प्रतिशत अमेरिकी वयस्कहरूले मात्र इजरायल मामिलामा ट्रम्पको कार्यशैलीलाई अनुमोदन गरेका छन् ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु र ट्रम्पबीच तनाव बढ्दै गएको छ, किनकि राष्ट्रपति ट्रम्पले लेबनानमा हालै भएका इजरायली आक्रमणहरूको आलोचना गरिरहेका छन् । यी आक्रमणले इरान-अमेरिका वार्तालाई प्रभावित गर्नेतर्फ ट्रम्प सतर्क देखिएका छन् । गत बुधबार १४ बुँदे सम्झौता गरेका अमेरिका र इरानले यी बुँदा कार्यान्वयन सुनिश्चित गर्ने र थप वार्ता गरेर ६० दिनभित्र विस्तृत शान्ति सम्झौता गर्ने लक्ष्य राखेका छन् ।

ओहायोको मेडवेका ६९ वर्षीय रिपब्लिकन जेम्स हफम्यानले नेतान्याहुसँग ट्रम्पले गलत रणनीति अपनाइरहेको बताए । 'नेतान्याहुले ट्रम्पले चाहेका सबै कुरा गर्नेवाला छैनन् । उनले त्यही गर्नेछन् जुन उनी आफैं चाहन्छन्,' हफम्यानले भने, 'मलाई यो रणनीति प्रभावकारी लाग्दैन ।'

करिब एकतिहाइ अमेरिकी वयस्कहरूले अर्थव्यवस्थाप्रति ट्रम्पको दृष्टिकोण सही रहेको बताएका छन् । फ्लोरिडाकी जोन जोन्सले आफ्नो क्षेत्रमा स्टारबक्स र म्याडोनाल्डजस्ता रेस्टुराँमा भीड रहेको बताइन् । यसले अर्थतन्त्र राम्रै चलिरहेको संकेत गरेको उनले बताइन् । वेस्ट भर्जिनियाकी ४२ वर्षीया रिपब्लिकन समर्थक पेट्रिसिया बेलीले महँगी नियन्त्रणबाहिर गएको बताइन् । 'आफ्नो आर्थिक प्रतिज्ञाहरू नै भुलेर ट्रम्प युद्धमा अल्झिए । त्यसको मूल्य सर्वसाधारणले चुकाइरहेका छन्,' उनले भनिन् ।

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** समस्याको समाधान हुनेछ । मनमा भएको तुष हटेर जानेछ । काम गर्ने जाँगर बढ्नेछ ।

**वृष** कुनै कुराले व्यस्त बनाउन सक्छ । सकेसम्म शान्त र धैर्य रहन खोजिनेछ । कामविशेषले कसैसित भेटघाट हुन सक्छ ।

**मिथुन** कुनै कुराले नजानिंदो गरी दु:ख दिन सक्छ । सकेसम्म समयानुकूल रहन खोजिनेछ । जति सक्यो अत्यावश्यक कुरामा जोड दिन खोजिनेछ ।

**कर्कट** कुनै बहुप्रतीक्षित कार्यमा सफलता मिल्नेछ । आर्थिक पक्ष सुदृढ रहनेछ । कतै पारिवारिक भेटघाट हुन सक्छ ।

**सिंह** तपाईंको कुराको मान राखिनेछ । कुनै आत्मीयजनसित भेटघाट हुन सक्छ । कुनै कुराले गर्दा मन हलुको हुनेछ ।

**कन्या** समय आफू अनुकूल बन्दा काममा सहजता हुनेछ । मनमा भएको तनाव हटेर जानेछ । क्रमश: सबै कुराहरू मिल्दै जानेछन् ।

**तुला** कुनै कुराले मनमा कुरा खेल्न सक्छ । साथै कुनै काममा अति व्यस्त भइएला । आफैंले आफ्नो सहजता विचारी काम गर्नुपर्ने बेला छ ।

**वृश्चिक** सोचेअनुरूप सबै कुराहरू मिल्दै जानेछन् । व्यावसायिक क्षेत्र सफल रहनेछ । कुनै कुराको आकस्मिक लाभ हुनेछ ।

**धनु** मनमा भएको तनाव हट्नेछ । समय आफू अनुकूल बन्दै जानेछ । कसैसितको वार्तालापले मनमा हौसला बढ्नेछ ।

**मकर** कुनै नयाँ काम आइलाग्न सक्छ । अत्यावश्यक कुरामा जोड दिइनेछ । व्यस्तताले गर्दा आफूलाई समय दिन नपाइएला ।

**कुम्भ** कुनै कुराले गर्दा मनमा कुरा खेल्न सक्छ । सकेसम्म शान्तचित्त भई काम गर्न खोजिनेछ । आफ्नो काम सम्पन्न गर्न लागिपरिनेछ ।

**मीन** कामविशेषले एकैछिन कतै निस्किनुपर्ला । सकेसम्म आफ्नै कुरामा जोड दिइनेछ । मिष्ठान्न भोजनको योग रहेको छ ।


# वर्गीकृत विज्ञापन

**घर जग्गा**

भक्तपुर कटुन्जेमा राम्रो घर, ९८६२४३५९०२

ग्वार्को लामाटार 22m-हाइवेमै बसपार्कछेवैमा दक्षीण-मोहडाभएको दुइतल्ले ब्रान्डन्युघर तिनआना रु-2,2000000, घरधनी, 9851068701, 9810193273,

झम्सीखेल सानेपाको घरजग्गा बिक्रिमा, 9851071590 ,9869363404

प्रेमबस्ती महानगर चितवनमा घडेरी जग्गा १४ धुर ३५० दरमा, सुकनगरमा २५ कठ्ठा २५ दरमा विक्रीमा, थापाजी, 9851059170

**सम्पर्क**

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८५१०४५२१८

सस्तोमा CASHDEPOSIT, धितोफुकुवा, बैंकलोन 9851154609

धितोफुकुवा, बैकलोन, चाहिएमा 9851065811, 9841007757

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलटवाइलेट मंगल जामखोल्ने 500/- 9841176292

**भाडामा**

Tikathali New Comercial Building for Rent 5400 Sq.Ft. Basement Parking 12 cars, 20 Bikes Rent Rs. 225,000/- 9802011588

अफिस तथा कार्यालय प्रयोजनका लागि फ्ल्याटभाडामा दरबारमार्गको मुख्यसडकमा, सालिककोनजिकै अवस्थितभवनको तेस्रोतल्लामा रहेको करिब ३७०बर्गफुट क्षेत्रफलको व्यवस्थित फ्ल्याट तुरुन्तभाडामा उपलब्धछ, सुविधाहरू: सम्पूर्ण फर्निचरसहित ए.सी.जडान गरिएको आकर्षक इन्टेरियल तथा डेकोरेसन सहजपहुँच तथा व्यावसायिक वातावरण सम्पर्क: ९८४१६४४६५६( सुरज)

नयाँबानेश्वर थापागाउँमा एक रोपनी भन्दाबढी जग्गामारहेको एउटै कम्पाउण्डभित्र तिनवटा घरहरू भाडामा सम्पर्क: ९८०१०००३२६ (अफिसियल प्रयोजनकोलागि मात्र)

**चाहियो**

कौशलटारको लुम्बिनी तन्दुरीलाई तन्दुरीकुक ९८५११२५००१

क्यान्टिनकोलागी कुक वेटर हेल्फर चाहियो ९८६१६६६०१२

क्लबकालागि अनुभवी म्यानेजर, क्यासियर, कुक, क्याप्टेन, वेटर, हेल्पर, बाउन्सर ९८५१०५९२६९

कोटेश्वर कुक, वेटर, मसाल्ची ९८४१०७९६५०

होटलमा कुक वेटर चाहियो 9851179174

पुल्चोकको रेष्टुरेण्टमा कुक, हेल्पर 9841412622

तन्दुरीकुक वेटर भाडामाज्ने मसाल्ची 9843105084

घरायसी कामकोलागी पुरुष नयाबानेश्वर 01-5244471

कोल्ड स्टोरकोलागि मासुको मार्केटिङ्ग गर्ने स्टाफ चाहियो मोटरसाईकल आफनो भएको अनुभवी तलब ३५,०००/- बुढानिलकण्ठ 9824711121

म:म पसलमा कामदार चाहियो पेप्सीकोला, कांडाघारी ९८४३२७५८१९

सेक्युरिटी गार्ड तु.अर्जेन्ट २००००/२४००० ९८२३००५३८४

मासुपसलकोलागि बाईकको लाइसेन्सभएको कामदार चाहियो खानेबस्नेसुविधा ९८४१९४५१२१

रिसेप्सनिष्ट, एकाउण्टेन्ट ग्राफिकडिजाईनर, मार्केटरचाहियो 9849-960614

# वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४५९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांबसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |

| | | |
|---|---|---|
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |

| | | |
|---|---|---|
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

*म.ऊ.क. बाहेक

**विदेशी मूद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १५१.२२ |
| युरो | १७३.३४ |
| पाउन्ड स्टर्लिङ | २००.१३ |
| अस्ट्रेलियन डलर | १०६.०४ |
| कतारी रियाल | ४१.५२ |

राष्ट्र बैंकको आधारमा

सुन रू. २,८७,३००

चाँदी रू. ४,६९०

# सातदोबाटो र एकान्तकुनामा अन्डरपास बनाउन १२ करोड

## आगामी आर्थिक वर्षबाटै निर्माण थालिँदै



सुरुङ निर्माण गर्ने भनिएको सिन्धुलीको चियाबारी–खुर्कोट खण्ड । फाइल तस्बिर : कान्तिपुर

**विमल खतिवडा** (काठमाडौं)

ट्राफिक जाम बढी हुने सातदोबाटो र एकान्तकुनामा आगामी आर्थिक वर्षमा अन्डरपास निर्माण थालिने भएको छ । यसका लागि १२ करोड ४६ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । यी दुवै ठाउँमा अन्डरपास निर्माणमै जाने गरी अध्ययनको काम पनि सकिइसकेको छ ।

सरकारले आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यबाटै उपत्यकाका ग्वार्को, सातदोबाटो र एकान्तकुनामा ओभरपास/फ्लाइओभर निर्माण गर्ने बताउँदै आएको थियो । अहिलेसम्म ग्वार्कोबाहेक अन्यत्र ओभरपास बनेको छैन । सातदोबाटो र एकान्तकुनामा कलंकीको जस्तै अन्डरपास बनाउने भन्दै अध्ययनको काम सकिएको छ ।

अध्ययनअनुसार सातदोबाटोमा बन्ने अन्डरपासको दूरी ५४०.७८ मिटर हुनेछ । अहिले अध्ययनमा कलंकीको जस्तै अन्डरपास बनाउने र लागत ७२ करोड रुपैयाँ लाग्ने उल्लेख छ । अन्डरपास चार लेनको हुने सडक विभागले जनाएको छ । एकान्तकुनामा पनि अन्डरपास नै बनाउने गरी अध्ययन गरिएको छ । यसको दूरी ३ सय मिटर हुनेछ ।

अन्डरपास निर्माणमा ५० करोड लागत लाग्ने अध्ययनमा उल्लेख छ । यी दुवै अन्डरपासको ठेक्का इन्जिनियरिङ प्रोक्योरमेन्ट एन्ड कन्स्ट्रक्सन (ईपीसी) मोडलअन्तर्गत गरिने गुणस्तर, अनुसन्धान तथा विकास केन्द्रले जनाएको छ । चालु आर्थिक वर्षमै अन्डरपास बनाउने योजनामा सडक विभाग थियो । तर बजेट अभावले उक्त काम अघि बढ्न सकेन ।

आगामी आर्थिक वर्षबाटै दुवै खण्डमा निर्माणको काम अघि बढाइने गुणस्तर, अनुसन्धान तथा विकास केन्द्रका निर्देशक राजेशप्रसाद पौडेलले बताए । 'ग्वार्को ओभरपासमा सानातिना मर्मतसम्भारका लागि बजेट छुट्याइएको हो । यसका लागि २० लाख रुपैयाँ छ,' उनले भने, 'एकान्तकुना र सातदोबाटोमा ठेक्का गरेर अघि बढ्छौं, यसको लागत डेढ अर्ब लाग्ने अनुमान छ ।' निर्माण अवधि चार वर्षको हुनेछ । त्यसैले एक वर्षमा काम नसकिने भएकाले अर्थ मन्त्रालयबाट बहुवर्षीय स्रोत सहमति लिएर काम अघि बढाइने पौडेलको भनाइ छ ।

सडकमा कम अवरोध हुने गरी काम थालिने पौडेलले जनाए । 'ग्वार्को ओभरपास निर्माणबाट धेरै कुरा सिकेका छौं, समयमै काम सक्न के-के तयारी गर्नुपर्छ, सबै सकेर मात्र ठेक्कामा जान्छौं,' उनले भने, 'सबै सरोकारवाला निकायसँग छलफल गरेर उपयुक्त उपाय अपनाउँदै सवारी आवागमन अस्तव्यस्त नहुने गरी काम गर्छौं ।' बाँकी पृष्ठ ८

> २०७९/८० को बजेट वक्तव्यबाटै उपत्यकाका ग्वार्को, सातदोबाटो र एकान्तकुनामा ओभरपास/फ्लाइओभर निर्माण गर्ने भनिँदै आएको थियो, तर ग्वार्कोबाहेक अन्यत्र ओभरपास बनेको छैन

| कुन सुरुङमार्गको अवस्था कस्तो ? |
|---|
| **विस्तृत सम्भाव्यता अध्ययन गरिएका** |
| हेम्जा-नयाँपुल |
| दुम्कीबास-बर्दघाट |
| **सम्भाव्यता अध्ययन गरिएका** |
| कुलेखानी-भीमफेदी |
| खुर्कोट-चियाबारी |
| धरान-लेउती |
| खुटिया-बीपी नगर-दिपायल |
| गोदावरीकुण्ड-काभ्रे-मानेदोभान |
| बागलुङ-बिहुँ नरेठाँटी |
| प्रबास-जोर्ते |
| जाजरकोट ब्याउलीढुंगा र जुम्ला इमिलचा खोला |
| ताथली-रविओपी |
| बबई-छिन्चु |
| सुनमाई राजदुबोल |
| मझिमटार-शक्तिखोर |
| फुस्रेखोला छोरेपाटन-स्याङ्जा गुडीकोला |
| **पूर्वसम्भाव्यता अध्ययन गरिएका** |
| दोलालघाट-चर्नावती |
| हात्तीसार-बबई |
| शिवपुर-भालुवाङ |
| रानीघाट-भुरिगाउँ |
| भेरी-दनुवाताल |
| टोखा-छहरे गुर्जुभन्ज्याङ |

# बैंकको ब्याज घट्दा बिमा कारोबार बढ्यो

## वैशाखसम्म बिमा शुल्क संकलनमा १४ प्रतिशतको वृद्धि, बिमा पहुँच करिब साढे ५० प्रतिशत पुग्यो

**यज्ञ बञ्जाडे** (काठमाडौं)

बैंक तथा वित्तीय संस्थामा ब्याजदर घटेको सकारात्मक प्रभाव बिमा क्षेत्रमा पर्न थालेको छ । बैंकमा मुद्दती निक्षेप पैसा राख्दा पनि न्यून ब्याज पाइन थालेपछि नागरिकले बिमा गर्न थालेको जानकार बताउँछन् । बिमा गर्दा जीवन तथा सम्पत्तिको सुरक्षा पनि हुने र ब्याजभन्दा धेरै प्रतिफल पनि पाइने भएकाले बिमामा आकर्षण बढेको उनीहरूको भनाइ छ ।

गत वैशाखसम्म बिमा कम्पनीहरूले २ खर्ब १ अर्ब ३६ करोड रुपैयाँ बिमा शुल्क संकलन गरेका छन् । गत वर्षको तुलनामा यस वर्षको वैशाखसम्म कम्पनीहरूको बिमा शुल्क संकलन १४.२७ प्रतिशतले बढेको हो । गत वर्षको वैशाखसम्म बिमा कम्पनीहरूले १ खर्ब ७६ अर्ब २१ करोड रुपैयाँ बिमा शुल्क संकलन गरेका थिए ।

पछिल्लो तीन वर्षदेखि बैंक तथा वित्तीय संस्थामा अधिक तरलता थुप्रिएको छ । ब्याजदर घटेर इतिहासकै न्यून विन्दुमा पुगेको छ । ब्याजदर घटेको सकारात्मक प्रभाव बिमा कारोबारमा परेको जीवन बिमक संघका अध्यक्ष प्रवीणरमण पराजुलीले जनाए ।

'पछिल्ला महिनामा बिमा कारोबार बढेको छ । बैंकमा निक्षेप राख्दा कम ब्याज पाइने भएपछि नागरिक बिमा गर्न आकर्षित भएको देखिन्छ,' उनले भने, 'यसका दुई कारण छन् । पहिलो जीवन तथा सम्पत्तिको सुरक्षा हुन्छ । र, दोस्रो बैंकको ब्याजभन्दा बढी प्रतिफल पाइन्छ ।' तर बिमा कम्पनीले प्रायः रकम मुद्दती निक्षेपमा राख्ने र बैंकको ब्याज कम हुँदा कम्पनीको प्रतिफल घट्ने पराजुलीको भनाइ छ ।

'यो क्रम लामो समय चलिरह्यो भने कम्पनीले कि बिमा शुल्क बढाउनुपर्छ अथवा प्रतिफल घटाउनुपर्ने अवस्था आउन सक्छ,' पराजुलीले भने, 'बिमा शुल्क बढाउँदा एकातिर नागरिकको खरिद क्षमतामा कमी आउने भएकाले बिमा पहुँच घट्ने जोखिम रहन्छ ।' अहिले ब्याज घट्दा अल्पकालमा बिमा कारोबार बढेको देखिए पनि समग्र अर्थतन्त्र चलायमान नहुँदासम्म न कम्पनी न बिमित कसैलाई लाभ नपुग्ने पराजुलीले बताए ।



तस्बिर : एआई निर्मित

अघिल्लो वर्षको तुलनामा गत वैशाखसम्म जीवन बिमा कम्पनीको बिमा शुल्क १३.९८ र निर्जीवन बिमा कम्पनीको शुल्क १५.४२ प्रतिशतले बढेको छ । चालु आर्थिक वर्ष निर्जीवन र जीवन बिमाको नवीकरण बिमा शुल्क संकलनमा वृद्धि भएकाले वित्तीय र बिमा क्षेत्रको वृद्धिदर ९.१६ प्रतिशत रहने प्रक्षेपण राष्ट्रिय तथ्यांक कार्यालयले गरेको छ ।

बिमा प्राधिकरणकी प्रवक्ता पूजन ढुंगेल अधिकारीले पनि तत्कालका लागि बैंक ब्याजदर घटेको सकारात्मक प्रभाव बिमा कारोबारमा देखिएको जनाइन् । 'बिमितले लागत लाभ विश्लेषण गर्दा बैंकमा पैसा राख्दा पाइने ब्याजभन्दा बिमाबाट प्राप्त हुने लाभ धेरै देखेको हुन सक्छ,' उनले भनिन्, 'तर बैंकमा ब्याजदर कम हुँदा पनि कर्जा माग बढेको छैन । तर ब्याज कम हुँदा तत्काललाई बिमा कारोबार बढेको देखिन्छ । तर यसले दीर्घकालमा यो क्षेत्रलाई सबल बनाउँदैन ।' बिमा क्षेत्रलाई पनि बलियो बनाउन समग्र अर्थतन्त्रलाई नै चलायमान बनाउनुपर्ने उनको भनाइ छ । गत वैशाखसम्म नेपालमा बिमा पहुँच करिब साढे ५० प्रतिशत पुगेको छ । बिमा सेवाको विस्तार बढेकाले समग्र बिमा पहुँचमा पनि वृद्धि भएको प्राधिकरणको मासिक तथ्यांक छ । गत वैशाखसम्म मुलुकको कुल जनसंख्याको ४९.३४ प्रतिशत नागरिक बिमाको पहुँचबाहिर रहेको प्राधिकरणले बताएको छ ।

तथ्यांकमा म्यादी, लघु म्यादी र वैदेशिक रोजगारीमा गएकाहरूले गरेको बिमा पनि समावेश छ । तर म्यादी, लघु म्यादी र वैदेशिक रोजगारीमा गएकाले गरेको बिमा हटाउँदा गत वैशाखसम्म करिब १८.४५ प्रतिशत नागरिकमा मात्र बिमा पहुँच पुगेको प्राधिकरणले जनाएको छ । उक्त तथ्यांकमा म्यादी र लघु म्यादी बिमा समावेश गर्दा करिब ४२.९७ प्रतिशत र म्यादी, लघु म्यादी र वैदेशिक रोजगारीमा गएकाले गरेको पनि समावेश गर्दा बिमा पहुँच ५०.६६ प्रतिशत रहेको प्राधिकरणको भनाइ छ । बैंक तथा वित्तीय संस्थामा निक्षेप खाता दोहोरिएजस्तै एकै व्यक्तिले पनि एकभन्दा बढी बिमा गरेको हुन सक्ने भएकाले नेपालको कुल जनसंख्याको करिब साढे ५० प्रतिशतमै बिमा पहुँच पुगेको भन्न अप्ठ्यारो हुने जानकार बताउँछन् ।

वैदेशिक रोजगारीमा गएका नेपालीले अनिवार्य रूपमा बिमा गर्नुपर्छ । बिमा पहुँचको तथ्यांकमा वैदेशिक रोजगारीमा गएकाहरूको बिमालाई अलग राखिन्छ । बिमा पहुँचको तथ्यांक गणना गर्दा जीवन बिमा सेवा लिएको जनसंख्यालाई मात्र समावेश गरिन्छ । यो अन्तर्राष्ट्रिय प्रचलन हो ।

निर्जीवन बिमा निश्चित अवधिको (म्यादी) हुने भएकाले बिमा पहुँचमा समावेश नगरिएको हो । एक व्यक्तिले एकभन्दा बढी जीवन बिमा पनि गरेका हुन्छन् । यसकारण जारी बिमालेखकै आधारमा त्यत्तिकै संख्यामा नागरिकसम्म सुविधा पुग्यो भन्ने हुँदैन । बिमा पहुँचको तथ्यांक गणना गर्दा यस्तो प्रकारको दोहोरोपन हटाउनुपर्छ । यसका लागि कुल जारी बिमालेखबाट ५ प्रतिशत घटाएर बचेको बिमालेख सोही अवधिको कुल जनसंख्यासँग तुलना गरेर बिमा पहुँच गणना गर्ने विश्वव्यापी प्रचलन छ ।

गत वैशाखसम्म बिमा कम्पनीले १ करोड ६५ लाख २५ हजार ९ सय ४९ वटा जीवन बिमालेख र २८ लाख ३० हजार ६ सय ५२ वटा निर्जीवन बिमालेख बिक्री गरेको प्राधिकरणको तथ्यांक छ ।

हाल मुलुकभर १४ जीवन बिमा, १४ निर्जीवन बिमा र २ पुनर्बिमा कम्पनी सञ्चालनमा छन् । ७ वटा लघुबिमा कम्पनीहरूलाई पनि बिमा प्राधिकरणले सञ्चालन अनुमति दिएको छ । गत वैशाखसम्म बिमा कम्पनीले २ हजार ९ सय ९४ वटा शाखा कार्यालयमार्फत मुलुकभर बिमा सेवा दिँदै आएका छन् । अघिल्लो वर्षको वैशाखसम्म यो संख्या २ हजार ९ सय ९८ थियो ।

# बारपाक सडक १० वर्षदेखि अलपत्र, नयाँ ठेक्का प्रक्रिया सुरु

**हरिराम उप्रेती** (गोरखा)

२०७५ भित्रै कालोपत्र सकिने गरी ठेक्का लागेको बारपाक सडकको काम अलपत्र बनेपछि पुरानो ठेक्का तोडेर नयाँ प्रक्रिया सुरु गरिएको छ । बाह्रकिलोबाट बारपाकसम्म पुग्ने ४६.६ किमि सडक चार खण्ड छुट्याएर २०७५ सालभित्रै काम सकिने गरी ठेक्का लगाइएको थियो । अन्य खण्डको काम पूरा भए पनि अर्कुलदेखि ढोडेनी (चेनेज २२ देखि ३०) सम्मको ८ किमि सडकको काम १० वर्षदेखि अलपत्र थियो । उक्त खण्ड निर्माणको जिम्मा लिएको लोहनी एन्ड ब्रदर्ससँग ठेक्का तोडेर नयाँ प्रक्रिया थालिएको हो ।

३० असार २०७२ मा ठेक्का सम्झौता गर्दा १५ असार २०७४ भित्रै काम सम्पन्न गर्ने उल्लेख भए पनि लोहनी एन्ड ब्रदर्सले आठ पटकसम्म म्याद थप्दा पनि काम पूरा गरेको थिएन । तत्कालीन समयमा लोहनी एन्ड ब्रदर्सले १३ करोड २० लाखमा कालोपत्रको जिम्मा लिएको थियो ।

सडक अलपत्र बनेपछि गोरखा सडक योजनाले गत १२ मंसिरमा ठेक्का तोडेको थियो । ठेक्का तोडेर निर्माण कम्पनीलाई कालोसूचीमा राख्न खरिद अनुगमन कार्यालयलाई सिफारिस समेत गरिएको गोरखा सडक योजनाका इन्जिनियर आशिष रिजालले जनाए ।

'काम हुँदाहुँदै छाडेको सडक भएकाले यसअघि बिग्रिएको भत्किएको कामको असुलउपरका लागि पनि भनेका छौं, ठेकेदारको बैंक ग्यारेन्टी पनि जफत गरेका छौं,' रिजालले भने, 'ठेक्का तोडेर इस्टिमेटलगायतका सबै प्रक्रिया पूरा गरी नयाँ ठेक्का आह्वान गरिएको छ ।' अब नयाँ ठेक्काको बाँकी प्रक्रिया सकेर आगामी आर्थिक वर्षबाट काम सुरु गर्ने रिजालले बताए ।

'ठेक्काको म्याद ३० महिनाको हुन्छ,' रिजालले भने, 'बारपाक पुग्ने अन्य खण्ड सबै कालोपत्र भइसके । यस खण्डको काम पूरा भएपछि बल्ल बारपाकसम्मको सडक कालोपत्र पूरा हुन्छ ।' यसअघिको निर्माण कम्पनी लोहनी एन्ड ब्रदर्सले उक्त खण्डमा ८० प्रतिशत काम गरिसकेको छ । तर काम गर्दागर्दै छाड्दा पुनः मर्मत गर्नुपर्ने अवस्था देखिएको रिजालको भनाइ छ ।

बारपाक सडक खण्डअन्तर्गत बालुवादेखि बारपाकसम्मको अन्तिम खण्डको काम पनि सम्पन्न भइसकेको कार्यालयले जनाएको छ । बारपाक पुग्ने सडकको मसानेठाँटीदेखि निवेल खहरेसम्मको १२ किमि क्षेत्र मध्यपहाडी लोकमार्गअन्तर्गत पर्छ । उक्त खण्डको कालोपत्र भइसकेको छ । सुरुको खण्डको ५ किमि र १७ देखि २२ किमिको खण्डको पाँच किमि क्षेत्र पनि कालोपत्र भइसकेको छ । 'यही अर्कुल खण्डमा मात्र समस्या हो, अन्य खण्ड सबै कालोपत्र छ,' कार्यालयका इन्जिनियर रिजालले भने, 'कही पहिरो गएको क्षेत्रमा मर्मत गर्नुपर्नेछ, त्यसको पनि काम अघि बढिरहेको छ ।'

अर्कुल खण्डको ८ किमि क्षेत्रमा भने बर्खामा हिलो र हिउँदमा धूलोले आउजाउमा सकस थपिएको छ । १० वर्षसम्म अर्कुल खण्डको ८ किमि सडक कालोपत्रको काम अलपत्र पर्दा बारपाक, लाप्राक, गुम्दालगायतका स्थानीयलाई बर्खामा आउजाउ तथा दैनिक उपभोग्य ढुवानीमा पनि समस्या हुँदै आएको छ । उक्त सडक अलपत्र बनेको भन्दै स्थानीयले पनि पटक-पटक निर्माणलाई गति दिन माग राख्दै आएका थिए ।

**मनाङ एयरको AS350 B3(9N–AMV) हेलिकप्टरको भग्नावशेष व्यवस्थापन गर्ने सम्बन्धी ३५ दिने सूचना**

मिति २०८०/०३/२६ गते तदनुसार सन् जुलाई ११, २०२३ मा सोलुखुम्बु जिल्ला, लाम्जुरा पास क्षेत्रमा भएको साबिकको मनाङ एयर प्रा. लि. हाल बेसक्याम्प हेलिकप्टर प्रा. लि. ("मनाङ एयर") को दर्ता नं. 9N–AMV भएको AS350 B3 हेलिकप्टर दुर्घटनामा परेकोमा दुर्घटना सम्बन्धी छानबिन कार्य सम्पन्न भए पश्चात् संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट मिति २०८०/०४/२९ मा उक्त हेलिकप्टरको भग्नावशेष (wreckage) मनाङ एयरलाई फिर्ता भएको थियो । मनाङ एयरले उक्त भग्नावशेष नष्ट गरी व्यवस्थापन गर्नु परेको हुँदा उक्त हेलिकप्टर दुर्घटनामा परेका यात्रुहरूको कानूनी हकवालाहरुले हेलिकप्टरको भग्नावशेष निरीक्षण गर्न इच्छुक भएमा यो सूचना प्रकाशित भएको मितिले पैंतीस (३५) दिन भित्र मनाङ एयरको देहायमा उल्लेखित सम्पर्क ठेगानामा निवेदन पेश गर्नु हुन सूचित गरिन्छ । उक्त अवधी भित्र कुनै पनि निवेदन प्राप्त नभएमा मनाङ एयरले उक्त भग्नावशेष कुनै थप सूचना वा जानकारी बिना नै नष्ट गरी व्यवस्थापनको कार्य अगाडी बढाउने व्यहोरा सम्पूर्ण सरोकारवाला पक्षहरुलाई जानकारी गराइन्छ ।

**सम्पर्क विवरण**

**बेसक्याम्प हेलिकप्टर प्रा. लि. (साबिकको मनाङ एयर प्रा. लि.)**

ठेगाना: १०६, एन. के. सिंह मार्ग, मिनभवन, काठमाडौं, नेपाल

टेलिफोन: +९७७ १४११५९८५

इमेल: info@basecamphelicopter.com





# राजनीतिमा आउने महत्त्वाकांक्षा छैन, व्यवसायमै रमाएकी छु

● **ऋतु सिंह वैद्य,** अध्यक्ष, नाइमा

अटोमोबाइल क्षेत्रमा महिला नेतृत्वको बलियो छाप बनाइरहेकी **ऋतु सिंह वैद्य** व्यवसाय, सौन्दर्य, कला र सामाजिक नेतृत्वलाई एकसाथ अघि बढाउने विरलै व्यक्तित्वमध्ये पर्छिन् । पूर्वमिस इन्डिया, फेसन डिजाइनर, गायिका र उद्यमीसमेत रहेकी वैद्य बहुआयामिक व्यक्तित्वका रूपमा परिचित छिन् । वैद्य नेपाल अटोमोबाइल इम्पोटर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) की अध्यक्ष र नेपालका लागि टोयोटाको आधिकारिक वितरक युनाइटेड ट्रेडर्स सिन्डिकेट (यूटीएस) की प्रबन्ध निर्देशक पनि हुन् । अटोमोबाइल, हेभी इक्विपमेन्ट, सिमेन्ट, कृषि, वित्तीय सेवालगायत पारिवारिक व्यवसाय विस्तारमा उनको भूमिका महत्त्वपूर्ण छ । नेपालमा उद्योग व्यवसायको वर्तमान अवस्था, महिला नेतृत्व, लगानी वातावरण र उनको व्यक्तिगत जीवनबारे वैद्यसँग कान्तिपुरका लागि **यज्ञ बञ्जाडे र सीमा तामाङले** गरेको कुराकानी :

तस्बिर : दिपेश दर्शनधारी/कान्तिपुर

**१९ वर्षकै उमेरमा तपाईं मिस इन्डिया युनिभर्स १९९१, फिफ्थ रनर अप मिस वर्ल्ड, सेकेन्ड रनरअप मिस एसिया वर्ल्ड हुनुभयो, अहिले नेपालमा व्यवसायमा सक्रिय हुनुहुन्छ, कस्तो अनुभव गर्नु हुन्छ ?**

सबैभन्दा महत्त्वपूर्ण विषय सकारात्मक धारणा (पोजिटिभ एट्टियुड) हुनुपर्छ । जे काम गर्ने हो, त्यसलाई राम्रोसँग गर्नुपर्छ । त्यो काममा सफलता प्राप्त गर्न पूर्ण रूपमा लाग्नुपर्छ । मेरो सवालमा पनि त्यही हो । जब म मेरो विगत फर्केर हेर्छु, मलाई आनन्द लाग्छ । किनकि मैले रुचि र क्षमताअनुसारकै काम गरें । १९ वर्षको उमेरमा आफैं गएर मिस इन्डियामा फारम भरें । विभिन्न प्रतिस्पर्धामा उत्रिएँ र सफल पनि भएँ । प्रतिस्पर्धाका लागि फारम भर्न जाँदादेखि राउन्डमा छनोट हुँदिनँ कि भनेर म कहिल्यै डराइनँ । त्यहाँ मेरो सकारात्मक धारणाले काम गरेको छ । मेरो जीवनको मुख्य नारा मौकामा आफ्नो क्षमता पूर्ण रूपमा देखाउनुपर्छ (राइज टु द ओकेजन) भन्ने हो । त्यो 'राइज टु द ओकेजन' म मिस इन्डिया हुँदा होस् कि अहिलेको स्थितिमा होस्, सधैं जारी छ । उद्यमशीलता (व्यवसाय) गर्ने रुचि ममा पहिलेदेखि नै थियो । मिस इन्डिया हुँदा नै मैले 'सिल्कको फर्म' सुरु गरेको थिएँ । साथीको सल्लाहमा आफैं 'सिल्क बोर्ड' मै पुगेर सूचना लिएर व्यवसाय सुरु गरेकी थिएँ । तर त्यो सफल भएन । मैले मोडलिङ गर्दा पनि मोडलिङ कोअर्डिनेसन र शोहरू साथसाथै चलिरहेको थियो । उद्यमशीलताको केही सीप ममा थियो । पछि आएर त्यो सीप नेपालमा पारिवारिक व्यवसायमा उपयोग भयो ।

**बिहेपछि नेपालमै बस्ने गरेर आउनुभयो, आउँदाबित्तिकै सिधै पारिवारिक व्यवसायमा छिर्नुभएन, बरु छुट्टै व्यवसाय गर्नुभयो, पछि केले प्रोत्साहन गर्‍यो र पारिवारिक व्यवसायमा लाग्नुभयो ?**

बिहे गरेपछिको एक वर्षसम्म म मोडलिङ र टेलिभिजनहरूमै व्यस्त थिएँ । भारतमै काम लिइरहेकी थिएँ । म नेपाल आउँथें, दुई-तीन दिन बस्थें अनि तीन-चार साताका लागि फर्कन्थें । यो क्रम चलिरहेको थियो । जसले गर्दा म नेपाल र परिवारसँग पनि राम्रोसँग कनेक्ट हुन सकिरहेकी थिइनँ । मेरो वैवाहिक जीवनका लागि पनि यो सही थिएन । त्यसकारण सन् १९९७ पछि काठमाडौंमा लामो समय बस्न थालें । नेपालमै केही गर्नुपर्छ भन्ने लाग्यो । फेसन डिजाइनरसमेत भएकाले मैले काठमाडौंमै लुगाको काम सुरु गरें । डिजाइनिङ, एम्ब्रोयडरीलगायत गरें । त्यतिबेला नेपालमा कालिगड नभएकाले १०-१२ जना भारतबाटै ल्याएँ । नेपालमा त्यतिबेला बुटिक थिएन, लुगाको काम हुँदैनथ्यो । एम्ब्रोयडरी, हातको काम गर्ने कालिगड थिएनन् । त्यतिबेला व्यवसाय सुरु गर्दा राम्रो प्रतिक्रिया पाएँ । धेरै माग थियो । आज हेर्छु, कुपन्डोल क्षेत्रमा बुटिक नै बुटिक छन्, कालिगड पर्याप्त छन् । मैले बुटिक सुरु गर्दा भारतबाट ल्याएका कालिगड र मेरो परिवार एउटै घरमा बस्थ्यौं । टप फ्लोरमा हामी बस्थ्यौं, फर्स्ट फ्लोरमा वर्कशप र ग्राउन्ड फ्लोरमा शोरुम थियो । पछि व्यवसायको ग्रोथ नभएको र चुनौती पनि देखिएपछि ६/७ वर्षपछि बन्द गरें । त्यसपछि अरू नै केही व्यवसाय गर्नुपर्छ भन्ने लाग्यो । त्यतिबेला मैले स्पा सुरु गरें, म्युजिक एल्बम निकालें । पछि विस्तारै पारिवारिक व्यवसायमा लागें ।

**तपाईं भारतमै सेलिब्रेटी भइसक्नुभएको मान्छे, तपाईंलाई खोज्ने धेरै थिए होलान्, मोडलिङ, फिल्म क्षेत्रबाट पनि अफर आए होलान्, तर व्यवसायको नेतृत्व गरिरहनुभएको छ, सन्तुष्ट हुनुहुन्छ ?**

पक्कै पनि म सन्तुष्ट छु । मिस इन्डिया, मिस वर्ल्ड वा मोडलिङपछि अगाडिको क्षेत्र भनेको फिल्म दुनियाँ नै थियो । मेरो परिवारका धेरै जना फिल्म क्षेत्रमा हुनुहुन्छ । उहाँहरू प्रोड्युसर, डाइरेक्टर, एक्टर्स हुनुहुन्छ । उहाँहरूको जीवनशैली देखेर पनि म कहिल्यै फिल्म क्षेत्रमा आकर्षित भइनँ । काम राम्रो भएको बेला उहाँहरूको राम्रो हुन्थ्यो । अनि अचानक सकिएपछि त सबै अस्तव्यस्त हुन्थ्यो । हुन त फिल्मका लागि मेरो स्क्रिन टेस्ट भयो । यश चोपडा, धर्मेन्द्रजीसम्मले ओके गर्नुभयो । तर अन्तिममा मेरो मनले मानेन र फिल्म क्षेत्रमा प्रवेश नै गरिनँ ।

**शुद्ध नेपाली बोल्नुहुन्छ, परिवारबाट सिक्नुभयो कि प्रशिक्षक नै राख्नुपर्‍यो ?**

मैले नेपाली भाषा सिक्न कहिल्यै शिक्षक राखिनँ । हाम्रो घरमै परिवारसँग, घर तथा कार्यालयका कर्मचारीसँग सिकें । सुरुसुरुमा जब म नेपाली कम बुझ्थें, त्यतिबेला हाम्रा केही कर्मचारीले 'हजुर त नानी जस्तो कुरा गर्नुहुन्छ' भन्थे । त्यतिबेला किन 'नानी जस्तो' भन्नुभएको रहेछ, आज बुझेकी छु । म पञ्जाबी, हिन्दी, नेपाली, अंग्रेजीलगायत भाषा पनि बोल्छु । यसले मलाई नेपाली भाषा सिक्न सहज बनायो ।

**पछिल्ला वर्षमा सक्रिय रूपमा व्यवसायमा लागिरहनुभएको छ, अटोमोबाइलसँगै कृषि, चियालगायत उत्पादनमूलक क्षेत्रमा पनि व्यवसाय विस्तार गरिरहनुभएको छ, आगामी योजना के-के छन् ?**

म्यानुफ्याक्चरिङ क्षेत्रमा हाम्रो समूहको ह्वासिन सिमेन्ट हो । कृषिमा पनि छ । अहिले देवरले हेर्नुहुन्छ । मेरो पोर्टफोलियोमा ट्रेडिङ कम्पनी धेरै पर्छन् । एक्ससीएमजी हेभी इक्विपमेन्ट, एथर इलेक्ट्रिक टू-ह्विलर छन् । मेरा श्रीमान् (सुरज वैद्यजी) ले मोरबी डेली, एथर र बेनेली हेर्नुहुन्छ । सार्क ट्यांकपछि म सूचना तथा प्रविधि (आईटी), शिक्षा र आईटीसँग सम्बन्धित केही एप्समा जोडिएकी छु ।

**बजारमा माग घटेको र आर्थिक गतिविधिमा सुस्तता आएको भन्ने छ, त्यसको असर व्यवसायमा परेको छ कि छैन ? अहिले नेपाली बजारका समस्या तथा चुनौती के-के छन् ?**

पछिल्लो डेढ वर्षदेखि नै आर्थिक गतिविधिमा सुस्तता देखिएको छ । त्यहीबीचमा जेन-जी आन्दोलन भयो । त्यसपछिका केही महिना बजार सुधारका लागि खासै काम हुन पाएन । अन्तरिम सरकार गठन, निर्वाचन र नयाँ सरकार गठनसम्म आइपुग्दासम्म ठूलो ग्याप नै भयो । किनकि त्यो अवधि संक्रमणकाल जस्तो रह्यो । ठूला निर्णय खासै हुन पाएनन् । नयाँ सरकार गठनपछि परिवर्तनका संकेत देखिन थालेका छन् । भ्रष्टाचार नियन्त्रण र सुशासनमा काम गर्ने सरकारले बताउँदै आएको छ । यसैबीच केही उद्योगी व्यवसायी पक्राउ परेको, उनीहरूका गतिविधिमाथि अनुसन्धान भएका समाचार आएका छन् । मैले यो सरकारलाई निकै सकारात्मक रूपमा हेरिरहेकी छु । युवाहरूको असन्तुष्टिले सिर्जित जेन-जी आन्दोलनको बलमा नयाँ सरकार आएको हो । यसकारण यो सरकारलाई काम गर्ने समय र अवसर दिनुपर्छ । नयाँ बजेट आएको छ । बजेटमा अर्थतन्त्रको सुधारसँगै निजी क्षेत्रका धेरै समस्या सम्बोधन भएका छन् । तर, ती कसरी कार्यान्वयन हुन्छन्, त्यो हेर्न बाँकी छ । अर्थतन्त्र सुधारका लागि घोषित कार्यक्रम कार्यान्वयनका लागि पनि सरकारलाई निश्चित समय दिनुपर्छ । भविष्यमा हामी सबैको राम्रो हुन्छ भन्ने आशा छ । यसका लागि सरकारले कम्तीमा आगामी पाँच वर्षका लागि विशेष योजना बनाएर अघि बढ्नुपर्छ ।

**नेपालमा व्यवसाय गर्न चाहने स्वदेशी तथा विदेशी लगानीकर्ता, स्टार्टअप र महिला उद्यमीलाई के सन्देश दिन चाहनुहुन्छ ?**

मेरो सुझाव वा आग्रह नै हामीलाई यो देशमा धेरै युवा चाहिन्छ । दुर्भाग्य, रोजगारीकै लागि बाहिर गइरहेका छन् । उनीहरूलाई रोकेर पनि काम छैन । किनभने हाम्रो देशको आधार नै रेमिट्यान्स बनेको छ । नेपालमै बसेर काम गर्न चाहनुहुन्छ भने सुरुमा त आफूलाई व्यवस्थित गर्नुहोस्, आफ्नो रुचि र क्षमता पहिचान गर्नुहोस् । त्यसपछि उद्यम सुरु गर्नुभयो सफल भइन्छ । म विश्वस्त छु । हाम्रो जस्तो देशमा युवा जनशक्ति धेरै चाहिएको छ । धेरै क्षेत्रमा अहिले जनशक्ति अभाव छ । त्यो अभाव पूर्तिका लागि पनि हामीलाई युवा जनशक्ति धेरै चाहिएको हो । त्यो आन्तरिक जनशक्तिबाटै आपूर्ति हुन सके धेरै राम्रो हुन्छ ।

**आउँदो भदौमा दोस्रो नाइमा एक्स्पो गर्दै हुनुहुन्छ, स्टल वितरण गरिसक्नुभयो, दोस्रो एक्स्पो पहिलोभन्दा के मानेमा भिन्न छ ?**

एक्स्पोका लागि स्टल वितरणको काम सकियो । गत वर्षको नाइमा एक्स्पोमा ४२ ब्रान्डका सवारी थिए । यस पटक ५०-५२ ब्रान्ड सहभागी हुनेछन् । एक्स्पोका लागि धेरैको रुचि देखिएको छ । तर हामीसँग ठाउँ (स्पेस) छैन । दसैंतिहारको नजिकमा एक्स्पो हुन लागेकाले पनि अटो शोका लागि धेरैको चासो हुन्छ । गत वर्ष पहिलो एक्स्पो गरेका थियौं । त्यसमै हामीले धेरै राम्रो डेलिभर गर्‍यौं । सबैतिरबाट माग आएपछि सुरुवातमा पाँच दिन रहेको एक्स्पोको समय एक दिन थपेका थियौं । दर्शकले यस पटकको एक्स्पोमा गत वर्षको भन्दा धेरै ब्रान्ड मात्र होइन, धेरै विविधता पाउनुहुनेछ ।

> जब आफ्नो विगत हेर्छु, मलाई आनन्द लाग्छ किनकि मैले रुचि र क्षमता अनुसारकै काम गरें
>
> मेरो परिवारका धेरै जना फिल्म क्षेत्रमा हुनुहुन्छ, उहाँहरू प्रोड्युसर, डाइरेक्टर, एक्टर्स हुनुहुन्छ, उहाँहरूको जीवनशैली देखेर पनि म कहिल्यै फिल्म क्षेत्रमा आकर्षित भइनँ
>
> युवाहरूको असन्तुष्टिले सिर्जित जेन-जी आन्दोलनको बलमा नयाँ सरकार आएको हो, यसकारण यो सरकारलाई काम गर्ने समय र अवसर दिनुपर्छ
>
> बजेटमा अर्थतन्त्रको सुधारसँगै निजी क्षेत्रका धेरै समस्या सम्बोधन भएका छन्, तर कसरी कार्यान्वयन हुन्छन्, हेर्न बाँकी छ



**तपाईं नाइमाको संस्थापक अध्यक्ष हुनुहुन्छ, संस्थालाई एक वर्षमै निकै चर्चित बनाउनुभयो, तर नाइमा र नाडा छुट्टिएरभन्दा एउटै छातामा रहँदा बलियोसँग यो क्षेत्रमा समस्या उठान गर्न सकिन्थ्यो भन्ने छ, भविष्यमा नाइमा र नाडा एक हुने सम्भावना कति छ ?**

यो विशुद्ध नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन हो । नाइमाले सवारी आयात गर्ने र उत्पादन गर्नेलाई मात्र समेट्छ । आयात गर्ने वा म्यानुफ्याक्चरिङतिर लैजान र त्यसलाई सम्बोधन गर्ने हाम्रो मुख्य उद्देश्य हो । हामी यसमै केन्द्रित हुन्छौं । नाडामा स्पेयर पार्ट्स, ग्यारेज, अटोमोबाइलसँग सम्बन्धित सबैखाले व्यवसाय सदस्य बन्न पाउँछन् । स्पेयर पार्ट्स पनि कम्पनीको डिस्ट्रिब्युटरमार्फत नै आउँछ । हामीले ग्रे इम्पोर्ट्स (अनौपचारिक बाटोबाट हुने आयात) कसरी रोक्ने भन्नेबारे काम गरिरहेका छौं भने आवश्यक नीति व्यवस्थापनका लागि सरकारलाई सुझाव दिइरहेका छौं । नाइमाको भूमिका अझै व्यापक बनाउनुपर्नेछ । यसका लागि सबैलाई नाइमामा स्वागत छ । हाल नाइमाअन्तर्गत ५०/५२ ब्रान्ड छन् । यो एउटा उद्योगसरह हो । नाइमा नाडासँग मिलेर अघि बढ्न चाहन्छ । किनकि नाडा पनि एउटा उद्योगसरह नै हो । हामीले कसरी मिलेर अघि बढ्ने भन्नेबारे काम गर्न सक्छौं । यसका लागि एक/दुई पटक प्रयास पनि भएका छन् । भविष्यमा पनि मेरातर्फबाट जारी नै रहनेछ ।

**पाँच वर्षमा नाइमालाई कुन स्तरमा पुर्‍याउने योजना छ ?**

एउटा इमानदार संस्थामा परिचित गराउने हो । अटोमोबाइल वा पूर्वाधार क्षेत्रसँग सम्बन्धित विषयमा प्रतिक्रिया, सुझावका लागि सक्षम र विश्वसनीय बनाउँछौं । समग्र अटोमोबाइल क्षेत्रलाई कसरी प्रवर्द्धन गर्ने, पूर्वाधार र तालिमलाई केन्द्रमा राखेर उद्यमशीलता कसरी विकास गर्न सकिन्छ, त्यसमा केन्द्रित हुन्छौं ।

**तपाईंले व्यवसायसँगै सडक सुरक्षाको कुरा पनि उठाइरहनुभएको छ । सरकारी निकायहरूसँग पनि समन्वय गरिरहनुभएको छ । नेपालमा पूर्वाधार र सडक सुरक्षाको अवस्था कस्तो छ ?**

पूर्वाधार, सडक सुरक्षामा धेरै ठूलो खाडल छ । हाम्रो हाइवे छैन, फ्लाइओभर छैनन् । गाडी थपेको थप्यै छौं । निजी क्षेत्रको गतिमा अघि बढ्न सरकारले धेरै काम गर्नैपर्छ । उत्साहजनक के छ भने हाम्रो छलफल चलिरहेको छ । सरकारसँग मिलेर योजना बनाइरहेका छौं । सरकारले पनि यो स्थितिलाई ह्यान्डल गर्न खोजिराखेको छ । हाम्रो आफ्नै देशको पनि एउटा सीमितता छ, हामीसँग फालाफाल बजेट छैन । त्यही भएर हामीले कसरी यसलाई व्यवस्थापन गरेर लैजाने, कसरी न्यायपूर्वक निजी क्षेत्र र सरकारको साझेदारीमार्फत लैजाने गरी छलफल गरिरहेका छौं । छिट्टै निष्कर्षमा पुग्छौं ।

**नेपालमा सेलिब्रेटी/व्यवसायी राजनीतिमा जाने प्रचलन बढ्दो छ, तपाईं राजनीतिमा आउने सम्भावना कत्तिको छ ?**

राजनीतिमा आउने महत्त्वाकांक्षा छैन । म आफ्नै व्यवसायमा रमाइरहेकी छु । व्यवसाय पैसाका लागि मात्र नभई कति क्षेत्रमा हाम्रो सहभागिता गराउन सक्छौं भन्ने हो । मेरा लागि व्यवसाय भनेको सामाजिक प्रभाव पनि हो र हुनुपर्छ । अवश्य पनि कम्पनीले पैसा कमायो भने त संस्था राम्रोसँग चल्छ र हामीले कामदारलाई तलब तथा सुविधा दिन सक्छौं । कर्मचारीहरूको राम्रो हुँदा समाज पनि राम्रो हुन्छ । उनीहरूको बालबच्चाको पढाइ, सिकाइ र वृत्ति विकासमा पनि प्रभाव पार्छ ।

**महिलाका नाममा व्यवसाय दर्ता भए पनि उनीहरूको सक्रियता न्यून देखिन्छ, समाजमा महिलालाई संरक्षणका रूपमा राखिन्छ, यसले पनि उनीहरूको आत्मविश्वास अपेक्षित रूपमा बढ्न नसकेको हो कि भन्ने छ, महिलालाई उद्यमशीलतामा अघि बढाउन के गर्नुपर्ला ?**

हाम्रोमा सामाजिक भिन्नता धेरै छन् । छोरीमान्छेप्रति परिवारको माया बढी हुने भएकाले संरक्षण पनि धेरै हुन्छ । त्यसलाई हामीले अनदेखा गर्न मिल्दैन । तर अभिभावकलाई छोराछोरीको पढाइमा विभेद नगर्न आग्रह गर्छु । शिक्षा र अवसरमा विभेद नगर्दा हरेक क्षेत्रमा महिलाले पनि पुरुषसरह नै योगदान दिन सक्छन् । समान शिक्षा दिइएको छैन भने महिला जहिल्यै पछि पर्छन् । म सानो हुँदा मेरा बुबा कहिलेकाहीं मसँग कबड्डी खेल्नुहुन्थ्यो । मलाई शारीरिक रूपमा पनि बलियो बनाउन उहाँ मसँग कबड्डी खेल्नुभएको हो । मानसिक र ज्ञान मात्र नभई शारीरिक रूपमा पनि सक्षम हुनुपर्छ । कसैले हेपिरहेको छ भने तपाईंले पनि प्रतिक्रिया दिन सक्नुहुन्छ भन्ने डर ती व्यक्तिमा हुनुपर्छ । त्यसकारण महिलालाई बलियो बनाउने दायित्व परिवारको हो । अनि महिलाले समाजमा गएर आफ्ना लागि आफैं ठाउँ बनाउन सक्छन् ।

**सरकारले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरिसकेको छ, यस क्षेत्रको विकास र विस्तारका लागि सरकारलाई के सुझाव दिन चाहनुहुन्छ ?**

सरकारलाई काम गर्न अलि कति समय दिऔं । किनकि उहाँहरू पनि नयाँ हुनुहुन्छ । जस्तै, कम्पनीको नाम एउटा छ । तर कम्पनीभित्र सबै परिवर्तन भए जस्तो छ । सरकारले पनि आफ्नो भूमिका र दिशा तय गर्नुपर्छ । सरकारको नियत स्पष्ट र शुद्ध देखिन्छ । डेलिभरी दिन खोज्दै छ । आगामी पाँच वर्षमा यी-यी काम गर्छौं र सेवा दिन्छौं भनेर वाचापत्र, सुशासनसम्बन्धी सयबुँदे कार्यसूचीलगायत आएका छन् । त्यसकारण सरकारलाई काम गर्न समय दिऔं ।

**१५ जेठमा बजेट आएको एक/दुई दिनपछि विभिन्न कम्पनीका विद्युतीय गाडी सरकारले नियन्त्रणमा लियो, अहिले केही कम्पनीका गाडी फुकुवा पनि भइसकेका छन् ? किन नियन्त्रणमा लिइयो र किन छोडिएछ ?**

वास्तविकता सरकारबाटै बुझ्नुपर्ला । तर सुरुमा नियन्त्रणमा लिइयो र पछि खुला गरियो । तर यो कामले कम्पनीहरूको खराब प्रचार भयो । यस्तो नगरौं । कमजोरी प्रमाणित गरेर मात्र यस्तो कदम चालौं ।

**सार्क ट्यांकको राम्रै चर्चा भयो, तपाईंले व्यवसाय विस्तारका लागि नयाँ आइडिया वा क्षेत्र पाउनुभयो ?**

व्यवसाय विस्तारबारे म अहिले तुरुन्तै भन्न सक्दिनँ । संस्थापक वा आइडिया पिच गर्ने साथीहरू धेरै आउनुभएको छ । एकै वर्षमा व्यवसाय विस्तार गर्ने भन्ने हुँदैन । किनकि प्रक्रियादेखि, लगानी व्यवस्थापन छोटो समयमा हुन सक्दैन । कहिलेकाहीं पुँजी उपलब्धतामा पनि समस्या हुन्छ । यसकारण व्यवसाय विस्तार आजको भोलि हुँदैन ।

# सातदोबाटो र एकान्तकुनामा...

**दुई दर्जन सुरुङको अध्ययन, काम दुइटामा मात्रै**

दुई दर्जन सुरुङमार्गको पूर्वसम्भाव्यता र सम्भाव्यता अध्ययन गरिए पनि प्रभावकारी काम दुइटामा मात्र भएको छ । अहिले नागढुंगा-सिस्नेखोला र सिद्धबाबा सुरुङमार्ग मात्र निर्माणाधीन छन् ।

नागढुंगा सुरुङमार्ग सञ्चालनको अन्तिम चरणमा छ । सिद्धबाबा सुरुङमार्ग पनि निर्माणकै चरणमा छ । आगामी आर्थिक वर्षमा टोखा-छहरे गुर्जुभन्ज्याङ, सुर्खेतको भेरी नदीदेखि बर्दियाको दानुवा तालसम्म सुरुङ अध्ययन, दोलालघाट-चर्नावती, हात्तीसार-बबई, खुर्कोट-चियाबारी, शिवपुर-भालुबाङ र रानीघाट-भुरीगाउँ सुरुङमार्गको अध्ययन गर्न भन्दै आगामी आर्थिक वर्षको बजेटमा राखिएको छ ।

खुर्कोट-चियाबारी सुरुङमार्गको विस्तृत सम्भाव्यता अध्ययन गरिने सडक विभागअन्तर्गत गुणस्तर, अनुसन्धान तथा विकास केन्द्रका निर्देशक राजेशप्रसाद पौडेलले बताए । 'सम्भाव्यता अध्ययनका क्रममा सम्भव देखिएको खण्डमा मात्र काम अघि बढाउँछौं । त्यहीअनुसार विस्तृत अध्ययन गर्छौं,' उनले भने, 'बजेटमा सुरुङमार्ग विकास कार्यक्रमअन्तर्गत केहीको सम्भाव्यता अध्ययन गर्ने भनिए पनि विस्तृत अध्ययनमा कुन जाने भनेर छुट्याइएको छैन ।' सम्भाव्यता अध्ययनबाट निर्माणमा जान सक्ने सम्भव देखिएका सुरुङको मात्र विस्तृतमा अध्ययन अघि बढाइने पौडेलले जनाए । 'सम्भाव्यता अध्ययन भएका योजना कुनलाई अगाडि लग्ने र कुन सम्भाव्य छ, साउनबाट प्राथमिकीकरण गर्छौं,' उनले भने ।

आर्थिक वर्ष २०८०/८१ को बजेटमा काठमाडौंको टोखादेखि नुवाकोटको छहरे जोड्ने सुरुङमार्ग निर्माण गर्ने उल्लेख गर्दै १ अर्ब रुपैयाँ बजेट विनियोजन गरिएको थियो । उक्त बजेटले विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) र वातावरणीय प्रभाव अध्ययन सम्पन्न गरी निर्माण अगाडि बढाउने भनिएको थियो । उक्त वर्ष केही काम भएन । २०८१/८२ मा बजेट नै विनियोजन गरिएन । २०८२/८३ मा २७ लाख रुपैयाँ छुट्याइएको भए पनि केही काम अघि बढेन । आगामी आर्थिक वर्षको बजेटमा पनि अध्ययन गरिने उल्लेख छ ।

माघ २०७६ मा आएको चिनियाँ प्राविधिक टोलीले यसको प्रारम्भिक तहको अध्ययन गरेको थियो । २० जनाको चिनियाँ टोलीले एक महिना लगाएर सुरुङ निर्माण गर्ने क्षेत्रको अध्ययन गरेको थियो । टोली सोही वर्षको फागुनमा अध्ययन सकेर चीन फर्किएको थियो । त्यसपछि यस खण्डमा केही प्रगति छैन ।

प्रारम्भिक अध्ययनका क्रममा टोलीले फिल्ड अवलोकन, तथ्यांक संकलन, गल्छी र बालाजु सडकको अध्ययन गरेको थियो । सुरुमा सुरुङको दूरी ७ किमि हुने भनिए पनि प्राविधिक टोलीले चार किमि हुन सक्ने प्रारम्भिक अध्ययनमा देखाएको थियो । सम्भाव्यता अध्ययनपछि मात्र लागत अनुमान आउनेछ । सुरुङ निर्माण चीन सरकारकै अनुदानबाट हुनेछ । यसको पूर्वसम्भाव्यता अध्ययन भइसकेको र सम्भाव्यता अध्ययनका लागि चीन सरकारसँग पहल भइरहेको सडक विभागअन्तर्गत विकास सहायता कार्यान्वयन महाशाखाका सिनियर डिभिजनल इन्जिनियर सुरेश पौडेलले जनाए । 'सम्भाव्यता अध्ययनका लागि चीन सरकारलाई भनिरहेका छौं,' उनले भने, 'सम्भाव्यता अध्ययन गरेपछि उपयुक्त देखिए निर्माणमै जाने गरी विस्तृत अध्ययन अघि बढाउँछौं ।' टोखाबाट गुर्जेभन्ज्याङ-छहरे-गँगटे सडक अहिले चालु छ । त्यो सडक तादी नदीको किनारैकिनार जाने भएकाले गल्छीबाट पृथ्वी राजमार्ग-थानकोट हुँदै काठमाडौं छिर्नुभन्दा टोखाबाट धेरै नजिक पर्ने र सडकको दूरी छोट्याउन सुरुङ बनाउन लागिएको सडक विभागको भनाइ छ ।

बीपी राजमार्गअन्तर्गत सिन्धुलीको चियाबारी-खुर्कोट सुरुङको सम्भाव्यता अध्ययन र नारायणगढ-बुटवल सडक खण्डअन्तर्गत दुम्कीबास-बर्दघाट सुरुङमार्गको विस्तृत सम्भाव्यता अध्ययन सकिएको छ । अहिले यस खण्डमा दैनिक सवारी चाप रहेकाले छिटो निर्माणमा जानुपर्ने माग पालिकाहरूको माग छ । तर कार्यान्वयन अझै हुन सकेको छैन । चियाबारी-खुर्कोट खण्डमा धेरै घुम्ती र सडकको दूरी लामो भएकाले सुरुङ बनाउनुपर्ने स्थानीय जनप्रतिनिधिको माग छ । कमलामाई नगरपालिका-२ को चियाबारीमाथि फेदीबाट सुरु भई गोलन्जोर गाउँपालिका-७ को तल्लो बारामा सुरुङ निस्कनेछ ।

चियाबारी-खुर्कोट सुरुङमार्ग निर्माण भए रामेछाप, दोलखा, ओखलढुंगा, खोटाङ, सोलुखुम्बुसँग तराईको दूरीसमेत छोटिनेछ । केन्द्रले यो सुरुङको आर्थिक वर्ष २०७६/७७ मा सम्भाव्यता अध्ययन गरेको थियो । आर्थिक वर्ष २०७४/७५ को अध्ययनअनुसार दूरी ४.९० किमि रहने उल्लेख छ । दूरी र लागत भने डीपीआर बनेपछि यकिन हुनेछ । सम्भाव्यता अध्ययनअनुसार खुर्कोट-चियाबारी सुरुङमार्ग निर्माण गर्न १६ अर्ब ८ करोड लाग्नेछ । चियाबारी-खुर्कोट सडक सुरुङमार्ग बनाउन सके बीपी राजमार्गको नागबेली सडकको दूरी एकतिहाइभन्दा कममा छोटिनेछ ।

चियाबारी-खुर्कोट सडकको दूरी अहिले २९.८ किमि रहेकामा सुरुङमार्ग निर्माण भए ८.५ किमिमा झर्ने बताइएको छ । अहिले उक्त दूरी पार गर्न एकदेखि डेढ घण्टा लाग्छ । सुरुङ निर्माण गर्न सके ६ मिनेटमा उक्त दूरी छिचोलिनेछ । यो सडक खण्ड भएर दिनहुँ १ हजार ५ सयदेखि २ हजार सवारीसाधन ओहोरदोहोर गर्छन् । चाडबाडका बेला भने ७ देखि १० हजारसम्म सवारीसाधन पुग्छन् । यो सुरुङमार्गको सम्भाव्यता अध्ययनको काम भने हुनै बाँकी छ । आगामी वर्षको बजेटमा यसलाई सम्भाव्यता अध्ययन गर्ने सूचीमा राखिएको छ । नारायणगढ-बुटवल सडक खण्डमा पर्ने दुम्कीबास-बर्दघाटको सुरुङमार्गको विस्तृत सम्भाव्यता अध्ययन पनि सकिइसकेको छ । २०८० सालमा गरिएको अध्ययनअनुसार यसको कुल दूरी ५.३ किमि छ । प्रारम्भिक अध्ययनअनुसार यसको निर्माण लागत ३८ अर्ब ६९ करोड रुपैयाँ छ । यो सुरुङमार्गको विस्तृत सम्भाव्यता अध्ययन भने सकिइसकेको छ ।

# सम्पत्ति छानबिन आयोगमा १० हजारले बुझाए विवरण, ३ हजार उजुरी

**दुई पूर्वप्रधानन्यायाधीश र सर्वोच्चका चार पूर्वन्यायाधीशले बुझाए विवरण, संविधान र कानुनअनुसार नमिल्ने तर्क गर्दै सम्पत्ति विवरण नबुझाउने पूर्वन्यायाधीश फोरमको घोषणा**

**दुर्गा दुलाल** (काठमाडौं)

सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारी नेतृत्वको सम्पत्ति छानबिन आयोगमा करिब १० हजार जनाले मात्र सम्पत्तिसम्बन्धी विवरण बुझाएका छन् । करिब ३ हजार जनाले भने विभिन्न व्यक्तिको सम्पत्ति छानबिन हुनुपर्ने भन्दै उजुरी दर्ता गराएका छन् ।


आयोगले २५ हजारभन्दा बढी बहालवाला तथा अवकाशप्राप्त कर्मचारी एवं राजनीतिक पदाधिकारीले सम्पत्ति विवरण पेस गर्ने अनुमान गरेको थियो । अपेक्षाअनुसार विवरण प्राप्त नभएपछि सुरुमा तोकिएको म्याद एक महिना थप गरिएको आयोगका अध्यक्ष भण्डारीले बताए । 'पछिल्ला दिनमा विवरण बुझाउने क्रम बढेको छ,' उनले भने ।

सरकारले भण्डारीको नेतृत्वमा पूर्वन्यायाधीश चण्डीराज ढकाल, पुरुषोत्तम पराजुली, पूर्वप्रहरी नायब महानिरीक्षक गणेश केसी र चार्टर्ड एकाउन्टेन्ट प्रकाश लम्साल रहेको आयोग गत २ वैशाखमा गठन गरेको थियो । आयोगलाई २०६२/६३ यता सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्च पदस्थ कर्मचारीको सम्पत्ति विवरण संकलन, प्रमाणीकरण र छानबिन गर्ने जिम्मेवारी दिइएको छ । आयोगले ३१ वैशाखमा सूचना जारी गर्दै जेठ मसान्तसम्म सम्पत्ति विवरण बुझाइसक्न भनेको थियो । अपेक्षा गरिएको संख्याको आधाभन्दा कमले विवरण बुझाएपछि असार मसान्तसम्म विवरण बुझाउने गरी म्याद थपिएको छ । आयोगको कार्यालयमा उपस्थित भएर, हुलाक र अनलाइनमार्फत विवरण बुझाउन सक्ने भनिएको छ ।

पूर्वन्यायाधीश फोरमले भने सम्पत्ति विवरण नबुझाउने सार्वजनिक घोषणा नै गरेको छ । फोरमले अन्य पूर्वन्यायाधीशहरूलाई पनि सम्पत्ति विवरण नबुझाउन आग्रह गरेको छ । तर दुई पूर्वप्रधानन्यायाधीशसहित केही पूर्वन्यायाधीशले सम्पत्ति विवरण बुझाएको आयोगका प्रवक्ता गणेश केसीले जानकारी दिए । आयोगका अनुसार हालसम्म सम्पत्ति विवरण बुझाउने पूर्वप्रधानन्यायाधीशमा गोपाल पराजुली र ओमप्रकाश मिश्र छन् । सर्वोच्च अदालतका पूर्वन्यायाधीश बलराम केसी, पुरुषोत्तम भण्डारी, डम्बरकुमार श्रेष्ठ र केदार चालिसेले पनि विवरण बुझाएका छन् । निवर्तमान प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले पनि फाराम लगेको आयोगले जनाएको छ ।

लोक सेवा आयोगका पूर्वअध्यक्ष उमेशकुमार मैनाली, पूर्वमन्त्रीहरू माधवप्रसाद पौडेल, सीपी मैनाली, रघुजी पन्त, भीम रावल तथा रामेश्वर खनालले पनि सम्पत्ति विवरण बुझाएको छानबिन आयोगले जनाएको छ । यस्तै, विशेष अदालतका पूर्वअध्यक्ष तथा २३ र २४ भदौका घटना जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्की, पूर्वमुख्यसचिव एवं बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगकी पूर्वअध्यक्ष लीलादेवी गड्तौलाले पनि सम्पत्ति विवरण बुझाएका छन् ।

निर्वाचन आयोग, राष्ट्रिय मानवअधिकार आयोग तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका केही पूर्वपदाधिकारीले पनि विवरण बुझाएको आयोगका प्रवक्ता केसीले जानकारी दिए । उनका अनुसार हुलाक, इमेल, स्वयं उपस्थित भएर वा प्रतिनिधिमार्फत सम्पत्ति विवरण बुझाउने क्रम चलिरहेको छ । 'पछिल्लो समय सम्पत्ति विवरण बुझाउनेको संख्या उत्साहजनक रूपमा बढेको छ । तोकिएको अवधिभित्र सबैको विवरण प्राप्त हुने विश्वास छ,' उनले भने । केसीले सम्पत्ति विवरण संकलनसँगै प्रारम्भिक अध्ययन पनि सुरु भइसकेको जानकारी दिए ।




सर्वोच्च अदालतका पूर्वन्यायाधीशको अध्यक्षतामा गठन गरिएकाले आयोग स्वयं अवैधानिक छ, अवैधानिक आयोगमा आफ्नो सम्पत्ति विवरण पेस गर्नु मेरा लागि शोभनीय हुँदैन

● **ईश्वरप्रसाद खतिवडा**
पूर्वन्यायाधीश, सर्वोच्च अदालत



कुनै न्यायाधीशमाथि आशंका भए न्याय परिषद्ले छानबिन गरी कारबाही गर्न सक्छ, ऐनअनुसार गठन भएको आयोगले संविधानबाट सुरक्षा गरिएको अधिकार खोस्न सक्दैन, न्यायपालिकाको स्वतन्त्र अस्तित्व छ

● **टोपबहादुर सिंह**
अध्यक्ष, पूर्वन्यायाधीश फोरम



पुरानो जाँचबुझ आयोग ऐनअनुसार आयोग गठन गर्दा केही क्षेत्र छुटेका छन्, सरकारले नयाँ संघीय कानुन बनाउनुपर्ने थियो, अध्यादेश वा विशेष कार्यादेशमार्फत आयोगलाई थप अधिकार दिन सकिन्छ

● **नारायण घिमिरे**
वरिष्ठ अधिवक्ता

### आयोगको वैधानिकतामाथि प्रश्न

सर्वोच्च अदालतका पूर्वन्यायाधीश ईश्वरप्रसाद खतिवडाले बुधबार ४० पृष्ठ लामो लिखित धारणा सार्वजनिक गर्दै छानबिन आयोगको वैधानिकता माथि नै प्रश्न उठाए । छानबिन आयोगमा विवरण नबुझाउने घोषणा गर्दै उनले आफ्नो सम्पत्ति विवरण सार्वजनिक सञ्चारमाध्यममार्फत सार्वजनिक गरे । 'सरकारबाट गठित सम्पत्ति छानबिन आयोग, २०८३ समक्ष आफ्नो सम्पत्ति विवरण पेस गर्ने वा बुझाउने कुरालाई मैले उचित, आवश्यक र कानुनसम्मत ठानेको छैन,' उनले भनेका छन्, 'संविधानको धारा १३२(२) मा रहेको प्रावधानविपरीत सर्वोच्च अदालतका पूर्वन्यायाधीश भण्डारीको अध्यक्षतामा आयोग गठन गरिएको छ ।'

सरकारद्वारा गठित आयोगमा सम्पत्ति विवरण पेस नगर्नुका संवैधानिक तथा कानुनी आधारहरू पनि उनले प्रस्तुत गरेका छन् । सर्वोच्च अदालतका पूर्वन्यायाधीशको अध्यक्षतामा गठन गरिएकाले आयोग स्वयं अवैधानिक बनेको उनको तर्क छ । 'अवैधानिक रूपमा गठित आयोगमा आफ्नो सम्पत्ति विवरण पेस गर्नु मेरा लागि शोभनीय हुँदैन,' उनले भनेका छन्, 'आयोग, समिति वा कार्यदल नामकरण गर्दैमा सरकारी निकायको कानुनी हैसियत परिवर्तन हुँदैन । मेरो दृष्टिमा सम्पत्ति छानबिन आयोग सरकारी कार्यालय नै हो र यसका पदाधिकारीहरू सरकारी पदमा रहेका व्यक्तिहरू नै हुन् ।

सम्पत्ति छानबिन आयोगविरुद्ध सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको बेला सर्वोच्च अदालतमा निर्विवाद छवि बनाएर भर्खर मात्र अवकाश पाएका खतिवडाको कदमले नयाँ तरंग सिर्जना गरेको छ ।

१७ जेठमा पूर्वन्यायाधीश फोरमले विज्ञप्ति जारी गर्दै काठमाडौंमा सम्पन्न भेलाले आयोगलाई विवरण नबुझाउने निर्णय गरेको जनाएको थियो । 'कानुनबमोजिम सेवा निवृत्त भएका पूर्वन्यायाधीशहरूलाई संविधानले प्रदान गरेको पदमुक्तपछिको संरक्षण, उन्मुक्ति तथा स्वतन्त्र न्यायपालिकाको अवधारणाविपरीत हुने गरी सम्पत्ति छानबिन आयोगले सम्पत्ति विवरण बुझाउन सूचना जारी गरेको देखिन्छ,' विज्ञप्तिमा उल्लेख छ ।

पूर्वन्यायाधीश फोरमका अध्यक्ष टोपबहादुर सिंहले संविधानले जाँचबुझ आयोग ऐनअनुसार गठन भएको आयोगमा न्यायाधीशले सम्पत्ति विवरण बुझाउन नपर्ने व्यवस्था गरेको दाबी गरे । पूर्वन्यायाधीश खतिवडाले पनि आफूले न्याय परिषद्मा सम्पत्ति विवरण बुझाइसकेको जनाउँदै हरेक सरकार परिवर्तनसँगै गठन हुन सक्ने यस्ता आयोगमा पुनः विवरण बुझाउन नमिल्ने तर्क गरेका छन् ।

संविधानको धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भई पदमुक्त भएका वा संविधानको धारा १४२(१)(ग) तथा धारा १४९(६)(ग) बमोजिम खराब आचरणका आधारमा न्याय परिषद्को सिफारिसमा पदमुक्त भएका न्यायाधीशबाहेकले सम्पत्ति विवरण बुझाउन नपर्ने उनको दाबी छ ।

संविधानको धारा १५३ को उपधारा (५) र (६) ले सर्वोच्च अदालतका प्रधानन्यायाधीशदेखि जिल्ला न्यायाधीशसम्मको छानबिन गर्ने अधिकार न्याय परिषद्लाई दिएको जनाउँदै उनले अन्य आयोग वा कानुनमार्फत त्यस्तो छानबिन गर्न नमिल्ने जिकिर गरेका छन् ।

धारा १५३ को उपधारा (५) मा 'कुनै न्यायाधीशका विषयमा परेको उजुरीको सम्बन्धमा प्रारम्भिक छानबिन गराउँदा विशेषज्ञबाट विस्तृत छानबिन गर्नुपर्ने देखिए न्याय परिषद्ले जाँचबुझ समिति गठन गर्न सक्नेछ' भन्ने व्यवस्था छ । उपधारा (६) मा 'महाभियोगको कारबाहीबाट पदमुक्त हुन सक्ने न्यायाधीशबाहेक अन्य न्यायाधीशले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेकामा न्याय परिषद्ले अनुसन्धान गरी कानुनबमोजिम मुद्दा चलाउन सक्नेछ' भनिएको छ ।

न्यायाधीशको सम्पत्ति विवरण गोप्य राखिने व्यवस्था न्याय परिषद् ऐन, २०७३ को दफा २९ मा छ । त्यसमा 'न्याय परिषद्का सदस्य र न्यायाधीशले आफ्नो तथा परिवारका नाममा रहेको सम्पत्तिको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र तोकिएबमोजिमको ढाँचामा न्याय परिषद्समक्ष पेस गर्नुपर्नेछ' भनिएको छ । अवकाशप्राप्त न्यायाधीशको हकमा पनि यिनै व्यवस्था आकर्षित हुने भएकाले सरकारले गठन गरेको आयोगमा सम्पत्ति विवरण बुझाउन नमिल्ने पूर्वन्यायाधीश फोरमका अध्यक्ष सिंहको तर्क छ ।

कुनै कैफियत भए बहालमै रहेका बेला कारबाही हुने र अवकाशपछि अन्य कानुनलाई आधार बनाएर सम्पत्ति विवरण माग्न नमिल्ने उनले बताए । आयोगबाट फारम लिएका निवर्तमान प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले भने संविधान र कानुन अध्ययन गरेर विवरण बुझाउने वा नबुझाउने विषयमा निर्णय लिने बताए ।

फोरमका अध्यक्ष सिंह भने पूर्वप्रधानन्यायाधीश वा पूर्वन्यायाधीश कसैले पनि आयोगलाई सम्पत्ति विवरण नबुझाउने बताए । 'हामीलाई सम्पत्तिको हकमा संविधानको संरक्षण प्राप्त छ । सम्पत्तिसम्बन्धी विषय हाम्रो मौलिक हकसँग जोडिएको छ,' सिंहले भने, 'सम्पत्ति विवरण मन लागेका बेला जसले जहाँ माग्यो, त्यसलाई दिँदै हिँड्न मिल्दैन । यही कारण हामीले सम्पत्ति विवरण नबुझाउने निर्णय गरेका हौं ।'

उनले कुनै न्यायाधीशले घूस लिएको वा अकुत सम्पत्ति आर्जन गरेको आशंका भए न्याय परिषद्ले छानबिन गरी कारबाही गर्न सक्ने बताए । 'ऐनअनुसार गठन भएको आयोगले संविधानबाट सुरक्षा गरिएको अधिकार खोस्न सक्दैन,' सिंहले भने, 'न्यायपालिकाको पनि स्वतन्त्र अस्तित्व छ नि ।'

आयोगका प्रवक्ता केसी भने सम्पत्ति विवरण नबुझाउनेहरूको हकमा आयोग आफैंले पनि कारबाही गर्ने वा राज्यको संयन्त्रमार्फत पनि कारबाही हुने दाबी गर्छन् । पूर्वन्यायाधीशहरूले सम्पत्ति विवरण नबुझाउने भनी गरेको घोषणा औपचारिक रूपमा जानकारी नभएको पनि बताए । 'यस विषयमा हाम्रो कुनै टिप्पणी छैन,' उनले भने, 'सबैले विवरण बुझाउनुहुन्छ भन्ने विश्वासमा आयोग छ ।'

### न्यायाधीश र कर्मचारीले बर्सेनि बुझाउँछन् सम्पत्ति विवरण

बहालवाला न्यायाधीशले न्याय परिषद्मा तथा सरकारी सेवामा रहेका कर्मचारीले सम्बन्धित कार्यालयमा सम्पत्ति विवरण पेस गर्नुपर्ने कानुनी व्यवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५०(१) मा राष्ट्रसेवकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो तथा परिवारका नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण आफू कार्यरत निकाय वा त्यहाँका अधिकारीलाई बुझाउनुपर्ने उल्लेख छ । न्यायाधीशको हकमा भने यस्तो विवरण गोप्य राखिने व्यवस्था न्याय परिषद् ऐनमा छ ।

ऐनको दफा ५०(२) मा तोकिएको म्यादभित्र सम्पत्ति विवरण पेस गर्न नसक्ने व्यक्तिले कारणसहित म्याद थपका लागि अनुरोध गरे सम्बन्धित निकाय वा अधिकारीले बढीमा ३० दिनसम्मको समय थप गर्न सक्ने व्यवस्था छ । 'म्यादभित्र सम्पत्ति विवरण पेस नगर्नेलाई १० हजार रुपैयाँ जरिवाना हुनेछ । निजको परिवारका नाममा गैरकानुनी सम्पत्ति रहेको अनुमान गरी अनुसन्धान गर्न सकिनेछ,' ऐनमा उल्लेख छ । यही व्यवस्थाअनुसार बर्सेनि बुझाइएको सम्पत्ति विवरणका आधारमा छानबिन नगरी पुनः आयोग गठन गरेर पुस्ट्याइँ माग्नु झन्झटपूर्ण भएको गुनासोसमेत अवकाशप्राप्त कर्मचारीले गरेका छन् ।

२४ फागुन २०५८ मा पनि शेरबहादुर देउवा नेतृत्वको सरकारले सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश भैरवप्रसाद लम्सालको अध्यक्षतामा 'सम्पत्ति न्यायिक जाँचबुझ आयोग' गठन गरेको थियो । सार्वजनिक पदमा बसेका पदाधिकारीले अकुत सम्पत्ति आर्जन गरेको आरोप लागेपछि छानबिनका लागि आयोग गठन गरिएको थियो । आयोगले ४ चैत २०५९ मा तत्कालीन राजा ज्ञानेन्द्र शाहलाई प्रतिवेदन बुझाएको थियो । तर प्रतिवेदन सार्वजनिक गरिएन ।

### पुराना खाता खोज्दै पूर्वकर्मचारी

सिंहदरबारस्थित प्रशासकीय अदालतमा पूर्वअध्यक्ष डिल्लीराज घिमिरे एक वर्षपछि पुगे । कानुन सचिवबाट अवकाश पाएपछि २०७७ मा उनी प्रशासकीय अदालतको अध्यक्ष भएका थिए । २०८२ मा अवकाश पाएका उनी सम्पत्ति छानबिन आयोगमा विवरण बुझाउनुपर्ने भएपछि पुराना हिसाब-किताब खोज्न उनी अदालत पुगेका हुन् ।

घिमिरेले लेखा शाखामा आफू अध्यक्ष हुँदा पाएको तलब, भत्ता तथा अन्य आर्थिक विवरण उपलब्ध गराइदिन आग्रह गरे । 'विगतमा यस्ता विवरण व्यवस्थित रूपमा राखिएनन् । अहिले विवरण बुझाउनुपर्ने सूचना आएको छ । त्यसैले पुराना कागजात खोज्दै छु,' उनले कान्तिपुरलाई भने ।

सिंहदरबारस्थित कर्मचारी सञ्चय कोषमा एक पूर्वप्रमुख जिल्ला अधिकारी (सीडीओ) पनि भेटिए । हुम्ला र जुम्लाजस्ता विकट जिल्लामा समेत सेवा गरेर सात वर्षअघि अवकाश पाएका उनी पनि आफ्नो पुरानो खाता खोज्न त्यहाँ पुगेका थिए । 'सीडीओ हुँदा सरकारले चामल भत्ता दिन्थ्यो । त्यसको हिसाब राखिएन । दुर्गम भत्ता नगदै पाइन्थ्यो, त्यसको पनि अभिलेख छैन,' उनले भने, 'अब विवरण बुझाउनुपर्ने भएको छ । बैंक रेकर्डसमेत नभएपछि टिपोटलाई आयोगले प्रमाण मान्ला त ?' प्रशासकीय अदालतमा पूर्वअध्यक्ष र पूर्वसीडीओजस्तै अहिले धेरै पूर्वकर्मचारी आफ्नो पुरानो सम्पत्ति तथा आम्दानीको विवरण खोज्न बैंक, कर्मचारी सञ्चय कोष र पुराना कार्यालय धाइरहेका छन् ।

### सेना, बहालवाला न्यायाधीश, मन्त्री र सांसद छानबिनको दायराबाहिर

सम्पत्ति छानबिन आयोगको क्षेत्राधिकारमा वर्तमान सरकारका मन्त्री, सांसद (पहिलो पटक निर्वाचित) तथा नेपाली सेनालगायत केही निकायलाई राखिएको छैन । वरिष्ठ अधिवक्ता नारायण घिमिरेले २०२६ को जाँचबुझ आयोग ऐनअनुसार आयोग गठन गरिएकाले धेरै व्यक्ति तथा निकाय छानबिनको दायराबाहिर परेको बताए । 'यो पुरानो ऐनका आधारमा गठनमा भएको आयोग हो,' उनले भने, 'सबैलाई समेट्न सरकारले नयाँ संघीय कानुन बनाउनुपर्ने थियो । जाँचबुझ आयोग ऐनअनुसार हतारमा आयोग गठन गर्दा केही क्षेत्र छुटेका छन् ।'

वरिष्ठ अधिवक्ता घिमिरे अध्यादेश वा विशेष कार्यादेश (टीओआर) मार्फत आयोगलाई थप अधिकार दिन सकिने बताउँछन् । 'संविधान र कानुनले नरोक्ने हदसम्म सबैको छानबिन गर्न सक्ने अधिकार अहिले पनि दिन सकिन्छ,' उनले भने, 'नत्र विगतका आयोगका प्रतिवेदनझैं यो प्रतिवेदन पनि कार्यान्वयन नहुने जोखिम रहन्छ ।'

आयोगका सदस्य तथा प्रवक्ता केसीले भने आयोगलाई दिइएको कार्यादेशभित्र रहेर काम गर्ने बताए । 'अदालत, सेना र संवैधानिक आयोगका पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्ने अधिकार आयोगलाई छैन,' उनले भने, 'राष्ट्रपति, उपराष्ट्रपति, पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति तथा पूर्वराजाको सम्पत्ति छानबिन गर्ने अधिकार पनि आयोगलाई छैन ।'

३१ वैशाखमा राजपत्रमा प्रकाशित 'सम्पत्ति छानबिन आयोग, २०८३ गठन तथा कार्यसम्पादनका सर्त' मा बहालवाला न्यायाधीश, नेपाली सेना वा आयोगको कार्यक्षेत्रमा नपरेका अन्य पदाधिकारी वा कर्मचारीका सम्बन्धमा उजुरी प्राप्त भएमा अनुसन्धानका लागि सम्बन्धित निकायमा लेखी पठाउने' भनिएको छ ।

# 'कोत पर्वमा' कति व्यक्ति मारिएका थिए ?

**समर्पण श्री** (काठमाडौं)

नेपाली इतिहासकै रक्तपातपूर्ण र रहस्यमयी घटनाका रूपमा हेरिने 'कोत पर्व' मा वास्तवमा कति मानिस मारिएका थिए ? जनश्रुतिमा हजारौं मारिएको चर्चा हुन्छ । इतिहासकारहरू भने यसलाई स्वीकार्दैनन् ।

राणा प्रधानमन्त्री जंगबहादुर राणाको २०९औं जन्मजयन्तीका अवसरमा आइतबार काठमाडौंमा आयोजित विशेष प्रवचन कार्यक्रममा यो ऐतिहासिक विषयले विशेष चर्चा पायो । श्री ३ जंग संस्था, नेपाल तथा समारोह समितिको आयोजनामा त्रिभुवन आर्मी अफिसर्स क्लबको सभामण्डपमा आयोजित 'नेपाली राष्ट्रियता र श्री ३ महाराज जंगबहादुर राणा' विषयक कार्यक्रममा विशिष्ट इतिहासकार, बुद्धिजीवी तथा सञ्चारकर्मीहरूले जंगबहादुरको ऐतिहासिक योगदान, भ्रम र कूटनीतिक चातुर्यबारे नयाँ तथ्यहरू अघि सारे ।

कार्यक्रमका वक्ता इतिहासकार प्रा.डा. रमेशकुमार ढुंगेलले ऐतिहासिक दस्तावेजहरूलाई उद्धृत गर्दै कोत पर्वमा हजारौं मारिएको कुरा भ्रमपूर्ण रहेको दाबी गरे । 'ऐतिहासिक दस्तावेजहरू र प्रमाणका आधारमा हेर्ने हो भने त्यहाँ जम्मा २१ देखि ४० जना मात्र मारिएका हुन्,' उनले भने । ढुंगेलले जंगबहादुरलाई अंग्रेजको दास भन्नु गलत रहेको तर्क गर्दै अंग्रेजलाई सहयोग गर्ने बहानामा नेपालको आर्थिक क्षतिपूर्ति र 'नयाँ मुलुक' फिर्ताको कडा सर्त राखेको ऐतिहासिक तथ्यसमेत प्रस्तुत गरे ।

यस्तै, पत्रकार देवप्रकाश त्रिपाठीले कोत र भण्डारखाल पर्वमा भएको




हिंसालाई सत्ता प्राप्तिको तत्कालीन परिवेश र बाध्यतासँग जोडेर हेर्नुपर्ने धारणा राखे । जंगबहादुरलाई इतिहासमा खलनायकका रूपमा मात्र चित्रित गरिनु अन्यायपूर्ण हुने उनले बताए । त्रिपाठीले भने, 'इतिहासले के बिर्सिनु हुँदैन भने राष्ट्रिय हित र सार्वभौमसत्ताका मामिलामा जंगबहादुरले कहिल्यै कुनै पनि विदेशी शक्तिसँग सम्झौता गरेनन् ।'

कार्यक्रमकी प्रमुख अतिथि पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले इतिहासलाई प्रशंसा वा आलोचनाका रूपमा मात्र नहेरी तत्कालीन परिस्थिति र प्राप्त उपलब्धिहरूका आधारमा वस्तुगत र सन्तुलित दृष्टिकोणबाट मूल्यांकन गरिनुपर्ने बताइन् । राणा प्रधानमन्त्री जंगबहादुरले वि.सं. १९१० को मुलुकी ऐन जारी गरी राज्य सञ्चालनलाई निश्चित नियम र प्रक्रियामा बाँध्ने प्रयास गरेको उनले स्मरण गरिन् ।

प्राध्यापक डा. रामप्रसाद उपाध्यायले जंगबहादुरको युरोप यात्रा र कूटनीतिक चातुर्यका रोचक प्रसंगहरू सुनाए । सन् १८५० को बेलायत भ्रमणका क्रममा उनले एसियामै पहिलो पटक आफूलाई 'प्राइम मिनिस्टर' (प्रधानमन्त्री) का रूपमा चिनाएका थिए, जुन पदको अवधारणा त्यसबेला एसियामा अन्यत्र कतै थिएन । उपाध्यायका अनुसार बेलायतपछि जंगबहादुरले फ्रान्सको पनि भ्रमण गरेका थिए, जहाँ उनलाई नेपोलियन तृतीयले भव्य स्वागत गरेका थिए । उनले दुवै देशको सेनाको परेड हेरेर बेलायती सेना फ्रान्सेलीभन्दा बढी शक्तिशाली र व्यवस्थित भएको निष्कर्ष निकाल्दै राष्ट्रको वास्तविक शक्ति सेना नै हो भन्ने बुझेका थिए ।

नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वउपकुलपति डा. जगमान गुरुङले जंगबहादुरलाई धर्म र संस्कृतिको संरक्षकका रूपमा चित्रण गरे । कोत पर्व र भण्डारखाल पर्व जस्ता रक्तपातपूर्ण घटनाको पाप पखाल्न जंगबहादुरले बागमती किनारको कालमोचन घाटमा सत्यनारायणको मन्दिर निर्माणसमेत गराएको गुरुङले उल्लेख गरे ।

# १३ वर्षदेखि पत्रिका बेचेर...

उनी इसारा गरेर, कपीमा लेखेर अनि मोबाइलमा टाइप गरेर ग्राहकसँग संवाद गर्छन् । 'सुरुमा धेरैलाई मसँग बोल्न गाह्रो भए पनि अहिले संकेत र इसारामै बोल्नुहुन्छ,' उनले भने ।

परिवारसँग लेखनाथ-२६ जलधारा बस्दै आएका उनी हरेक बिहान ४ बजे उठ्छन् । ६ बजेभन्दाअघि नै कामका लागि घरबाट निस्किन्छन् । कहिले दाइसँग त कहिले सार्वजनिक यातायातमा पोखरासम्म आउँछन् । नयाँबजारमा रहेको 'समाधान राष्ट्रिय दैनिक' पुग्छन् र त्यहाँबाट पत्रिका हातमा र झोलामा लिएर गन्तव्यतर्फ लाग्छन् । बिहानको खाना र दिउँसोको खाजा होटलमै खान्छन् । समाधान पत्रिकाले पनि अरूलाई भन्दा कृष्णलाई बढी छुट दिने गरेको छ ।

महिनामा १० देखि १२ हजारसम्म कमाइ हुने उनले सुनाए । आम्दानीको केही रकम उनी बचत गर्छन् । 'पहिला पोखरामा हुँदा पत्रिका किन्नेहरू कतिपय विदेश गइसक्नुभएको छ, नेपाल आउँदा सम्झेर मसँग फोटो खिच्नुहुन्छ,' उनले खुसी साटे, 'सबैले यसरी सम्झँदा मैले गरेको काम राम्रो भएछ भन्ने लाग्छ ।' पत्रिका बेचिसकेपछि माइक्रो चढेर घर फर्कन्छन् । घर पुग्दा बेलुकाको ६ बजिसकेको हुन्छ । दिउँसोका सबै कुरा संकेतमार्फत परिवारलाई सुनाउँछन् ।

केही वर्ष अगाडिसम्म उनी पत्रिका बेचिसकेपछि बिहान १० बजेबाट 'बौद्धिक अपांगता अभिभावक संघ' मा गएर अध्ययन गर्थे । पत्रिका बेचेको कमाइले पढ्न आवश्यक सामग्री र पढाइ खर्चसमेत व्यहोरे । अहिले भने उनी आफ्नो समय पत्रिका बेच्नलाई मात्र दिन्छन् ।

सार्वजनिक यातायात चढ्ने क्रममा केही दिनअगाडि उनीमाथि दुर्व्यवहार भयो । उनले सांकेतिक भाषामार्फत फेसबुकमा भिडियो राख्दै आफूले भोगेको कुरा राखे । त्यसपछि प्रहरीले चालकलाई नियन्त्रणमा लिएर कारबाही गऱ्यो । 'प्रायः सबै माइक्रोले रोक्ने र म पुग्ने गन्तव्यसम्म छोड्ने गर्थे । केही दिनअगाडि एक माइक्रोले अपांग देखेकै कारण रोकेन,' उनले भने, 'सामाजिक सञ्जालमा राखेपछि सबैले मेरा लागि आवाज उठाउनुभयो, साथ दिनुभयो ।'

आफूले मात्र नभएर कुनै पनि अपांगता भएका व्यक्तिलाई सार्वजनिक यातायात वा सार्वजनिक स्थानमा कुनै किसिमको नराम्रो व्यवहार नहोस् भन्ने चाहन्छन् उनी । आमा र परिवारका अन्य सदस्यको सहयोगले गर्दा काम गरेर खान सक्ने भएकामा उनलाई गर्व लाग्छ । दाइका छोराछोरीको निकै माया लाग्ने उनले सुनाए ।

पोखरा सिर्जनाचोक घर भएका 'त्रिशक्ति पार्टी प्यालेस' का सञ्चालक ३० वर्षीय सञ्जीव बराल ९/१० वर्षदेखि कृष्णका ग्राहक हुन् । 'सक्ने मान्छेले जे काम गरेर पनि खान सक्छन्,' उनले भने, 'कृष्णले मिहिनेत गरेको देख्दा खुसी लाग्छ ।' कृष्णलाई पर्दा हरेक तरिकाले उनले सहयोग गर्दै आएका छन् । 'लामो समय भयो संगत गरेको, त्यसैले कृष्णले हरेक कुरा भन्छन् । अहिले हामी मिल्ने साथी हौं,' उनले भने, 'फेसबुकमा उनका भिडियो बनाएर राख्दिने काम मैले नै गरेको छु ।'

सुरुवाती दिनमा कृष्णसँग बोल्न गाह्रो भए पनि अहिले भने सांकेतिक भाषामार्फत बोल्ने गरेको सञ्जीवले सुनाए । 'प्रायः संकेतबाटै कुरा हुन्छ, तर कतिपय मोबाइलमा टाइप गरेर, कपीमा लेखेर कुरा गर्छौं,' उनले भने ।

कृष्णकी भाउजू लक्ष्मी थापा उनको मिहिनेत देखेर छिमेकमा समेत प्रशंसा हुने गरेको सुनाउँछिन् । 'बाबु पहिल्लैदेखि मिहिनेती हुनुहुन्थ्यो, घरमा आफ्नो काम आफैं गर्नुहुन्छ,' उनले भनिन्, 'छिमेकी, आफन्तले सानैदेखि कृष्ण अरूजस्तो छैनन्, मिहिनेती छन् भन्नुहुन्थ्यो । घरमा कसैको जन्मदिन छ भने बेलुका आउँदा केक, कपडा आफैं लिएर आउनुहुन्छ ।'

बिहे भएर भित्रिएपछि लक्ष्मीलाई कृष्णले सांकेतिक भाषाको किताब दिएका थिए । त्यही अध्ययन गरेर आफूले सांकेतिक भाषा प्रस्ट बुझ्न सक्ने भएको उनले बताइन् । लक्ष्मी परिवारमा अरूले भन्दा राम्रोसँग सांकेतिक भाषा बुझ्छिन् । त्यसैले कृष्ण केही काम पर्नेबित्तिकै भाउजूलाई सुनाउँछन् । 'केही काम परेर, सन्चो नभएर पत्रिका बेच्न जानुभएन भने धेरैले आज कृष्ण किन आएनन्, सन्चो भएन कि भन्दै फोन गर्नुहुन्छ,' उनले भनिन् ।

पोखराका सडक र गल्लीमा पत्रिका बेच्दै हिँड्ने कृष्ण धेरैका लागि परिचित अनुहार बनिसकेका छन् । पत्रिका विक्रेताका रूपमा मात्र होइन, उनको परिचय कठिन परिस्थितिसँग हार नमान्ने संघर्षशील व्यक्तिका रूपमा पनि बनिसकेको छ । भविष्यमा किराना पसल र पशुपालन गर्ने सपना बोकेका कृष्ण भन्छन्, 'मेरा लागि हरेक बिहान नयाँ आशा बोकेर आउँछ, त्यसले मलाई काम गर्न ऊर्जा दिइरहन्छ ।'

**छात्रवृत्ती सहित भर्ना खुल्यो**
१. मेडिकल ल्याव टेक्निसियन – (३ वर्षे डिप्लोमा तह)
२. भेटेरिनरी जे.टि.ए. – (१८ महिने प्रि-डिप्लोमा तह)
३. कृषि जे.टि.ए. – (१८ महिने प्रि-डिप्लोमा तह)
Staff Nurse को बैकल्पिक सूचीमा रहेकाहरुले समेत सम्पर्क गर्नुहोस् ।
तालिम पछि रोजगारीको अवसर
कान्तिपुर कम्युनिटी हेल्थ सर्भिस
बालाजु -१६, गंगाहल नजिक, काठमाण्डौ
फोन: ०१-४५६०६०५, ९८४१३४०७४४

**VACANCY**
Bright Horizon Children's Home School
is looking for a
* Secondary Level C. Maths & Opt. Maths Teacher.
Applicants must have fluency in English, an ability to relate to students and a willingness to learn. S/he should hold a bachelor's degree or master degree preferred with minimum 2 years of experience in teaching and must have strong command over the subjects.
Interested and experienced candidates are requested to email or drop their latest CV along with an application and copies of credentials within 3rd July 2026.
E-mail: bhchnepal@gmail.com
Matatirtha, Chandragiri-8, Kathmandu
Tel: 01-4310036 , 9861154345

SOS CHILDREN'S VILLAGES
**बोलपत्र आहवान सम्बन्धी सूचना**
प्रथम पटक प्रकाशित मिति : २०८३/०३/०८
एसओएस बालग्राम नेपालद्वारा सञ्चालित समुदायमा आधारित परिवार सवलीकरण कार्यक्रम, का लागि विस्तृत सूचनामा उल्लेखित सामग्री आपूर्तिसम्बन्धी कार्य गर्न स्वीकृति प्राप्त इच्छुक विक्रेता/कम्पनी/सप्लायर्स/फर्महरूले सानोठिमी, भक्तपुर स्थित एसओएस बालग्राम नेपालको राष्ट्रिय कार्यालय वा परियोजनाको कार्यालय गणेशमान चारनाथ नगरपालिका, धनुषा वा लहान नगरपालिका, सिराहामा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात मिति २०८३/०३/२२ गते साँझ ५ बजे भित्र शिलबन्दी बोलपत्र (Sealed Quotation) पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । यस सम्वन्धी थप जानकारी संस्थाको आधिकारिक वेबसाइट https://www.sosnepal.org.np/notice मार्फत प्राप्त गर्न सकिनेछ ।




# विश्वकप जित्ने महत्त्वाकांक्षामा अमेरिका

## बास्केटबल र बेसबल बढी लोकप्रिय रहेको अमेरिकामा अहिले फुटबलको चर्चा बढ्दो छ





विश्वकप २०२६ को विस्तृत समाचारका लागि स्क्यान गर्नुहोस् ।

सियाटल (एएफपी)- आयोजक अमेरिका के विश्वकप जित्न सक्षम छ त ? यस विश्वकपका सुरुआती दुई खेल जितेर अमेरिकाले केही छाँटकाँट भने देखाएको छ। यी दुई खेलको समग्रमा स्कोर थियो, ६-१ । यत्तिको प्रदर्शनपछि अघिकै प्रश्न युएस टेलिभिजनमा फुटबल पण्डितका रूपमा प्रस्तुत भइरहेका ज्लाटन इब्राहिमोभिचलाई पनि सोधिएको थियो । उनको एकै शब्दको उत्तर थियो, 'सक्छ ।'

स्पेन, फ्रान्स र अर्जेन्टिना जस्ता पारम्परिक महाशक्तिको अगाडि अमेरिका अझै पनि 'अन्डरडग' नै रहेको छ। तर शुक्रबारको खेलमा अस्ट्रेलियालाई २-० ले हराएपछि अमेरिकाको महत्त्वाकांक्षा एकाएक बढेको छ। अमेरिकी खेलाडी सबै उत्साही देखिएका छन् । मिडफिल्डर मलिक टिलमन भन्छन्, 'हामीलाई एकपछि अर्को गरी सबै खेल जित्नु छ। हामी जित्नकै लागि त खेलिरहेका छौं ।'

उनले थपे, 'विश्वकप उपाधि जित्ने नै हो भने हामीले प्रतियोगिताका सबै खेल जित्नुपर्नेछ, यही हो सूत्र। अब यही हाम्रो लक्ष्य हुनेछ।' पाराग्वेविरुद्धको खेलमा मात्र अमेरिकाले केही चुनौतीको सामना गरेको थियो, तर त्यही खेलमा टोली ४-१ को जित निकाल्न सफल रह्यो। अमेरिकाले अबको खेलमा टर्कीको सामना गर्नेछ। त्यो वास्तवमै दुवै टिमका लागि 'डेड रबर' मात्र रहेको छ।

अमेरिकाका लागि नकआउट चरणको पहिलो खेल नै कठिन रहनेछ। किनभने सम्भवतः अन्तिम ३२ मा अमेरिकाको प्रतिद्वन्द्वी हुनसक्छ बेल्जियम वा स्पेन। पूरा विश्वकप इतिहासमै अमेरिकाले अहिलेसम्मै एकै नकआउट चरणको खेल जितेको छ। यो सन् २००२ मा सम्भव भएको थियो। त्यतिबेला अमेरिकाले मेक्सिकोलाई २-० ले हराएर अन्तिम १६ सम्म यात्रा तय गरेको थियो।

यो नै आधुनिक विश्वकपमा अमेरिकाको अहिलेसम्मको राम्रो प्रदर्शन थियो। घरेलु मैदानमा आयोजक देशले विश्वकप जित्ने सम्भावना भने बाक्लो रहेको छ। त्यसमध्ये सबैभन्दा पछिल्लो विश्वकप सन् १९९८ को रहेको छ। त्यति बेला फ्रान्सले प्रतियोगिता जितेको थियो। खासमा अहिलेसम्म ६ टिमले आफ्नो घरमा भएको विश्वकप जितेको छ अनि ती टिमसामु कम्तीमा तीनपल्ट घरमा फाइनल खेलेको इतिहास छ।

ती विजेतामध्ये अमेरिका नै त्यस्तो एक्लो देश रहेको छ, जहाँ फुटबलभन्दा बास्केटबल र बेसबल बढी लोकप्रिय छ। तर अहिले फुटबल अमेरिकामा तीव्र गतिमा लोकप्रिय भइरहेको छ। अमेरिकालाई ढिलोचाँडो सम्भावित विजेता मानिएको छ। यसको एउटै कारण अमेरिकामा मेजर लिग सकरको बढ्दो विस्तार पनि हो। यसैले एलेक्स फ्रिमन जस्ता अगाडि खेल्ने प्रतिभाशाली खेलाडी जन्माएको छ।

अहिले अमेरिकी टिमलाई स्वर्णिम पुस्ताका खेलाडी हुर्किरहेका छन् भन्दा त्यो सत्य साबित हुनसक्छ। किनभने तिनीहरूमध्ये क्रिस्टियन पुलिसिचले एसी मिलान, वेस्ट म्याकेन्जीले युभेन्ट्स र टिलमनले बायर लेभरकुजन जस्ता ठूलो क्लबबाट खेलिरहेका छन्। अमेरिकी फुटबलका लागि प्रशिक्षकमा माउरिसियो पोचेटिनो भित्र्याउनु पनि ठूलो निर्णय रहेको छ। उनले नै अमेरिकी टिमलाई पुनर्निर्माण गरिरहेका छन्।

क्रिस्टल प्यालेसका सेन्टर हाफ क्रिस रिचर्डसले भर्खरै मात्र टोटनहम, चेल्सी र पेरिस सेन्ट जर्मेन (पीएसजी) का पूर्व प्रशिक्षकको प्रशंसा गरेका छन्। उनी आफ्ना खेलाडीलाई उत्साही गर्न माहिर मानिन्छन्। रिचर्डस भन्छन्, 'पोचेटिनोले ठूला क्लब सम्हालिसकेका छन् अनि हामीसँग काम गर्दा निकै गम्भीर छन्। यसको असर अब देखिन थालेको छ। हामी सबै खेलाडी अहिले उनकै रणनीतिलाई सफलतापूर्वक मैदानमा लागू गर्न लागिपरेका छौं।'

पोचेटिनोले आफ्ना खेलाडीलाई एक पाइला मैदानमै राख्ने र खेलमै मात्र केन्द्रित हुन पनि भनेका छन्। तर उनको यस्तो भनाइ पनि रहेको छ, 'हामी मात्र किन च्याम्पियन हुन सक्दैनौं र ?'

त्यसैले रिचर्डस पनि मान्छन्, विश्वकप इतिहासमै अमेरिका उपाधि जितेर अहिलेसम्मकै सबैभन्दा ठूलो स्तब्धपूर्ण नतिजा निकाल्न सक्षम छ। उनी भन्छन्, 'पक्कै पनि अहिले हाम्रो ध्यान अबको खेलमा मात्र छ। तर त्यसको अर्थ के होइन भने हामी विश्वकप जित्न चाहँदैनौं।'



# विश्वकपको हजार खेलमा जापानको ऐतिहासिक प्रदर्शन



तस्बिर : एएफपी

मोन्टेरी (एपी)- जापान लगातार चौथोपल्ट विश्वकप फुटबलको नकआउट चरण पुग्ने संघारमा पुगेको छ। ट्युनिसियालाई सजिलै ४-० ले हराएपछि जापान यो उपलब्धिसामु पुगेको हो।


समूह 'एफ' को यो खेल किन विशेष रह्यो भने पुरुष विश्वकपको ठ्याक्कै एक हजार खेल थियो। यतिमात्र होइन, जापानले विश्वकप इतिहासमै पहिलो पटक एउटै खेलमा ४ गोल गर्न पनि सफल रह्यो। फेरि यो कुनै पनि एसियाली देशले विश्वकपमा पहिलो पटक चार गोल गरेको स्थिति रह्यो। जापानका लागि आयसे युएदा दुई गोल गर्न सफल भए। उनका लागि पछिल्लो सिजन उत्कृष्ट रहेको छ। यसक्रममा उनले फेयर्नुडका लागि २४ गोल गरेका थिए। लिगमा उनी नै सर्वाधिक गोलकर्ता रहेका थिए।

जापानका लागि लगातार दोस्रो विश्वकपमा प्रशिक्षक रहेका हाजिमे मोरियासुले टिमको अहिलेसम्मको प्रदर्शनमा खुसी व्यक्त गरेका छन्। उनी भन्छन्, 'टिमले जति धेरै गोल गर्न सक्यो, उति खेलाडीको आत्मविश्वास बढ्ने गर्छ।' उनले स्विडेनविरुद्धको खेलमा पनि सक्दो बढी गोल गर्ने उद्देश्य रहने दाबी गरेका छन्। सन् २०१९ यता जापान आफ्नो युरोपेली प्रतिद्वन्द्वीविरुद्ध ९० मिनेटको खेलमा हारेको छैन।

यो समूहमा नेदरल्यान्ड्स र जापान समान ४ अंकमा छ। नेदरल्यान्ड्स गोल अन्तरले अगाडि रहेको छ। जापानको तुलनामा डच टिमले एक गोल बढी गरेको छ। यिनै दुई टिमबीचको खेल बराबरीमा टुंगिएको थियो। नेदरल्यान्ड्सले भने अब लिग चरणको आफ्नो अन्तिम खेलमा ट्युनिसियाको सामना गर्नेछ। स्विडेनको पनि अन्तिम ३२ मा प्रवेशको सम्भावना जीवन्त छ। स्विडिस टोलीले पनि जापानविरुद्ध आफूअनुकूल नतिजा निकाल्नुपर्नेछ।

जापानविरुद्ध पनि ट्युनिसियाले आफ्नो खेलमा सुधार गर्न सकेन, त्यो पनि नयाँ प्रशिक्षकका रूपमा हार्भे रेनार्डको आगमनपछि। उनी दुईपल्ट अफ्रिकी कप अफ नेसन्सको उपाधि जितेका प्रशिक्षक हुन्। तर उनकै नेतृत्वमा ट्युनिसिया लगातार दोस्रो खेलमा पराजित भएपछि प्रतियोगिताबाट बाहिरिएको छ। ट्युनिसियाले स्विडेनसँगको एक खेललगत्तै आफ्ना प्रशिक्षक सब्री लामोचीलाई बर्खास्त गरेको थियो।

विश्वकप चलिरहेका बेला आफ्ना प्रशिक्षक बर्खास्त गर्ने ट्युनिसिया पहिलो टिम बनेको थियो। अहिलेका प्रशिक्षक रेनार्डले जापानसँगको खेल हारेपछि भने, 'हाम्रो अबको ध्यान नेदरल्यान्ड्सविरुद्धको खेलमै हुनुपर्छ। विश्वकप जत्तिको प्रतियोगितामा लगातार दुई खेल गुमाएपछि कुनै पनि टिमका लागि सजिलो स्थिति रहन्न। तर हामी व्यावसायिक फुटबलमा छौं, अन्त्यसम्म आफ्नो जिम्मेवारी पूरा गर्नेक्रममा हुनेछौं।'




### प्लेयर्स टु वाच

## इन्जो फर्नान्डेज (अर्जेन्टिना)

मुख्यतः सेन्ट्रल मिडफिल्ड भए पनि २५ वर्षे इन्जो फर्नान्डेज डिफेन्सिभ र आक्रामक मिडफिल्डको पनि भूमिका निभाउन सक्ने भएकाले विश्वको उत्कृष्ट खेलाडीको सूचीमा आफ्नो नाम लेखाउन सफल हुँदै आएका छन्। रिभर प्लेटको एकेडेमीबाट उत्पादन उनी पोर्चुगलको बेन्फिका क्लब हुँदै हाल इंग्ल्यान्डको चेल्सीबाट खेल्छन्। उनी लगातार दोस्रो विश्वकप खेल्दै छन्। सन् २०२२ को सेप्टेम्बरमा होन्डुरसबाट खेलेर उनले अर्जेन्टिनाको राष्ट्रिय टोलीबाट 'डेब्यु' गरेका थिए।
त्यसयता उनले ४३ खेलमा ६ गोल गरिसकेका छन्। अर्जेन्टिनाले ४ वर्षअघि पछिल्लो विश्वकप जित्दा उनी टोलीमा रहेका थिए। मेक्सिकोसँग समूह चरणको दोस्रो खेलको दोस्रो हाफमा मैदानमा प्रवेश गर्दै गोल गरेका थिए, जतिखेर उनी २१ वर्षका थिए र विश्वकपमा सबैभन्दा कम उमेरमा गोल गर्ने लियोनेल मेसीपछि अर्जेन्टिनाका दोस्रो कान्छा खेलाडी बनेका थिए। उनले फ्रान्ससँगको फाइनल पूरै खेल्दै उत्कृष्ट युवा खेलाडीको पुरस्कार पाएका थिए। अर्जेन्टिनाले २०२४ मा अमेरिकामा कोपा अमेरिका जित्दा पनि फर्नान्डेज त्यसको महत्त्वपूर्ण सदस्य थिए।



# अर्जेन्टिनाको नजर नकआउट चरणतिर



| | | | |
|---|---|---|---|
| नेदरल्यान्ड्स | ५-१ | स्विडेन |
| जर्मनी | २-१ | आइभोरी कोस्ट |
| इक्वेडर | ०-० | कुरासाओ |
| ट्युनिसिया | ०-४ | जापान |

**रोयटर्स** (डालास)

डिफेन्डिङ च्याम्पियन अर्जेन्टिनाले सोमबार विश्वकपको समूह 'जे' को खेलमा अस्ट्रियाको सामना गर्दा आफ्नो नजर नकआउट चरण प्रवेशमा रहनेछ। दुवै टोली प्रतियोगिताको आ-आफ्नो पहिलो खेलमा विजयी रहेको थियो।

कप्तान लियोनल मेसीप्रेरित अर्जेन्टिनाले अल्जेरियालाई ३-० ले हराएको थियो। अस्ट्रियाले भने जोर्डनमाथि ३-१ को विजय नतिजा निकालेको थियो। अबको जितको अर्थ अर्जेन्टिना अन्तिम ३२ मा पुग्ने संघारमा हुनेछ। समूहकै अर्को खेलमा जोर्डनले अल्जेरियालाई हराउन सकेन भने अर्जेन्टिना जितसँगै समूह विजेता पनि बन्नेछ। अस्ट्रियाको आफ्नै फरक महत्त्वाकांक्षा रहनेछ। प्रशिक्षक राल्फ राङ्गनिकको नेतृत्वमा प्रभावशाली सुरुआत लिएको अस्ट्रियाले अर्जेन्टिनालाई स्तब्ध पार्ने हो र अर्को खेलमा अल्जेरिया पनि जोर्डनलाई हराउन असफल रहन्छ भने अस्ट्रियाको समूह विजेता बन्ने अवसर बन्नेछ।

यो खेलमा पनि सबैको ध्यान ३९ वर्षीय मेसीमै केन्द्रित हुनेछ। उनले अल्जेरियाविरुद्ध सानदार ह्याट्रिक रचेका थिए। यही जितले अर्जेन्टिनाले उपाधि रक्षाको सम्भावना पनि बलियो बनाएको थियो। तर अस्ट्रियाका कप्तान डेविड अल्बा त्यो खेल हेरेपछि भन्छन्, अर्जेन्टिना असाध्यै बलियो छ। उनी भन्छन्, 'हामी सबैले त्यो खेल हेरेका थियौं। मेसीले उत्कृष्ट ह्याट्रिक गरेका थिए। उनी अद्वितीय खेलाडी हुन्। विश्वास गरौं, उनको यस्तै प्रदर्शन हामीविरुद्ध दोहोरिने छैन।'

डिफेन्डर अल्बा के मान्छन् भने मेसीबाहेक पनि अर्जेन्टिनी टिममा उत्कृष्ट खेलाडीको कमी छैन। उनी भन्छन्, 'अर्जेन्टिना कस्तो प्रतिद्वन्द्वी हो, सबैलाई थाहा छ। उनीहरू कति स्तरीय टिम हो, त्यो पनि सबैलाई थाहा छ। मेसीविना पनि अर्जेन्टिना बलियो रहेकामा कुनै शंका छैन।'

अस्ट्रियाको खेल रणनीति 'प्रेसिङ गेम' रहेको छ। यसले अर्जेन्टिनी रक्षापंक्तिलाई गाह्रो पार्न सक्ने उनीहरूको विश्वास छ। अर्जेन्टिनाका सहायक प्रशिक्षक पाब्लो आइमरले अस्ट्रियालाई के चेतावनी दिएका छन् भने उनीहरूले अब सामना गर्न लागेको टिम अल्जेरिया जस्तो होइन। यति भन्दाभन्दै उनी के मान्छन् भने राङ्गनिकको नेतृत्वमा अस्ट्रिया बलियो चुनौती पेस गर्न सक्षम छ। उनी भन्छन्, 'अस्ट्रिया जहिल्यै बलियो टिम हो। हामीले के देखेका छौं भने यसपल्टको विश्वकपमा सहभागी सबै टिमको स्तर उच्च छ।'

अल्जेरियाले आफ्नो पहिलो खेललाई लिएर फिफाको रेफ्री कमिसनमा उजुरी गरेको हुनाले पनि अबको खेल रोमाञ्चक हुनेछ। मेसीले ह्याट्रिक गर्नु अगाडि विपक्षी कप्तान आइसा मान्डीमाथि गरेको 'च्यालेन्ज' मा रेफ्रीको कारबाहीबाट बचेका थिए। अर्जेन्टिनाले अहिलेसम्म यो घटनालाई लिएर केही भनेको छैन। टोलीको उद्देश्य त्यसको स्थानमा अस्ट्रियाविरुद्धको खेलमै आफ्नो पूरा ध्यान केन्द्रित गर्नुहुनेछ।




कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रधानसम्पादक : गोकर्ण अवस्थी